# विशेषज्ञ एवं चिकित्सकबाट व्यक्त हुने राय, बकपत्र सम्बन्धी कानून तथा ढाँचा परिमार्जन सम्बन्धमा अध्ययन समितिको प्रतिवेदन

## २०६८

**महान्यायाधिवक्ताको कार्यालय**

**रामशाहपथ, काठमाडौं**

मिति : २०६८/०४/३२

**श्रीमान् महान्यायाधिवक्ताज्यू**
**महान्यायाधिवक्ताको कार्यालय**
**रामशाहपथ, काठमाडौं ।**

**विषय : प्रतिवेदन प्रस्तुत ।**

विभिन्न आपराधिक घटनाका सम्बन्धमा विशेषज्ञ एवं चिकित्सकबाट व्यक्त हुने राय र त्यसलाई प्रामाणिक रूपबाट पुष्टि एवं थप स्पष्ट पार्नका लागि गरिने वैज्ञानिक परीक्षण बकपत्र लगायतका विषयहरूमा प्रचलित कानूनमा रहेको कानूनी एवं ढाँचागत संरचनामा रहेका व्यवस्थाहरू, कार्य सम्पादनको क्रममा भोग्नु परेका समस्याहरू र ती विषयहरूमा आवश्यक पुनरावलोकन गरी सुधार एवं हेरफेर गर्नु पर्ने विषयका सम्बन्धमा सुझावसहितको प्रतिवेदन पेश गर्न महान्यायाधिवक्ता कार्यालयको मिति २०६८/०१/०९ मा भएको निर्णयानुसार गठित समितिले निर्धारित विषयमा अध्ययन गरी समस्याको पहिचान र सुझाव सहितको प्रतिवेदन तयार गरी पेश गरेको व्यहोरा सादर अनुरोध गर्दछौं ।

| | | |
|---|---|---|
| सहन्यायाधिवक्ता, कृष्णप्रसाद पौडेल<br>महान्यायाधिवक्ताको कार्यालय | - संयोजक | दस्तखत |
| प्रहरी नायब महानिरीक्षक, दिनकर शम्सेर ज.ब.रा.<br>प्रहरी प्रधान कार्यालय | - सदस्य | दस्तखत |
| डा. तुलसी कंडेल<br>त्रि.वि.वि. शिक्षण अस्पताल | - सदस्य | दस्तखत |
| विशेष वैज्ञानिक, जीवनप्रसाद रिजाल<br>राष्ट्रिय विधिविज्ञान प्रयोगशाला | - सदस्य | दस्तखत |
| उपन्यायाधिवक्ता, धर्मराज पौडेल<br>महान्यायाधिवक्ताको कार्यालय | - सदस्य | दस्तखत |
| उपसचिव, वासुदेव न्यौपाने<br>कानून तथा न्याय मन्त्रालय | - सदस्य | दस्तखत |
| उपसचिव, कोमलप्रसाद आचार्य<br>स्वास्थ्य मन्त्रालय | - सदस्य | दस्तखत |
| उपसचिव, प्रकाशचन्द्र अधिकारी<br>वन तथा भू-संरक्षण मन्त्रालय | - सदस्य | दस्तखत |
| शाखा अधिकृत, सोमकान्त भण्डारी<br>महान्यायाधिवक्ताको कार्यालय | - सदस्य सचिव | दस्तखत |

# विशेषज्ञ एवं चिकित्सकबाट व्यक्त हुने राय, बकपत्र सम्बन्धी कानून तथा ढाँचा परिमार्जन सम्बन्धमा अध्ययन समिति

सहन्यायाधिवक्ता, कृष्णप्रसाद पौडेल
महान्यायाधिवक्ताको कार्यालय - संयोजक दस्तखत

प्रहरी नायब महानिरीक्षक, दिनकर शम्सेर ज.ब.रा.
प्रहरी प्रधान कार्यालय - सदस्य दस्तखत

डा. तुलसी कंडेल
त्रि.वि.वि. शिक्षण अस्पताल - सदस्य दस्तखत

विशेष वैज्ञानिक, जीवनप्रसाद रिजाल
राष्ट्रिय विधिविज्ञान प्रयोगशाला - सदस्य दस्तखत

उपन्यायाधिवक्ता, धर्मराज पौडेल
महान्यायाधिवक्ताको कार्यालय - सदस्य दस्तखत

उपसचिव, वासुदेव न्यौपाने
कानून तथा न्याय मन्त्रालय - सदस्य दस्तखत

उपसचिव, कोमलप्रसाद आचार्य
स्वास्थ्य मन्त्रालय - सदस्य दस्तखत

उपसचिव, प्रकाशचन्द्र अधिकारी
वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य दस्तखत

शाखा अधिकृत, सोमकान्त भण्डारी
महान्यायाधिवक्ताको कार्यालय - सदस्य सचिव दस्तखत

# भूमिका

फौजदारी न्याय प्रशासनको मुख्य उद्देश्य कानूनले तोकेको प्रक्रिया पूरा गरी दोषीलाई दण्ड दिनु र पीडितलाई न्याय प्रदान गर्नु हो । कुनै पनि आपराधिक घटनाको सुक्ष्म र वैज्ञानिक रूपबाट अनुसन्धान गरी दोषीलाई कानूनको दायरामा ल्याई कानूनको शासन कायम राख्न र दण्डहीनताको अन्त्य गरी फौजदारी न्यायको उद्देश्य साकार पार्न सकिन्छ । व्यक्तिले जस्तोसुकै गम्भीर अपराध गरेको भए पनि प्रमाण, तथ्य र कानूनका आधारबाट मात्र त्यस्ता व्यक्ति उपर अभियोग लगाउन सकिने हुँदा अपराध गरेको हो भन्ने प्रारम्भिक तथ्य एवं प्रमाण अनुसन्धान तहकिकातबाट स्थापित हुनु पर्दछ । फौजदारी न्याय सञ्चालन गर्दा मानव अधिकारका आधारभूत मापदण्डलाई ध्यानमा राख्नु पर्ने भएकोले समाजको हित र अभियुक्तका अधिकारबीचको सन्तुलन कायम राख्नु नै प्रमुख हाँकको रूपमा रहेको हुन्छ । फौजदारी न्याय प्रशासनको क्षेत्रमा वि.सं. २०१८ साल बैशाख १ गतेदेखि अभियोजनात्मक प्रणालीमा रूपान्तरण भएको हाम्रो फौजदारी न्याय प्रणालीमा अझैसम्म पनि अन्वेषणात्मक प्रणालीका केही विशेषता विद्यमान छन् । अभियोजनात्मक प्रणाली नै हाम्रो फौजदारी न्याय सञ्चालनको आधार हो । गम्भीर प्रकृतिका फौजदारी मुद्दामा अनुसन्धान र अभियोजनको कार्य राज्यको कार्यकारिणी निकाय अन्तर्गतका प्रहरी र सरकारी वकीलले प्रयोग गर्ने र न्यायिक निकायले दुबै पक्षको प्रमाणको मूल्यांकन गरी निर्णय गर्ने गरिन्छ । विशेषज्ञबाट व्यक्त हुने रायलाई सरल, बोधगम्य र स्पष्ट बनाउन तथा अनुसन्धानमा प्रयोग हुने कतिपय ढाँचा अपर्याप्त रहेको, कतिपय लिखतका ढाँचा नै नहुँदा एकरूपता अपनाउन नसकिएको कारण विविधतायुक्त समस्या देखा परेकोले यस विषयमा गर्नुपर्ने सुधारसहितको सुझाव पेश गर्न सरोकारवाला निकायको प्रतिनिधित्व रहने गरी समिति गठन भई अध्ययन गरी समितिले प्रस्तुत प्रतिवेदन तयार गरेको छ ।

प्रतिवेदनले औल्याएका समस्याहरू अपराध अनुसन्धानको सिलसिलामा विशेषज्ञबाट व्यक्त हुने राय प्रतिवेदन र प्रमाण परीक्षणको क्रममा अदालतमा हुने बकपत्रसँग मात्र सीमित छैनन् । समग्र अनुसन्धान र अभियोजनमा प्रयोग हुने महत्वपूर्ण कानूनी व्यवस्थाको साथै अनुसूची फारामहरू समेत प्रतिवेदनको सुझावका अंश बनेका छन् । समाज जसरी गतिशील र विकास प्रक्रियामा अग्रसर हुन्छ । त्यसैगरी कानूनको गतिशीलता पनि समाजको आवश्यकता कै रूपमा रहेको हुन्छ । समाजको गतिलाई कानूनले बुझ्न सकेन भने अपराधबाट समाजलाई बचाउने राज्यको उद्देश्य हासिल गर्न कठिन हुन्छ । त्यसलाई प्रभावकारी कानूनको निर्माण, कार्यान्वयन र

व्याख्याबाट पूरा गर्न सकिन्छ । यस प्रतिवेदनले कानूनको संशोधन वा निर्माण गर्न, सरकारी मुद्दा सम्बन्धी नियमावलीमा रहेका केही अनुसूची फारामहरूमा विवरण थप गर्न र लिखतको ढाँचा नै नभएको विषयमा नयाँ ढाँचाको प्रस्ताव गरिएको छ । विशेषज्ञ (वैज्ञानिक) ले व्यक्त गर्ने रायको ढाँचामा एकरूपता ल्याउने उद्देश्यले नयाँ एवं वैज्ञानिक ढाँचाको प्रस्ताव गरिएको छ । यी सुझावहरूलाई फौजदारी न्यायसँग सम्बन्धित कार्यविधि कानूनमा संशोधन गरी प्रस्तावित ढाँचाहरूलाई हाम्रा ऐन नियमहरूमा प्रवेश गराउनु आवश्यक देखिन्छ ।

अन्त्यमा कानूनको शासन लोकतान्त्रिक राज्य व्यवस्थाको उच्चतम आदर्श तथा मूल्यमान्यता भएकोले त्यसलाई मूर्तरूप प्रदान गर्ने कार्यमा यो प्रतिवेदनले कुनै न कुनै रूपमा योगदान पुऱ्याएमा हाम्रो प्रयास सार्थक हुनेछ । गहन विषयमा अध्ययन गरी प्रतिवेदन प्रस्तुत गर्ने अवसर प्रदान गर्नु भएकोमा श्रीमान् महान्यायाधिवक्ता डा. युवराज संग्रौलाज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग गर्नुहुने समितिका सबै सदस्यहरूलाई धन्यवाद दिन चाहन्छु ।

कृष्णप्रसाद पौडेल

**सहन्यायाधिवक्ता (संयोजक)**

**महान्यायाधिवक्ताको कार्यालय, नेपाल ।**

**दिनाङ्क : २०६८ श्रावण ३२ गते बुधबार ।**

## विशेषज्ञ तथा चिकित्सकबाट व्यक्त हुने राय, बकपत्र सम्बन्धी कानून तथा ढाँचा परिमार्जन सम्बन्धमा अध्ययन गर्ने समितिको प्रतिवेदन


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| | भाग - १<br>प्रारम्भिक | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समितिको गठन | १ |
| १.३ | अध्ययनको उद्देश्य | २ |
| १.४ | समितिको कार्यादेश | ३ |
| १.५ | अध्ययन विधि | ३ |
| १.६ | अध्ययनको सीमा | ४ |
| | भाग - दुई<br>विद्यमान समस्या | |
| २.१ | कानूनी समस्या | ५ |
| २.१.१ | अनुसन्धान सम्बन्धी | ५ |
| २.१.२ | अभियोजन सम्बन्धी | ६ |
| २.१.३ | प्रमाणको संकलन र प्रस्तुति | ७ |
| २.१.४ | प्रमाणको परीक्षण | ७ |
| २.१.५ | विशेषज्ञको राय सम्बन्धी | ८ |
| २.२ | संरचनात्मक समस्या | ९ |
| २.२.१ | अनुसन्धान सम्बन्धी | ९ |
| २.२.२ | प्रमाणको संकलन र प्रस्तुति | ९ |
| २.२.३ | संस्थागत समस्या | १० |
| २.२.४ | अन्तरनिकाय समन्वय | ११ |
| २.३ | प्रमाण परीक्षण सम्बन्धी | ११ |
| २.३.१ | प्रमाणको पहिचान र संकलन | १२ |
| २.३.२ | प्रमाणको प्रस्तुति | १२ |
| २.३.३ | प्रमाणको वैज्ञानिक परीक्षण | १३ |
| २.४ | विशेषज्ञको राय र त्यसको प्रामाणिकता | १४ |
| २.४.१ | राय पूर्व परीक्षणका चरण | १४ |
| २.४.२ | राय प्रतिवेदनको ढाँचा | १५ |
| २.४.३ | रायको आधिकारिकता | १५ |
| २.४.४ | रायको प्रामाणिकता | १६ |
| २.४.५ | विशेषज्ञको राय र त्यसको न्यायिक परीक्षण | १६ |
| | भाग - तीन<br>मौजुदा कानूनी व्यवस्थाको सिंहावलोकन | |

३.१ मुलुकी ऐन १७
३.२ राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ २०
३.३ प्रमाण ऐन, २०३१ २१
३.४ वन ऐन, २०४९ २२
३.५ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ २२
३.६ यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ २४
३.७ सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ २६

भाग - चार

सुझाव तथा सिफारिसहरू

४.१ कानूनी व्यवस्थामा गर्नु पर्ने सुधार २७
४.२ संस्थागत र संरचनात्मक सुधार ३०
४.३ ढाँचागत सुधार ३१
४.४ जनशक्ति सम्बन्धी सुधार ३२
४.५ प्रमाण, राय र त्यसको परीक्षणसँग सम्बन्धित सुधार ३२
  ४.५.१ शव परीक्षण प्रतिवेदन सम्बन्धी ३२
  ४.५.२ घाउ जाँच केश फाराम सम्बन्धी ३४
  ४.५.३ शारीरिक जाँच प्रतिवेदन सम्बन्धी ३६
  ४.५.४ प्रयोगशालामा भौतिक सबूद परीक्षण र राय प्रतिवेदन सम्बन्धी ३७
  ४.५.५ विशेषज्ञको बकपत्र र रायको न्यायिक परीक्षण सम्बन्धी ४०
४.६ अन्तरनिकाय समन्वय सम्बन्धी सुधार ४१
४.७ निष्कर्ष ४३
अनुसूचीहरु
  १. शव परीक्षण प्रतिवेदन ४५
  २. घाउ जाँच केश फाराम ४९
  ३. यौनजन्य अपराध सम्बन्धी शारीरिक परीक्षण प्रतिवेदन ५२
  ४. उमेर जाँच सम्बन्धी प्रतिवेदन ५५
  ५. सनाखत मुचुल्का ५६
  ६. बरामदी/खानतलासी मुचुल्का ५७
  ७. दसी सनाखत मुचुल्का ५८
  ८. वैज्ञानिक परीक्षण प्रतिवेदन ५९
  ९. डि.एन.ए. परीक्षण प्रतिवेदन ६१
सन्दर्भ सामग्री ६३

# भाग - १

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

विज्ञान र प्रविधिको विकासको कारण अपराधको स्वरूप, प्रकृति तथा अपराधीले अपराध गर्न प्रयोग गर्ने प्रविधि र साधनमा आएको परिवर्तनको कारण फौजदारी न्याय प्रशासनमा नयाँ नयाँ चुनौतीहरू देखा परेका र ती चुनौतीको सामना गर्न वर्तमान कानूनी तथा संरचनात्मक व्यवस्थाबाट मात्र संभव देखिदैन । फौजदारी न्याय प्रशासनलाई प्रभावकारी वनाउन अनुसन्धानको चरणदेखि नै वस्तुनिष्ठ र आवश्यक प्रमाणहरूको संकलन, प्रशोधन वा परीक्षण र प्रस्तुतिको कार्यलाई पद्धतिगत रुपमा विकास गरिनु पर्ने आवश्यकता देखा परेको छ । मौकामा सबूद प्रमाणको संकलनमा समुचित ध्यान नजानु, संकलित प्रमाणको जाँचबुझ तथा परीक्षण गर्नुपर्ने विषयमा समयमा नै र प्रभावकारी रुपमा परीक्षण हुन नसक्नु र ती परीक्षण प्रतिवेदनहरू तथा अभिव्यक्त गर्ने राय समसामयिक रुपमा परिमार्जन हुन नसक्दा फौजदारी न्याय प्रशासन प्रभावकारी हुन सकेको छैन । यसमा रहेका कमी कमजोरीलाई सम्बोधन गरी समय सापेक्ष सुधार गर्न आवश्यक छ ।

अर्कोतर्फ प्रभावकारी रुपमा कार्य सम्पादन गर्न आवश्यक जनशक्तिको अभावका अतिरिक्त जाँचबुझ एवं परीक्षण पश्चात प्राप्त भएका प्रतिवेदनहरूमा उल्लेखित भाषा एवं प्राविधिक शब्दको वास्तविक अर्थबोध हुन नसक्दा समस्या देखिएको छ । न्यायिक निकाय समक्ष प्रभावकारी रुपमा प्रस्तुतिकरण गर्न नसकेका कारण सरकार वादी फौजदारी मुद्दामा वाञ्छित उपलब्धी हासिल हुन सकेको देखिदैन । सम्बन्धित विषयमा आधारभूत ज्ञानको कमीले स-साना अस्पष्टताबाट पनि ठूला अपराध गर्ने अपराधीले छुट पाउदै आएको र त्यस्तो अवस्था रहिरहनु फौजदारी न्याय प्रशासनको प्रभावकारिताका दृष्टिले समेत शोभनीय नहुने हुँदा यी विषयमा विद्यमान रहेका प्रामाणिक मूल्यलाई कमजोर पार्ने कानूनी र ढाँचागत समस्याहरूको पहिचान गरी ती विषयहरूमा गरिनुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित विज्ञ र विभागीय प्रतिनिधिहरूको सामूहिक अध्ययनबाट यस विषयमा ठोस सुझाव पेश गर्न आवश्यक देखिएकोले तत्सम्बन्धी कार्यादेश सहित समितिको गठन भएको छ ।

## १.२ समितिको गठन

विभिन्न आपराधिक घटनाका सम्बन्धमा विशेषज्ञ एवं चिकित्सकहरूबाट व्यक्त हुने राय र त्यसलाई प्रामाणिक रुपबाट पुष्टि एवं थप स्पष्ट पार्नका लागि गरिने बकपत्र लगायतका विषयहरूमा प्रचलित कानूनमा रहेको कानूनी एवं ढाँचागत संरचनामा रहेका व्यवस्थाहरू, कार्य सम्पादनको क्रममा भोग्नु परेका समस्याहरू र ती विषयहरूमा आवश्यक पुनरावलोकन गरी सुधार एवं हेरफेर गर्नु पर्ने विषयका सम्बन्धमा पन्ध्र दिन भित्र सुझावसहितको प्रतिवेदन पेश गर्न श्रीमान् महान्यायाधिवक्ताज्यूबाट मिति २०६८/०१/०९ मा भएको निर्णयानुसार नौ सदस्यीय समिति गठन गरिएको हो । यस समितिमा रहनु भएका संयोजक तथा सदस्यहरू सहित समितिको गठन देहाय बमोजिम छ :

| सि.नं. | नाम थर | | पद | कार्यालय |
|---|---|---|---|---|
| १. | श्री कृष्णप्रसाद पौडेल | संयोजक | सहन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| २. | श्री दिनकर शम्सेर ज.ब.रा. | सदस्य | प्रहरी नायब महानिरीक्षक | प्रहरी प्रधान कार्यालय |
| ३. | डा. तुलसी कंडेल | सदस्य | अटोप्सी विज्ञ | त्रि.वि.वि. शिक्षण अस्पताल |
| ४. | श्री जीवनप्रसाद रिजाल | सदस्य | विशेष वैज्ञानिक | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |
| ५. | श्री धर्मराज पौडेल | सदस्य | उपन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ६. | श्री बासुदेव न्यौपाने | सदस्य | उप सचिव | कानून तथा न्याय मन्त्रालय |
| ७. | श्री कोमलप्रसाद आचार्य | सदस्य | उप सचिव | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ८. | श्री प्रकाशचन्द्र अधिकारी | सदस्य | उप सचिव | वन तथा भूसंरक्षण मन्त्रालय |
| ९. | श्री सोमकान्त भण्डारी | सदस्य सचिव | शाखा अधिकृत | महान्यायाधिवक्ताको कार्यालय |

## १.३ अध्ययनको उद्देश्य

विज्ञान र प्रविधिको विकासको कारण फौजदारी न्यायप्रशासनका क्षेत्रमा थपिएका चुनौतीहरूको सामना गर्न तथा अपराधको अनुसन्धानलाई वस्तुनिष्ठ बनाई कुशलतापूर्वक सम्पन्न गर्न आवश्यक ज्ञान, सीप, क्षमता र दक्षताका साथै त्यसको प्रस्तुति र प्रमाणको मूल्यांकन समेत प्रभावशाली रुपमा हुन आवश्यक छ । फौजदारी न्याय प्रशासनको जिम्मेवारी तहमा रही कार्य गर्ने सरोकारवाला निकाय एवं पदाधिकारीहरूले गर्ने विभिन्न कार्य र जिम्मेवारीलाई कुशलतापूर्वक र जवाफदेहीपूर्ण रुपमा सम्पन्न गर्न तथा प्रमाणको संकलन, प्रशोधन र प्रस्तुतिलाई तथ्य सापेक्ष सरल, सहज, बोधगम्य एवं विवरणात्मक बनाई विद्यमान अवस्थामा देखिएको जटिलता हटाई न्यायसम्पादन कार्यमा सहयोग गर्नुनै प्रस्तुत अध्ययनको उद्देश्य हो ।

वर्तमान पद्धति अनुसार अपराध अनुसन्धानमा खटिने अनुसन्धान अधिकृत शान्ति सुरक्षा लगायतका अन्य कार्यमा समेत परिचालित हुनु पर्ने तथा अनुसन्धान अधिकृतलाई अद्यावधिक रुपमा तालिम प्रशिक्षणका माध्यमबाट नयाँ प्रविधि र सीप बारे जानकारी नहुँदा अनुसन्धान प्रक्रिया र विधि प्रभावित हुने गरेको छ । अपराध अनुसन्धान कार्यमा खटिने जनशक्तिको विशिष्टीकरण हुन नसक्दा अनुसन्धान कार्यमा अपेक्षित सुधार आउन सकेको छैन । परिणाम स्वरुप जिम्मेवारीपूर्ण तरिकाले अपराधको अनुसन्धान हुन नसकी सबूद प्रमाण लोप वा कमजोर हुने एवं अपराधीले सजायबाट उन्मुक्ति पाउनेसम्मको अवस्थाको विद्यमानताले दण्डहीनता बढिरहेको छ ।

घटित अपराधमा भौतिक प्रमाणको संकलन प्रभावकारी नहुनु, प्रक्रिया त्रुटिपूर्ण हुनु, समयमा परीक्षण प्रतिवेदन प्राप्त नहुनु वा प्रतिवेदन अस्पष्ट हुनु आदिको कारणबाट वैज्ञानिक र विश्वसनीय आधारसहित मुद्दामा अभियोजन हुन सकेको छैन । यी र यस्तै विविध कारणले

सरकार वादी मुद्दामा अपेक्षाकृत सफलता हासिल हुन सकेको छैन । विभिन्न जाँच तथा परीक्षण गर्न लगिएका वस्तुहरूको राय प्रतिवेदन समयमै प्राप्त नहुँदै कानूनको हदम्यादका कारण प्रतिवेदन विना नै अभियोजन गरिदा पछि प्राप्त हुने प्रतिवेदनले अभियोग पत्रमा उल्लेख गरिएको अपराधको कारण र आधारलाई समर्थन नगरेमा अभियोजन कार्य प्रयोजनहीन हुन जाने अवस्था रहन्छ । तसर्थ अपराध अनुसन्धान र अभियोजनको कार्यलाई वैज्ञानिक र प्रभावकारी वनाउन यस विषयमा बढी संवेदनशील हुनु पर्ने आवश्यकता रहेकोले आवश्यक सुझावमा प्रतिवेदन केन्द्रित रहेको छ ।

## १.४ समितिको कार्यादेश

फौजदारी अपराधको अनुसन्धान, प्रमाण संकलन तथा परीक्षण र त्यसको प्रामाणिक मूल्यका सम्बन्धमा वर्तमान कानून र संरचनामा देखा परेका समस्याहरू तथा भविष्यमा आउने जटिलता र प्रभाव समेतको आँकलन गरी ती समस्या, चुनौती, जटिलता र प्रभावहरूको उचित संबोधन गर्न सक्ने गरी फौजदारी न्याय प्रशासनले देश, समाज र नागरिक प्रति आशा र भरोसा कायम गर्नु पर्ने हुन्छ । दोषीलाई सजाय र पीडितलाई न्याय प्रदान गरी कानूनको शासनलाई मूर्त रुप प्रदान गर्न फौजदारी न्यायप्रशासनको मुख्य कडी मानिने अपराध अनुसन्धान, प्रमाणको संकलन र प्रस्तुतिका सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गरी सैद्धान्तिक तथा व्यावहारिक सुझाव प्रस्तुत गर्न समितिले देहायका विषयहरूमा केन्द्रित रही अध्ययन, अनुसन्धान गरी सुझावसहितको प्रतिवेदन तयार गर्ने कार्यादेश प्राप्त गरेको छ :

(क) देहायको विषयमा परीक्षण गर्ने कानून, ढाँचा र प्रमाणिक मूल्यका सम्बन्धमा विद्यमान अवस्था, सुधार गर्नुपर्ने कारण एवं क्षेत्र र गरिनु पर्ने सुधारका सम्बन्धमा अध्ययन गर्ने,

१. Autopsy Report मा सम्वन्धित विशेषज्ञले राय उल्लेख गर्ने सम्वन्धमा,
२. खानतलासी तथा बरामदी मुचुल्का सम्बन्धमा,
३. सनाखत तथा दशी प्रमाण सम्बन्धमा,
४. रगत, वीर्य, रौं, भेजनाइल स्वाब, हड्डि, नङ्ग, दाँत, शरीरका अन्य अङ्गको परीक्षण लगायत डि.एन.ए. परीक्षण सम्बन्धमा,
५. जडिबुटि, गैडाको खाग, आखेटोपहार, वनस्पति आदिको परीक्षण र राय सम्बन्धमा,
६. लागू औषधको परीक्षण तथा राय सम्बन्धमा,
७. घटनास्थल तथा लाश जाँच मुचुल्का सम्बन्धमा,
८. विदेशी कानून, विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चे सम्वन्धमा,
९. धार्मिक, जातीय वा सार्वजनिक रीतिस्थितिका सम्वन्धमा,
१०. नाता सम्बन्ध पहिचान सम्वन्धमा,
११. पारिभाषिक, क्षेत्रगत वा जातिगत शब्द वा शब्दहरूको अर्थ सम्बन्धमा,
१२. विशेषज्ञलाई साक्षी सरह बकाउने र जिरह गर्ने सम्बन्धमा,

(ख) समितिमा विभागीय रुपमा प्रतिनिधित्व गर्नु हुने पदाधिकारीले विभागीय समस्या र संभावना सहित आफ्नो राय सुझाव प्रस्तुत गर्ने र संकलित राय सुझावको एकीकृत संकलन र अध्ययन पश्चात प्रतिवेदन तयार गर्ने,

## १.५ अध्ययन विधि

कुनै पनि विषयको अध्ययन विधि अध्ययनको बिषयबस्तु, उद्देश्य र क्षेत्र जस्ता कुराहरूबाट प्रभावित हुन्छन् । समितिले प्रस्तुत प्रतिवेदन तयार गर्दा सैद्धान्तिक र प्रयोगात्मक विधिको अवलम्बन गरेको छ । प्रस्तुत अध्ययन प्रतिवेदन प्रचलित कानून, विद्यमान ढाँचा र व्यावहारिक रुपमा सामना गर्नु परेका समस्याहरूको सामूहिक छलफलका साथै अन्य देशको कानूनी प्रचलन र व्यावहारिक अनुभवमाआधारित छ । प्रतिवेदन तयार गर्न आवश्यक पर्ने सन्दर्भ सामग्रीहरू संकलन गरी अध्ययन, विश्लेषण गरिएको छ । अध्ययन पश्चात समितिको कार्यक्षेत्र भित्र पर्ने सैद्धान्तिक तथा व्यावहारिक विषयवस्तुका सम्बन्धमा अन्तर्राष्ट्रिय प्रचलनका बारेमा अध्ययन गरी त्यसलाई प्रतिवेदनको यथास्थानमा समेट्ने प्रयास गरिएको छ । साथै विषयवस्तुलाई थप स्पष्ट पार्न एवं वस्तुनिष्ठ बनाउन देहायका सामग्रीहरूको अध्ययन गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

(क) मुलुकी ऐन

(ख) प्रमाण ऐन, २०३१

(ग) प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०४९

(घ) सरकारी वकीलसँग सम्बन्धित ऐन तथा नियमावलीहरू,

(ङ) सरकारी मुद्दासँग सम्बन्धित ऐन तथा नियमावलीहरू,

(च) सरकारी वकील दिग्दर्शन, २०६३,

(छ) महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना (२०६८-०७३)

(ज) महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित वार्षिक प्रतिवेदनहरू,

(झ) Medicolegal Investigation of Violent Deaths in Nepal (2000)

(ञ) Istanbul Protocol (2009)/Minnesota Protocol/EU Recommendation on Autopsy Rules

(ट) छलफल तथा अन्तरक्रिया,

(ठ) सरकारी वकीलहरूको क्षेत्रीय तथा वार्षिक सम्मेलनबाट पारित प्रस्तावहरू,

(ड) विदेशी विद्वानहरूबाट लिखित Medical Jurisprudence

(ण) अन्य आवश्यक सामग्री ।

यस प्रतिवेदनमा विभिन्न स्रोतहरूबाट संकलित तथ्याङ्क, सूचना, ढाँचा, सुझाव तथा विषयवस्तुलाई विश्लेषण गरी सकेसम्म बस्तुनिष्ठ आधारमा निचोड सहित प्रतिवेदनमा सिफारिस गरिएको छ ।

**१.६ अध्ययनको सीमा**

यस समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयवस्तुमा सीमित भई प्रस्तुत प्रतिवेदन तयार गरिएको छ । अनुसन्धान अभियोजन एक अर्कामा अन्तरसम्बन्धित भएकोले समितिले अभियोजन सम्बन्धमा समेत केही सुझाव पेश गर्न आवश्यक देखी त्यस सम्बन्धमा समेत अध्ययन गरेको छ । समितिले प्राप्त गरेको जिम्मेवारी प्राविधिक एवं जटिल कार्य भएको तथा समितिका सबै सदस्यहरू विभिन्न कार्यालयहरूमा कार्यरत रहनु भएकोले आफ्नो मुख्य जिम्मेवारी सम्हाली थप जिम्मेवारीको रुपमा समितिको कार्य गरेको हुँदा समय, कार्य, जनशक्ति लगायतका विभिन्न सीमाहरूले प्रभावित पारेको छ ।

# भाग - २

# विद्यमान समस्या

## २.१ कानूनी समस्या

फौजदारी न्याय प्रशासन सञ्चालन सम्बन्धी कानूनी व्यवस्थाको मुख्य पाटो मुलुकी ऐनमा निर्भर रहेको छ । मुलुकी ऐन जारी भए पछिका समयमा विभिन्न विषयका विशेष ऐनको निर्माण भए पनि विज्ञान र प्रविधिको विकास तथा अपराधको प्रकृति, प्रयोग गर्ने साधन र विधिमा आएको परिवर्तनलाई आत्मसात गरी सो अनुरुप कानूनहरूमा उचित सम्बोधन हुन सकेको पाइदैन । फौजदारी न्याय प्रशासनमा नयाँ नयाँ चुनौती र जटिलता थपिदिएको छ । प्रभावकारी अनुसन्धानको लागि वस्तुनिष्ठ र आवश्यक प्रमाणहरूको संकलन, प्रशोधन वा परीक्षण हुनु पर्ने र त्यसको राय प्रतिवेदन समयमै आउनु पर्ने हुन्छ । विशेषज्ञबाट जाँच हुनुपर्ने विषयवस्तुको पहिचान, सुरक्षा, परीक्षण र राय प्रतिवेदनका सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाहरूमा कमी कमजोरी देखिएका छन् तिनलाई देहाय बमोजिम विषयगत रुपमा उल्लेख गरिएको छ ।

### २.१.१ अनुसन्धान सम्बन्धी

फौजदारी न्याय प्रशासनको जग भनेको अपराधको अनुसन्धान हो । अनुसन्धान प्रभावकारी रुपमा हुन सकेन भने महत्वपूर्ण प्रमाणको लोप वा नष्ट हुन जाने र त्यसले अनुसन्धान मात्र होइन अभियोजनको पक्ष समेत कमजोर बनाउँदछ र अन्ततः अपराधीले सजायबाट उन्मुक्ति पाउने अवस्था रहन्छ । फौजदारी न्याय प्रशासन सञ्चालन सम्बन्धी कानूनी व्यवस्थाको मुख्य पाटो मुलुकी ऐनमा निर्भर रहेको वर्तमान अवस्थामा अनुसन्धान सम्बन्धमा देखिएका कानूनी समस्याहरू देहाय बमोजिम उल्लेख गरिएको छ :

१. **अनुसन्धान अधिकृतको योग्यता कानूनले स्पष्ट नगरेको** : सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ७ ले कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको प्रहरी अधिकृतलाई अनुसन्धान तहकिकातको जिम्मेवारी तोकेको छ । दफा ११ ले लाश जाँच कार्यका लागि कम्तीमा प्र.ना.नि. दर्जाको प्रहरी अधिकृतलाई तोकेको अवस्था छ । अनुसन्धान अधिकृतको योग्यता, ज्ञान, सीपबारे कानूनमा उल्लेख नभएको कारण अपराध अनुसन्धानले प्राथमिकता पाउन सकेको छैन । घटनास्थलमा पाइएका कतिपय चिजवस्तुहरू अपराधसँग सम्बन्धित भौतिक सबूद हो होइन भनी छुट्टाउने सीप र क्षमताको विकास हुन नसकेको ।

२. **अपराध अनुसन्धानका लागि अनुसन्धान समूहको विशिष्टीकरण नहुनु** : अपराध अनुसन्धान समूह गठन अनुरुप पूर्ण विशिष्टीकरण भई नसकेकोले अपराध अनुसन्धानमा पेशागत जवाफदेही र उत्तरदायित्व स्थापित हुन कठिन भएको छ ।

३. **म्याद थपमा सरकारी वकीलको भूमिका नहुनु** : अनुसन्धानकर्तालाई निर्देशन दिन तथा अनुसन्धान तहकिकातको अद्यावधिक जानकारीका लागि अभियुक्तको म्याद थपमा सरकारी वकीलको स्पष्ट भूमिका नहुनु ।

४. **श्रव्य दृष्य (Audio Visual) प्रमाणको प्रामाणिकता नभएको** : अनुसन्धानलाई वयानमुखीबाट प्रमाणमुखी बनाउन प्रमाणका लागि उपयोगी सिद्ध हुने ध्वनी, चलचित्र, तस्वीर लगायतका श्रव्य दृष्य (Audio Visual) रेकर्डलाई प्रमाणको रुपमा अदालतले ग्रहण गर्ने कानूनी व्यवस्था हुनु पर्ने देखिन्छ ।

### २.१.२ अभियोजन सम्बन्धी

फौजदारी न्याय प्रशासनको मुख्य उद्देश्य प्रभावकारी अभियोजन र त्यसको दायरामा रही न्यायिक निकायबाट दोषीलाई सजाय दिलाउने हो । अनुसन्धानबाट संकलित प्रमाणहरूलाई विवादको तथ्यसँग मिलान गरी अपराध, अपराधी, तथ्य र प्रमाणको विश्लेषण समेतको अभियोजनबाट मात्र अभियोग मागदावी पुष्टि गर्न सकिन्छ । यसका लागि विशेषज्ञबाट प्राप्त हुने रायमा यथार्थ र व्यहोरा प्रष्टसँग बुझिने गरी त्यसले घटित अपराध पुष्टि गर्न राख्ने सामर्थ्यता समेतको उचित मूल्यांकन गरी अभियोजन गर्नुपर्दछ । अभियोजन सम्बन्धमा देखिएका कानूनी समस्याहरू देहाय बमोजिम छन् :

१. **सार्वजनिक महत्व नभएका मुद्दा पनि चलाउनु पर्ने कानूनी व्यवस्था** :सार्वजनिक हितको दृष्टिले महत्व नराख्ने स-साना प्रकृतिका मुद्दा समेत चलाउनु पर्ने व्यवस्थाले राज्यको समय र खर्च अनावश्यक रुपमा लगानी भएको छ । प्रमाणको मूल्याङ्कन (Evidential Test) मात्र नभई सार्वजनिक हित (Social Interest Test) का आधारमा समेत अभियोजन गर्ने, नगर्ने अधिकार कानूनद्वारा सरकारी वकीललाई नहुनु ।

२. **आंशिक निर्णय र अभियोग संशोधन गर्ने कानून नहुनु** : दुई वा दुई भन्दा बढी अभियुक्त रहेको मुद्दामा केही उपर मुद्दा चलाउने र केही उपर नचलाउने गरी मुद्दा दायर भएकोमा हालको कानूनी व्यवस्था र महान्यायाधिवक्ताबाट अभियोजन सम्बन्धी अधिकार प्रत्यायोजन भएको सूचना बमोजिम थप प्रमाण संकलन भएमा पूरक अभियोगपत्र दायर गर्ने तथा अभियोग संशोधन गर्न सक्ने कानूनी व्यवस्था नहुनु ।

३. **जिम्मेवारी र जवाफदेही कानूनले नतोकेको** : उत्तरदायित्व र जवाफदेहीताको अभावमा सरकारी वकीलको अभियोजन सम्बन्धी कार्य कुशलताको मूल्याङ्कन राम्ररी हुन सकेको छैन । काम कर्तव्य प्रतिको स्पष्ट जवाफदेही कानूनमा उल्लेख नहुँदा यदाकदा समस्या देखा परेको छ ।

४. **मुद्दा फिर्ता सम्बन्धी निर्णय विवादित हुने** : सरकारवादी मुद्दा फिर्ता लिँदा भएका कतिपय निर्णयहरू विवादित भएका छन्, फलस्वरुप अनुसन्धानकर्ता र सरकारी वकीलको मनोबल घटेको छ । मुद्दा फिर्ता लिने निर्णय गर्दा महान्यायाधिवक्ताको सल्लाह लिनु पर्ने कानूनी व्यवस्था नहुनु ।

### २.१.३ प्रमाणको संकलन र प्रस्तुति

अनुसन्धान अधिकारीले अनुसन्धान/तहकिकातको चरणमा भौतिक चीज बस्तुहरू तथा दशी प्रमाणहरूको संकलन गरी उचित रुपमा प्रस्तुत गर्नु पर्छ । यसमा अनुसन्धान अधिकारी बढी चनाखो र संवेदनशील हुनु आवश्यक छ । महत्वपूर्ण प्रमाणहरू संकलन र संरक्षण गरी प्रमाण र घटनाको अन्तरसम्बन्ध समेतमा ध्यान दिनु पर्ने हुन्छ । संकलित सबूद प्रमाणको

मूल्याङ्कन समेतका आधारमा त्यसको प्रभावकारी प्रस्तुतिले अपराध पुष्टि गर्न मद्दत गर्दछ । प्रमाणको संकलन र प्रस्तुति सम्बन्धमा देखिएका कानूनी समस्याहरू देहाय बमोजिम छन् :

१. **सनाखतको ढाँचा नभएको** : सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को अनुसूचीमा व्यक्ति तथा दशीको सनाखत गर्ने सम्बन्धमा ढाँचा नभएकोले एकरुपता कायम नहुनु ।

२. **खानतलासीको ढाँचा पूर्ण नभएको** : सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ मा ठाउँ वा चिजवस्तुको खानतलासी र वरामदी गर्दा तयार गर्नु पर्ने मुचुल्काको ढाँचा भए पनि मानिसको जीउ तलासी गर्दा तयार गर्ने मुचुल्काको ढाँचा नहुँदा एकरुपता नहुनु ।

३. **मुचुल्काको रोहवरमा राख्ने व्यवस्था अव्यावहारिक रहेको** : खानतलासी र वरामदी मुचुल्का गर्दा रोहवरमा निर्वाचित जनप्रतिनिधि वा सरकारी कर्मचारी राख्नु पर्ने प्राबधान व्यावहारिक नहुनु ।

४. **प्रमाण संकलनमा विशेषज्ञको पर्याप्तता नहुनु** : दशी प्रमाण संकलन गर्नु पर्ने सम्बन्धमा सम्बन्धित विशेषज्ञलाई नै खटाउनु पर्ने अवस्था भएमा घटनाको चाप बढी हुने स्थानहरुमा पर्याप्त विशेषज्ञ नहुनु ।

५. **अनुसन्धान वयानमुखी हुनु** : प्रमाण संकलन, नमुना प्याकिङ र प्रस्तुति सम्बन्धी कानूनको अभाव रहेकोले एकरुपता हुन नसक्दा प्रमाण संकलन, परीक्षण, विश्लेषणमा भन्दा अनुसन्धान व्यक्तिगत धारणा र पूर्वानुमानमा आधारित हुनु ।

### २.१.४ प्रमाणको परीक्षण

अभियोगको पुष्टि मिसिल सम्लग्न प्रमाणको आधारमा हुने गर्दछ । घटनासँग सम्बन्धित प्रमाणहरूको संकलन गरी त्यसको प्रामाणिकताका लागि विशेषज्ञद्वारा परीक्षण गर्ने र त्यसको राय प्रतिवेदन सरल एवं बोधगम्य भाषामा समयमै पठाउनु पर्ने हुन्छ । अनुसन्धानबाट संकलित प्रमाणहरू विवादको तथ्यसँग समन्वय गरी परीक्षण हुन आवश्यक छ । प्रमाणको परीक्षण सम्बन्धमा देखिएका कानूनी समस्याहरू देहाय बमोजिम छन् :

१. डि.एन.ए. परीक्षण, रगत, वीर्य, Vaginal Swab, मृतकको शरीरका अङ्गहरूको परीक्षणका लागि भौतिक सबूद के कसरी संकलन र परीक्षण गर्ने र लाग्ने लागत को कसले र कसरी व्यहोर्ने हो, सो सम्बन्धमा कानूनी व्यवस्था नहुनु ।

२. प्रमाणको परीक्षण पश्चात विशेषज्ञद्वारा दिनु पर्ने राय प्रतिवेदन ढिलो आउने गरेकाले अनुसन्धान तथा अभियोजनमा असर पार्ने गरेको छ । विशेषज्ञले राय प्रतिवेदन दिनुपर्ने निश्चित समय कानूनमा उल्लेख नहुनु ।

३. अनुसन्धान तहकिकातको सिलसिलामा बरामद भएका र संकलन गरिएका भौतिक सबूद बाध्यात्मक रुपमा परीक्षण गराउनु पर्ने कानूनमा स्पष्ट उल्लेख नभएकोले द्विविधा उत्पन्न हुनु ।

### २.१.५ विशेषज्ञको राय सम्बन्धी

फौजदारी न्याय प्रशासनको मुख्य उद्देश्य प्रभावकारी अभियोजन र त्यसको दायरामा रही न्यायिक निकायबाट दोषीलाई सजाय दिलाउने हो । विशेषज्ञको राय फौजदारी मुद्दामा अत्यन्तै महत्वपूर्ण प्रमाणको रुपमा रहेको हुन्छ। फौजदारी मुद्दामा संकलन गरिएका भौतिक प्रमाणहरू वैज्ञानिक वा प्राविधिक परीक्षण गरी विशेषज्ञबाट सोको राय प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ। वैज्ञानिक परीक्षण प्रतिवेदन सरल र बोधगम्य बनाई रायलाई निश्पक्ष एवं प्रभावकारी बनाउन कानूनी व्यवस्थाहरू पर्याप्त रहेको पाइदैन । विशेषज्ञको राय सम्बन्धमा देखिएका कानूनी समस्याहरू देहाय बमोजिम छन् :

१. **भौतिक सबूद परीक्षण अनिवार्य नहुनु** : कुनै कसूरको प्रकृतिबाट सम्बन्धित व्यक्तिको रगत, वीर्य, रौं, शरीरको अन्य कुनै अंग, हातहतियार वा चीज वस्तु वा डि.एन.ए. वा अन्य कुनै कुरा परीक्षण गर्नु पर्ने बाध्यात्मक कानूनी व्यवस्था छैन । भौतिक सबूद परीक्षण गर्दा कसुरदार पत्ता लगाउन प्रमाण उपलब्ध हुने अवस्थामा अनुसन्धान अधिकारीले सरकारी चिकित्सक वा मान्यता प्राप्त प्रयोगशालामा त्यस्तो रगत, वीर्य, रौं, शरीरको कुनै अंग, हातहतियार वा चीज वस्तु वा डि.एन.ए. वा कुनै भौतिक प्रमाण परीक्षण गराउने कानूनी व्यवस्था नभएको र त्यस्ता भौतिक सबूद वा वस्तुको नमुना सम्बन्धित व्यक्तिले उपलब्ध गराउनु पर्ने गरी व्यक्तिलाई दायित्व निर्धारण नहुनु ।

२. **विशेषज्ञको समूहबाट राय दिने व्यवस्था नहुनु** : भौतिक सबूद परीक्षण गरी एकभन्दा बढी विशेषज्ञले राय दिने र शव परीक्षण प्रतिवेदन (Autopsy Report) पनि एकभन्दा बढी चिकित्सकको समूहबाट प्रस्तुत गर्ने कानूनी व्यवस्था नहुनु ।

३. **रायको प्रामाणिकता नहुनु** : विदेशी कानून, विज्ञान, कला, ल्याप्चे, धार्मिक, जातीय वा सार्वजनिक रीतिस्थितिका सम्बन्धमा सम्बन्धित विशेषज्ञले दिएको राय प्रमाणमा लिने सम्बन्धी स्पष्ट व्यवस्था नहुनु ।

४. **शव परीक्षण प्रतिवेदन पूर्ण नहुनु** : शव परीक्षण प्रतिवेदन अन्तर्राष्ट्रिय मान्यता र मार्गदर्शन अनुसार खुलाउनु पर्ने विवरणहरू स्पष्ट उल्लेख गरी सरल, स्पष्ट र बोधगम्य भाषामा उल्लेख हुने गरेको छैन । शव परीक्षण प्रतिवेदन (Autopsy Report) मा परीक्षणबाट देखिएका विवरणहरू र मृत्युको कारणका बीच अन्तरसम्बन्ध नभएको पाइन्छ । हाल प्रचलनमा रहेको शव परीक्षण प्रतिवेदनमा विवरण लेख्ने स्थानको समेत अभाव रहेको हुँदा कानूनले तोकेको ढाँचा पूर्ण नहुनु ।

### २.२ संरचनात्मक समस्या

निश्चित समय र साधनद्वारा तोकिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न संरचनात्मक व्यवस्था गरिएको हुन्छ। फौजदारी न्याय प्रशासनले निर्धारण गरेका संरचनाहरूको समन्वयात्मक सहकार्यबाट मात्र सफलता प्राप्त गर्न सकिन्छ । घटित अपराधको प्रभावकारी अनुसन्धानदेखि अभियोजन तथा न्यायिक निकायबाट सुनुवाइका क्रमसम्मका हरेक चरणमा आवश्यक जनशक्ति, भौतिक पूर्वाधार सहितका संरचनात्मक व्यवस्था गरी भौतिक प्रमाणहरूको संकलन, परीक्षण र प्रस्तुतिका क्रममा देखिएका संरचनात्मक समस्याहरू देहाय बमोजिम छन् ।

#### २.२.१ अनुसन्धान सम्बन्धी

अनुसन्धानका लागि गरिएको संरचनात्मक व्यवस्थाले पनि यस कार्यलाई कति प्राथमिकतामा राखिएको छ भन्ने बोध गराउँदछ । अपराध अनुसन्धानको लागि नेपाल प्रहरीमा रहेको विद्यमान संरचनालाई समयानुकूल विकास गर्न सकिएको छैन । एउटै जनशक्तिले अपराधको अनुसन्धानदेखि शान्ति सुरक्षा लगायत संगठनले गर्नुपर्ने अन्य कार्यहरू समेत गर्नुपर्ने अवस्था छ । यसले गर्दा अपराध अनुसन्धान प्रभावकारी र उत्तरदायित्वपूर्ण हुन सकेको छैन । अनुसन्धान सम्बन्धी संरचनात्मक समस्याहरू देहाय बमोजिम छन् ।

१. प्रमाण लाग्ने भौतिक चिजवस्तुको वैज्ञानिक परीक्षणका लागि उच्च स्तरको विधि विज्ञान प्रयोगशाला र दक्ष जनशक्तिको अभावका कारण अपराध, अपराधी र घटनासँग सम्बन्धित र भौतिक वस्तु बीचको सम्बन्ध स्थापित गर्न नसक्दा अनुसन्धान वैज्ञानिक र प्रमाणमुखी हुन सकेको छैन ।
२. अपराधको अनुसन्धान गर्न छुट्टै संरचनात्मक व्यवस्था नभएकोले कार्य विशिष्टीकरणको विकास नहुँदा अपराध अनुसन्धानले कम प्राथमिकता पाउने गरेको छ । अनुसन्धानमा खटिने जनशक्तिलाई प्रहरीले सम्पादन गर्ने अन्य कार्यमा खटाइने गरिन्छ । अपराध अनुसन्धानकर्ताको तालिम तथा प्रशिक्षणका विषयवस्तुमा परिमार्जन नभएकोले अनुसन्धान पद्धति भौतिक सबूद संकलनमा भन्दा वयानमुखी रहेको र यसले अनुसन्धान प्रभावकारी रुपमा हुनसकेको छैन ।
३. अनुसन्धानको सिलसिलामा खडा गरिने कतिपय मुचुल्का र सनाखत कागज समेतका ढाँचा स्पष्ट नहुँदा अनुसन्धान अधिकारीले फरक फरक ढाँचामा कागज गराउँदा परिणाम सार्थक नहुनु ।

### २.२.२ प्रमाणको संकलन र प्रस्तुति

फौजदारी मुद्दामा तथ्य प्रमाणित गर्न भौतिक प्रमाणको ठूलो भूमिका रहेको हुन्छ । वारदातको घटनाक्रमलाई पुष्टि गर्नेक्रममा त्यस घटनासँग सम्बन्धित सबूदहरूको पहिचान, संकलन गरी परीक्षण प्रतिवेदनका आधारमा अपराधको तथ्य स्थापित गरी अभियोजन गर्नु पर्ने हुँदा यस कार्यमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ । प्रमाणको संकलन व्यवस्थित रुपमा गरी त्यसको प्रस्तुति पनि सिलसिलाबद्ध हुनु पर्दछ । प्रमाणको संकलन र प्रस्तुतिमा देखिएका समस्याहरू देहाय बमोजिम छन्:

१. सबूद प्रमाण तथ्यको संकलन, परीक्षण, विश्लेषण भन्दा मानिसले कुनै तथ्यको जानकारी विना नै व्यक्तिगत धारणा र पूर्वानुमानमा आधारित हुनु ।
२. भौतिक सबूद संकलन एवं विश्लेषण पक्षलाई प्राथमिकतामा नराख्नु र अनुसन्धान अधिकृतले घटनास्थल संरक्षण गरी त्यहाँ रहेका सबूद प्रमाण संकलन तर्फ सुक्ष्म अध्ययन नगर्नु ।
३. घटनास्थलमा पाइएका कतिपय चिजवस्तुहरू अपराधसँग सम्बन्धित भौतिक सबूद हुन्, होइन भनी छुट्टाउने प्रशिक्षणमा परिमार्जन गरिनु पर्नेमा सोको कमीले गर्दा भौतिक सबूद संकलनमा ध्यान नजानु र नमुना पर्याप्त संकलन नगर्नु ।
४. प्रमाण संकलनका सम्बन्धमा मौजुदा मुचुल्का एवं ढाँचा अपर्याप्त रहेको र कतिपय प्रमाण संकलनका लागि निश्चित ढाँचाको व्यवस्था नहुँदा विविधता आई एकरुपता कायम गर्न

कठिन भएको देखिन्छ । त्यसैगरी शव परीक्षण प्रतिवेदनको वर्तमान ढाँचा शव परीक्षण सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता (Norms) अनुरुप नहुनु ।

५. श्रव्य दृष्य रेकर्ड, भिडियो कन्फेरेन्सिङ तथा फोटोग्राफीलाई प्रमाणको रुपमा लिने व्यवस्था नभएको कारण कतिपय विवादमा त्यसप्रकारका प्रमाण संकलन गरे पनि प्रमाणको प्रस्तुति र आरोप प्रमाणित गर्ने तर्फ संरचनात्मक कमी रहनु ।

### २.२.३ संस्थागत समस्या

जनताको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गर्दै न्यायपूर्ण व्यवस्था कायम राखी लोक कल्याण अभिवृद्धि गर्नु राज्यको महत्वपूर्ण कार्य हो । अपराधविहीन समाजको परिकल्पना गर्न सकिदैन । समाजमा घटेका अपराधको अनुसन्धान, अभियोजन सम्वन्धी कार्य र ती घटनासँग सम्बन्धित विवादहरू निष्पक्ष न्यायिक निकायबाट निरोपण हुन्छन् । अनुसन्धानदेखि न्यायिक कारवाहीसम्म विभिन्न निकायहरू क्रियाशील रहेका छन् । ती निकायहरूको सस्थागत समस्याहरूको पहिचान गरी समाधान गर्नुपर्ने देखिएको छ । यस सम्बन्धी समस्याहरू देहाय बमोजिम रहेका छन् :

१. केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला वा राष्ट्रिय विधि विज्ञान प्रयोगशालालाई क्षेत्रीयस्तरसम्म विस्तार गरी अपराधको अनुसन्धानका सिलसिलामा संकलित वैज्ञानिक परीक्षण गर्नेसम्मका सुविधा उपलब्ध गराउने व्यवस्था नहुँदा केन्द्रसम्म आउनु पर्ने बाध्यता रहनुका साथै परीक्षण प्रतिवेदन प्राप्त हुनमा ढिलाई हुनु ।
२. वैज्ञानिक परीक्षण योग्य सबूद प्रमाण संकलन र विश्लेषणलाई प्रभावकारी बनाउने प्रयोजनका लागि जिल्लास्तरसम्म भौतिक सबूद संरक्षण गर्न साधन सुविधा र तालिमको व्यवस्था नहुनु ।
३. ल्याप्चे सम्बन्धमा नेपाल प्रहरीको केन्द्रीय विधिविज्ञान प्रयोगशालामा Finger Print Record Bank खडा गरी क्षेत्रीय स्तरसम्म सोको परीक्षण सुविधा पुग्ने गरी व्यवस्थापन नहुनु ।
४. विष्फोटक पदार्थ, DNA परीक्षण लगायतका सुविधाहरू प्रहरी प्रयोगशालामा हालसम्म उपलब्ध हुन सकेका छैनन् । त्यसैगरी राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा DNA Data Bank को सुविधाका लागि साधन स्रोतको व्यवस्था हुन नसक्नु ।
५. DNA Profiling, Communication Interception System, Digit Analysis System, Voice Spectrum Analysis, Polygraph, Narco Analysis जस्ता वैज्ञानिक उपकरणहरूको अभावमा अनुसन्धानमा आधुनिकीकरण हुन नसक्नु ।

### २.२.४ अन्तरनिकाय समन्वय

अपराधको नियन्त्रण गरी दण्डहीनताको अन्त्य गर्न फौजदारी न्याय प्रशासनको जिम्मेवारी वहन गर्ने निकायहरू बीच आपसी समन्वय र सहकार्य हुन आवश्यक हुन्छ । दण्डहीनताको अन्त्य गर्न र कानूनी शासन कायम गर्न अपराधको अनुसन्धान, अभियोजन र न्याय निरुपणको कार्य गर्न स्थापित निकायहरूले दोषीलाई सजाय र पीडितलाई न्याय दिलाउने कार्यमा समर्पित हुनु पर्दछ । फौजदारी न्याय प्रशासनमा सम्लग्न सरोकारवाला निकायहरूका बीचमा उचित समन्वय नहुँदा समस्याहरू देखिएका छन् । अपराधको अनुसन्धानलाई भौतिक सबूदमुखी र

प्रभावकारी बनाउन यस कार्यमा सम्लग्न जनशक्तिको ज्ञान, सीप र दक्षता अभिवृद्धि गरी ती निकायहरू बीच समन्वय स्थापित गरी जवाफदेही र उत्तरदायी बनाउन आवश्यक छ । अन्तरनिकाय समन्वयमा देहाय बमोजिम समस्या रहेका छन् :

१. लागू औषध दुर्व्यसनीहरूले लागू औषध सेवन गरेको हो, होइन भनी परीक्षणको लागि अस्पताल पठाउँदा जाँच हुन नसकेको भन्ने जस्ता जवाफ प्राप्त हुने गरेको कारण अनुसन्धान तथा अभियोजनमा कठिनाई हुनु ।
२. सरकारवादी मुद्दाका साक्षी गवाह र विशेषज्ञ साक्षीलाई उपस्थित गराई बकपत्र गराउने सम्बन्धमा साक्षी गवाहले उपस्थित हुनु पर्ने जनाउ वा सूचना समयमा प्राप्त नगरेको कारण सरकारी साक्षी गवाहको उपस्थितिमा समन्वयको कमी हुनु ।
३. अदालतले प्रमाणको रोहमा खोजेका बखत समन्वयको कमीका कारण उपस्थित हुनु पर्ने विशेषज्ञ साक्षी कतिपय अवस्थामा उपस्थित नहुनु, उपस्थित भए पनि जिम्मेवार पदाधिकारी सक्रिय भै बकपत्रमा उपस्थित नहुनु र विशेषज्ञ साक्षीको महत्व बारे फौजदारी न्याय प्रशासनका सरोकारवाला निकायको ध्यान नजानु ।
४. अनुसन्धान, अभियोजन, न्यायिक निकाय तथा विशेषज्ञलाई एकै स्थानमा राखी तालिम दिने व्यवस्थाको अभाव रहेको ।

### २.३ प्रमाण परीक्षण सम्बन्धी

फौजदारी मुद्दामा प्रमाणको जग भौतिक सबूदमा रहेको हुन्छ । अपराधको अनुसन्धानको क्रममा संकलन भएका सबूद प्रमाणहरू समयमै परीक्षण गरी राय प्रतिवेदन पेश गर्ने र साक्षी तथा विशेषज्ञले न्यायिक निकाय समक्ष बकपत्र गरी प्रामाणिकता पुष्टि गराउनु पर्ने हुन्छ । यस सम्बन्धमा देखिएका समस्याहरू देहाय बमोजिम रहेका छन् :

१. भौतिक सबूद परीक्षण प्रतिवेदन समयमा नै प्राप्त नहुँदा अनुसन्धान र अभियोजनमा प्रभाव पर्ने गरेको पाइन्छ । यसबाट विश्वास वा अनुमानका आधारमा अभियोग लगाउनु पर्ने अवस्थाको सृजना हुन्छ भने परीक्षण पछि प्राप्त हुने प्रतिवेदन त्यस विपरित रहेको खण्डमा अभियोजन निरर्थक हुन पुग्छ ।
२. लागू औषध, भिसेरा, वन्यजन्तुको आखोटोपहार, वन पैदावार आदि जस्ता भौतिक सबूद परीक्षणको लागि पठाइएकोमा परीक्षण प्रतिवेदन अनुसन्धान अवधिसम्म प्राप्त नहुनु ।
३. भौतिक सबूद पर्याप्त मात्रामा र नमुना संकलन रीत पूर्वक नहुनु, संकलित सबूद संरक्षण गर्न नसकिएको कारणले परीक्षण प्रभावित हुनु ।
४. अदालतले खोजेको साक्षी प्रमाणको प्रस्तुतिमा यथोचित समन्वयको कमी भैरहेको देखिएकोले सरकारी साक्षीको भूमिका प्रभावकारी बनाउन विशेषज्ञ लगायतका साक्षीको पहिचान, सुरक्षा र उत्प्रेरणा (Identification, Protection and Motivation) सम्बन्धी व्यवस्था नहुनु ।
५. झुट्टा बकपत्र गर्ने साक्षीलाई दण्डित गर्ने छुट्टै कानून (Perjury Law) को व्यवस्था नहुँदा साक्षी परीक्षण प्रभावकारी हुन सकेको छैन । परस्पर दोष लगाउने र जिम्मेवारी पन्छाउने प्रवृत्तिले फौजदारी न्याय प्रशासनमा प्रभावकारिता नआउनु ।

### २.३.१ प्रमाणको पहिचान र संकलन

घटित वारदातसँग सम्बन्धित प्रमाणहरूको पहिचान गरी त्यसलाई सुरक्षित रुपमा संकलन गर्नु पर्ने हुन्छ । कुनै वस्तु अपराधसँग प्रमाण लाग्ने हो, होइन पहिला पहिचान गरी संकलित सबूद प्रमाणहरूका आधारमा अनुसन्धानको निचोडमा पुग्न र सोही आधारमा अभियोजन गर्न सकिएमा न्यायिक निकायबाट कसुर कायम गर्न सकिने हुन्छ । अपराधशास्त्री एडमण्ड लोकार्ड ( Edmond Locard) का अनुसार हरेक भौतिक वस्तु अर्को वस्तुको सम्पर्कमा आउँदा त्यहाँ कुनै न कुनै चिन्ह, संकेत वा अवशेष छाडेको हुन्छ । प्रमाणको दृष्टिले त्यस्ता भौतिक वस्तुको पहिचान र संकलन जस्ता कार्य महत्वपूर्ण हुन्छन् । प्रमाणको पहिचान र संकलन सम्बन्धी समस्याहरू देहायबमोजिम रहेकाछन् :

१. कतिपय अवस्थामा घटना पुष्टि गर्ने मुख्य प्रमाण संकलन हुन नसक्नु वा सुरक्षित रुपमा प्रमाण संकलन र संरक्षण गर्न नसक्दा त्यस्तो प्रमाण नष्ट हुन जानु ।
२. सबूद प्रमाणको संकलन गर्दा त्यसको प्रामाणिक गुण नष्ट नहुने गरी सुरक्षित रुपमा संकलन र संरक्षण गर्ने वैज्ञानिक उपकरण, साधन एवं पर्याप्त क्षमता नहुनु ।
३. तालिम, योग्यता, सीपका आधारमा भन्दा पदीय आधारमा अनुसन्धान अधिकृत तोकिने व्यवस्थाले प्रमाणको पहिचान गर्न र सुरक्षित रुपमा संकलन हुन नसक्नु ।

### २.३.२ प्रमाणको प्रस्तुति

अपराध अनुसन्धानमा संकलन भएका सबूद प्रमाणहरूको यथोचित प्रस्तुति विना त्यसको खास अर्थ हुन सक्दैन । संकलित प्रमाणहरूबाट घटनालाई पुष्टि गर्न सम्बन्धित निकायमा प्रभावकारी रुपमा प्रस्तुति आवश्यक हुन्छ अन्यथा अनुसन्धान अधिकृतको कठिन मेहनत र विशेषज्ञको ज्ञान, सीप, योग्यताबाट परीक्षण भएका ती प्रमाणहरूको औचित्य नहुने हुँदा संकलित प्रमाणहरूलाई तथ्यसँग समन्वय र विश्लेषण गरी घटनाको पुष्टि गर्नका लागि प्रस्तुत गर्नु पर्दछ । प्रमाणको प्रस्तुतिका सम्बन्धमा देखिएका समस्याहरू देहाय बमोजिम रहेका छन् :

१. फौजदारी न्याय प्रशासनलाई प्रभावकारी बनाउन अनुसन्धान कार्यदेखि सुनुवाइको चरणसम्म साक्षीको सक्रिय सहयोग आवश्यक हुन्छ । यसको लागि साक्षी संरक्षण आवश्यक भएकोमा साक्षीहरूलाई निरन्तर सुरक्षाको प्रत्याभूति दिन नसक्नु ।
२. साक्षीहरूलाई समयमै उपस्थित गराउन नसकेको कारण मुद्दा असफल हुने गरेको तथा साक्षीहरू अदालतमा बकपत्रको क्रममा पूर्व कथन विपरित (Hostile) प्रस्तुत भइदिने अवस्थाले महत्वपूर्ण प्रमाणहरू गुम्ने स्थिति रहनु ।
३. पीडित तथा सरकारी साक्षीलाईसुरक्षा दिने सम्बन्धमा आवश्यकता अनुसार बजेट, छुट्टै सरकारी आवास (Shelter) र प्रहरी जनशक्ति अभाव हुनु ।
४. प्रयोगशालामा विशेषज्ञले जाँच गरेको प्रतिवेदन पठाउने समय निश्चित नभएको कारण प्रमाणको परीक्षणका लागि विशेषज्ञ समक्ष पठाएको भौतिक चिज वस्तु परीक्षण गरी अभियोजन अगावै राय प्रतिवेदन प्राप्त नहुँदा अनुमानको आधारमा अभियोजन गर्नु पर्ने बाध्यता रहनु ।
५. बकपत्रका लागि न्यायिक निकाय समक्ष उपस्थित भएका विशेषज्ञ तोकिएको दिन बकपत्रका लागि उपस्थित हुन नसकेको तथा विशेषज्ञको बकपत्रमा सरकारी वकीलको

उपस्थिति नहुनु र निर्णयकर्ताको उपस्थितिमा बकपत्र गर्ने व्यवस्था प्रभावकारी रुपमा हुन नसकेको कारण विशेषज्ञ बकपत्रका लागि तत्पर नहुनु ।

### २.३.३ प्रमाणको वैज्ञानिक परीक्षण

अपराधको अनुसन्धानको क्रममा संकलन भएका सबूद प्रमाणहरूको विशेषज्ञबाट परीक्षण पश्चात प्राप्त हुने राय प्रतिवेदनले प्रामाणिक मूल्य पाउने हुँदा त्यसको परीक्षण आवश्यक हुन्छ । त्यस्तो परीक्षण पछि प्राप्त हुने राय प्रतिवेदन स्पष्ट, सरल र बोधगम्य हुनु पर्दछ । तोकिएको मापदण्ड र विधिसम्मत तरिकाले प्रमाणको परीक्षण गरी अनुसन्धानका चरणमा नै त्यसको राय प्रतिवेदन प्राप्त भएमा प्रभावकारी अभियोजन हुन सक्दछ र कसुर कायम गर्न ठोस योगदान पुग्न सक्दछ । प्रमाणको परीक्षण सम्बन्धमा रहेका समस्याहरू देहाय बमोजिम छन् :

१. कतिपय घटनामा घटनास्थलमा प्राप्त हुने महत्वपूर्ण भौतिक प्रमाण संकलन हुन नसक्ने तथा सुरक्षित तवरले परीक्षणका लागि प्राप्त नहुने हुँदा वैज्ञानिक परीक्षण प्रभावित भै परीक्षणबाट स्पष्ट राय उल्लेख हुन नसक्नु ।
२. परीक्षणका लागि पठाइएको सबूद प्रमाणको राय प्रतिवेदन कतिपय अवस्थामा अभियोजन निर्णय पश्चात प्राप्त हुने गरेकोले ढिलो प्राप्त हुने राय प्रतिवेदनको प्रामाणिक महत्व गौण हुनु ।
३. परीक्षणको राय प्रतिवेदनमा कारण नै स्पष्ट उल्लेख नहुनु । रायमा अभिव्यक्त विषयवस्तु बुझ्न र अर्थ लगाउन नसकिने प्रकृतिका हुनु । परीक्षणमा देखिएका तथ्यसँग बाझिने गरी राय प्रतिवेदन प्रस्तुत हुनु ।
४. विशेषज्ञहरू अदालतमा बकपत्रका लागि उपस्थित हुन प्रतिष्ठाको विषय बनाई उदासिन हुने र बकपत्रका लागि उपस्थित नभएसम्म इन्साफको रोहमा परीक्षण प्रतिवेदनको प्रामाणिकता नहुनु ।

### २.४ विशेषज्ञको राय र त्यसको प्रामाणिकता

अभियोजनात्मक प्रणालीमा अपराधको अनुसन्धान, तहकिकात र अभियोजन कार्यलाई कार्यकारिणीको क्षेत्राधिकार अन्तर्गतको मानिन्छ । अपराध अनुसन्धानको सिलसिलामा संकलन भएका भौतिक सबूद प्रमाणलाई वैज्ञानिक परीक्षण गरी प्राप्त रायका आधारमा अभियोजन गर्ने व्यवस्था नभएसम्म प्राथमिक प्रमाणबाट तथ्य स्थापित गराउन कठिन हुन्छ । भौतिक सबूद र विज्ञानले झुट्टा बोल्दैन भन्ने मान्यताका आधारमा सबूदको वैज्ञानिक परीक्षण गराई प्राप्त राय प्रतिवेदन अनुरुप अभियोजन गर्ने वा नगर्ने निर्णयमा पुग्न सकिन्छ । प्रमाण ऐन, २०३१ को दफा २३ ले विदेशी कानून, विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चेका सम्बन्धमा, कुनै व्यक्तिको अर्को कुनै व्यक्तिसँग नाता सम्बन्ध यकिन गर्नु परेमा र खास स्थानमा प्रयोग हुने खास शव्दको अर्थ यकिन गर्न राय लिन सक्ने व्यवस्था गरेको छ । विशेष अध्ययन, तालिम वा अनुभवबाट कुनै विषयमा विशेष ज्ञान प्राप्त गरेको व्यक्तिलाई विशेषज्ञ मानिने कानूनी व्यवस्था भएकोले परीक्षण पश्चात अभिव्यक्त हुने राय प्रतिवेदनमा यकिन रायका अतिरिक्त विशेषज्ञता झल्किने अध्ययन, तालिम वा अनुभव समेत स्पष्ट उल्लेख भएमा त्यस्तो रायले प्रामाणिकता पुष्टि गर्न सघाउ पुऱ्याउँदछ ।

भौतिक सबूद वा प्रमाण योग्य विषयको वैज्ञानिक परीक्षण पश्चात दिनु पर्ने राय र त्यसको प्रामाणिकता सम्बन्धमा सामना गर्नु परेका समस्याहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

### २.४.१ राय पूर्व परीक्षणका चरण

प्रमाण योग्य कुनै पनि चीज वस्तुको परीक्षण गरी राय अभिव्यक्त गर्नु पूर्व त्यस्तो चीज वस्तुको परीक्षणका विभिन्न चरण हुन्छन् । परीक्षण पश्चात प्राप्त हुने रायमा के कति चरणमा सो प्रमाण योग्य वस्तुको परीक्षण गरिएको हो भन्नेबारे उल्लेख नहुँदा रायको व्यहोरा अमूर्त हुने संभावना रहन्छ । भौतिक वस्तु वा परीक्षण योग्य वस्तु आफैमा प्रमाण भए पनि प्रमाणको रुपमा त्यसको अभिव्यक्ति परीक्षणका चरण पश्चात प्राप्त रायबाट प्रकट हुने गर्दछ । त्यसैले विशेषज्ञले परीक्षण गर्दाका चरणहरू स्पष्ट उल्लेख गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका समस्या देहाय बमोजिम छन् ।

१. रायपूर्व परीक्षणका चरण उल्लेख नगरी एकैसाथ राय उल्लेख हुँदा कुन परीक्षणमा आधारित भई सो राय व्यक्त भएको हो भन्ने आशंका पैदा हुनु ।
२. परीक्षणका विभिन्न चरणमा अपनाइएको प्रविधि समेत उल्लेख गरी रायलाई स्पष्ट, बोधगम्य र सरल बनाउने तर्फ ध्यान नजानु ।
३. अपराध अनुसन्धानकर्तालाई आधुनिक प्रविधि बारे कम जानकारी भएको कारण महत्वपूर्ण नमुनाहरू छुट्न जाने र कतिपय अवस्थामा संकलित नमुनाको उचित संरक्षण, प्याकिङ्ग एवं सिल (Chain of custody) पूर्णतया कायम हुन नसक्नु ।
४. वन्यजन्तु अपराध अनुसन्धान तर्फ आखेटोपहार बाहेक Footprint, tyreprint, fingerprint, catridge जस्ता अपराधीको अपराध प्रमाणित गर्न सघाउ पुग्ने महत्वपूर्ण सबूदहरू संकलन एवं परीक्षण गराउने तर्फ विशेष जोड नदिइनु ।
५. डि.एन्.ए. नमुना संकलन गर्ने स्पष्ट कानूनी व्यवस्था नहुनु र परीक्षण प्रतिवेदनलाई अदालतले उच्च प्रामाणिक मूल्य नदिनु ।
६. विशेषज्ञले प्रयोग गरेको प्रविधिको प्रामाणिकता जाँच गर्ने संयन्त्रको विकास नहुनु ।
७. जनशक्ति विकासको लागि उच्च शिक्षा एवं नियमित तालिम, गोष्ठीको व्यवस्था नहुनु ।
८. क्षेत्रीय स्तरमा प्रयोगशाला नहुनाले नतिजा आउन धेरै समय पर्खनु पर्ने बाध्यता रहनु ।

### २.४.२ राय प्रतिवेदनको ढाँचा

विशेषज्ञबाट प्रदान गरिने राय प्रतिवेदन घटना/वारदातको पूर्ण र यथार्थ विवरण आउने गरी ढाँचाको तर्जुमा आवश्यक छ । यसमा मुख्य कारण र त्यसलाई स्पष्ट पार्ने अन्य सहायक कारणहरू समेत उल्लेख गर्न र उल्लेख गरिएका शव्द/वाक्यहरू स्पष्ट, सरल, बोधगम्य भएमा त्यसले घटना/वारदातको सम्बन्धमा कारण र परिणामको नजिक पुग्न सकिने र अनुसन्धान एवं अभियोजन कार्यलाई ठोस रुपमा अगाडि बढाउन मद्दत गर्दछ । राय प्रतिवेदनको ढाँचामा देखिएका समस्याहरू देहाय बमोजिम रहेका छन् ।

१. परीक्षण पछि प्राप्त हुने राय प्रतिवेदन हस्तलिखित हुने र प्राविधिक शव्द प्रयोग गरिने हुँदा स्पष्ट, सरल र बोधगम्य नहुनु । प्रतिवेदनमा प्रयुक्त हुने कतिपय शव्दहरूको बहु अर्थ लाग्ने संभावना रहनु ।

२. प्रतिवेदनको निश्चित ढाँचा नभएको कारण कतिपय प्रतिवेदनमा आवश्यक विवरण समेत छुट्न गई प्रतिवेदन अपूर्ण रहने र यसबाट निर्णयमा पुग्न समस्या हुनु ।

### २.४.३ रायको आधिकारिकता

घटना/वारदात के कसरी भएको हो ? संकलन गरिएको दशीको स्थिति र घटनासँग त्यसको सम्बन्ध कायम गर्न विशेषज्ञको रायले प्रष्ट पार्ने हुन्छ । विशेषज्ञबाट दिइने रायको सम्बन्ध अभियोजनमा मात्र सीमित हुँदैन । वास्तविकता पहिल्याई न्याय दिलाउने दिशामा निर्देशित समेत हुन्छ । अतः विशेषज्ञको योग्यता, दक्षता, तालिम, अनुभव तथा परीक्षणमा प्रयोग गरिएको प्रविधि आदिका लागि निश्चित मापदण्ड र विधि तय हुन आवश्यक छ । यस सम्बन्धमा देखिएका समस्याहरू देहाय बमोजिम छन् ।

१. विशेषज्ञको योग्यता एवं दक्षताको निश्चित मापदण्ड नहुनु ।

२. परीक्षण प्रतिवेदनमा विशेषज्ञको योग्यता, ज्ञान, सीप र अनुभव उल्लेख नहुनु ।

३. विवादित नमुना र भौतिक सबूदको परीक्षण गर्ने प्रयोगशाला/विशेषज्ञ, प्रविधिहरूको गुणस्तरमा एकरुपता नहुनु ।

### २.४.४ रायको प्रामाणिकता

विशेषज्ञले दिने राय प्रतिवेदन निश्चितताका लागि हो । राय वस्तुनिष्ठ हुनु पर्दछ र त्यसको प्रामाणिकता आफैमा स्पष्ट हुनु पर्दछ । विशेष अध्ययन, तालिम, अनुभवका आधारमा विशेषज्ञद्वारा दिएको राय आग्रह, पूर्वाग्रह वा अन्य कुनै विचार, भाव र अन्दाजमा व्यक्त हुनु हुँदैन । त्यसैले उपलव्ध प्रविधि र विशेषज्ञताको अधिकतम् उपयोग गर्नु पर्दछ । रायको प्रामाणिकता सम्बन्धी समस्याहरू देहाय बमोजिम छन् ।

१. परीक्षण गरिएको भौतिक वस्तु वा नमुनाको परीक्षण प्रतिवेदन वा राय फरक भए पनि त्यसलाई व्यक्त गरिने रायको भाव एउटै हुने गरेको छ । हस्ताक्षर, औंठा छाप वा डि.एन्.ए. जे मिले पनि रायमा “मिल्दछ”.भनेर लेखिन्छ, आधारहरू दिएको पाइदैन । तुलनात्मक रुपमा डि.एन.ए. लाई भरपर्दो प्रमाण मान्नुपर्नेमा द्विविधा रहनु ।

२. औंठा छाप वा डि.एन्.ए. जस्ता वस्तुको परीक्षणबाट निश्चयात्मक राय प्राप्त हुने प्रविधि प्रयोग गरी सूचकको मापदण्डका आधारमा निर्णयमा पुग्ने आधार नहुनु ।

३. मादक पदार्थको परीक्षण मात्रात्मक आधारमा नगरिनु ।

४. विशेषज्ञबाट एक पटक परीक्षण भएकोमा उक्त परीक्षण विवादित हुन गै पुनः परीक्षण गर्नु पर्ने भएमा यस सम्बन्धी आवश्यक संयन्त्रको व्यवस्था नहुनु ।

### २.४.५ विशेषज्ञको राय र त्यसको न्यायिक परीक्षण

अनुसन्धानबाट संकलित प्रमाणहरूलाई विवादको तथ्यसँग समन्वय गरेमा अपराध, अपराधी र प्रमाणको विश्लेषण समेतका आधारमा कसुर कायम गर्न मद्दत पुग्दछ । यसका लागि विशेषज्ञबाट प्राप्त हुने राय स्पष्ट बनाई त्यसको आधारमा अभियोजन गर्ने र न्यायिक निकायबाट

परीक्षण गर्दा निश्चित समयमा जिम्मेवार अधिकारीको उपस्थिति आवश्यक छ । यस सम्बन्धी समस्याहरू देहाय बमोजिम रहेका छन् ।

१. विशेषज्ञबाट परीक्षण गरेको राय प्रतिवेदनलाई अन्यथा प्रमाणित नभएको अवस्थामा पनि बकपत्र अनिवार्य गराई प्रामाणिक महत्व गौण मान्नु,

२. कतिपय अवस्थामा न्यायिक निकायबाट फैसला भए पछि मात्र विशेषज्ञले परीक्षण प्रतिवेदनमा उल्लेखित रायका सम्बन्धमा उत्पन्न भएको द्विविधाबारे जानकारी हुने हुँदा वास्तविक विवादका विषयहरूमा विशेषज्ञले अदालतलाई स्पष्ट पार्ने अवसर नपाउनु ।

३. विशेषज्ञको बकपत्रमा सम्बन्धित सरकारी वकील र न्यायाधीश उपस्थित नहुनु र प्राविधिक वा वैज्ञानिक विषयको संवेदनशीलतामा ध्यान नदिनु ।

४. बकपत्रको लागि उपस्थित भएका विशेषज्ञलाई तोकिएको समयमा बकपत्र नगराइनु र धेरै समय पर्खनु परेको कारण बकपत्र गर्नका लागि विशेषज्ञ उदासिन हुनु ।

५. विशेषज्ञबाट व्यक्त गरिएको राय प्रतिवेदनलाई प्रमाण परीक्षणको क्रममा स्पष्ट आधार विना अस्वीकार गरिनु ।

## भाग - ३

## मौजुदा कानूनी व्यवस्थाको सिंहावलोकन

### ३.१ मुलुकी ऐन, २०२०

**(क) ज्यान सम्बन्धीको**

**२ नं.** ॥ ॥ अपहत्या वा अर्काका कर्तव्यले कुनै मानिसको ज्यान मरेमा हकवाला र अरु देख्ने सुन्नेले समेत सो कुराको सूचना जिमीदार, तालुकदार वा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य ...

... प्रहरी मौकामा आई नपुगेकोमा गाउँ विकास समिति वा नगरपालिकाले जिमिदार तालुकदार समेत राखी यसै महलको ३ नम्बर बमोजिम लाश जाँच मुचुल्का गराई प्रहरी आईनसकुन्ज्याल लाश हिफाजतसाथ राख्नुपर्छ.......................................................................................१

गाउँ विकास समिति वा नगरपालिकाले माथि १ दफा बमोजिम गरेको मुचुल्का प्रहरी आउनासाथ प्रहरीलाई सुम्पी दिनु पर्छ र प्रहरीले पनि कानून बमोजिम लाश जाँच सरजमीन तहकीकात समेतको कारवाई गर्नु गराउनु पर्छ ..........................................................................२

लाश जाँच गर्दा डिस्पेन्सरी वा अस्पताल नजीक भएका ठाउँमा अस्पताल भएसम्म अस्पतालका डाक्टर र सो नभै डिस्पेन्सरी भए सो डिस्पेन्सरीमा रहेको मुख्य चिकित्सकबाट समेत जँचाउन लगाई प्रतिवेदन लिनुपर्छ .......................................................................................३

**३ नं.** ॥ ॥ अपहत्या वा कर्तव्य परी मरेको उजूर वा शङ्का देखिएकोमा मर्नेको लाश जाँच र मौका तहकीकात गर्दा गर्न जाँदा मौकामा पुग्नासाथ पहिले सो लाश भए रहेका ठाउँभन्दा केही वरै खडा भै वा बसी लाश रहेको ठाउँ वरपर भए परेको हात खुट्टा वा अरु केही किसिमको चिन्ह वा जमीन घष्टिए माडिएको वा कहींबाट घिसारी ल्याएको चिन्ह निशाना इत्यादि केही भए परेको र अरु दशी प्रमाण हुने केही माल छुटे रहेको देखियो भेटियो भने सो व्यहोरा समेत खोली टिपी लेखी सो देखिए भेटिएको दसी चिन्ह निशाना समेत भरसक नमासिने गरी जस्ताको तस्तो रहने हिसाबसंग आखिरी जाँच गरी लाश सदगत गर्ने पूर्जी नहुन्ज्यालसम्म सो सबै कुरा हिफाजतसाथ साबूद राखी अरु तल देहायमा लेखिए बमोजिम के के कुरा भए परेको छ खूब ध्यान दिई हेरी लाशको हालत, सो लाश रहेका ठाउँ जग्गाको अवस्था र चार किल्ला समेत देखाई गर्न सक्ने भए नक्सा समेत खडा गरी रीतपूर्वक लाश जाँचको कागज खडा गर्नुपर्छ ...............................................................

घा, चोटपटक, नील डाम परी मरेकोमा मर्नेको लाशमा यस यस ठाउँमा यति यति लम्वाई चौडाई गहिराई भएको यति गोटा यस्तो यस्तो घाउ चोट पटक अङ्गभङ्ग नील डाम, सुम्ला परेको, भाँचिएको, फुटेको भन्ने र छाला खुईलिएको, घस्रिएको, फाटेफुटेको, घोचेको भन्ने

समेत सबै कुरा स्पष्ट खुलाई जाँच गर्नुपर्छ ..........................................................................................१

झुण्डी मरेको मानिसको लाशको अवस्था देहायमा लेखिए बमोजिम छ छैन जाँची पासो लगाएको डोरी अड्डामा ल्याउनु पठाउनु पर्छ ...........................................................................२

ओठ फुस्रो र आँखाको नानी ठूलो छ छैन ...................................................................१

आँखा केही वाहिर निस्केको वा निक्लेको छ छैन ............................................................२

जिभ्रो बाहिर निस्केको वा ओठले च्यापेको छ छैन ...........................................................३

मुख, नाक, गुदद्वार वा इन्द्रियको प्वालबाट रगत वा राल इत्यादि समेत लस्सादार पानी र मल बिर्य निस्केको छ छैन .........................................................................................४

घाँटीमा डोरीको डाम झुण्डिएतिर छ छैन सो डाम गोल वा नागबेली कस्तो छ कैलो डाम परेको र सो ठाउँको छाला साह्रो छ छैन ...........................................................................५

हात मुठी पारेको छ छैन, हात खुट्टाले जमीन छोए समातेको छ छैन .....................................६

कुवा, पोखरी, खोला, नालामा परेका लाशको अवस्था देहायमा लेखिए बमोजिम छ छैन जाँच गर्नु पर्छ ..................................................................................................................३

पानीबाट उठाउने बित्तिकै हातको छाला चाउरिएको र पेट ढाडिएको छ छैन ...........................१

लाश रहेको ठाउँको वरपर कुवा पोखरीका किनारा छेउछाउमा र लाशको मुखमा रगतको छिटा छ छैन ..................................................................................................................२

लाशको टाउको, गर्धन वा आङमा समेत कहाँ कहाँ चोट पटक वा रगत लागेकोछ ......................................................................................................................३

मुठी खुला छ छैन, हातमा केही चीज ली राखेको भए यो यो चीज ली राखेको थियो भनी र मुख आङको छाला नरम वा खस्रो जस्तो छ उस्तो दुरुस्त गरी लेख्नु पर्छ ....................................४

पेटमा पानी रहे नरहेको जाँच्नलाई वारिश भएकोमा वारिस र वारिस नभएकोमा अरु मानिस समेत लगाई लाशलाई घोप्टो पारी पिठ्यूं थिच्न लगाउँदा पानी निस्कन्छ निस्कदैन .........................५

लिङ्ग खुम्चिएर सानो भएको छ छैन...........................................................................६

हातको औंलामा छाला खुइलिएको छ छैन.................................................................७

भगभित्र माटो पसेको छ छैन ..................................................................................८

सर्पले टोकेकोमा देहायमा लेखिए बमोजिम भएको छ छैन जाँच गर्नुपर्छ ................................४

टोकेको ठाउँमा सुनिएको र कपालको रौ लुछ्दा सजिलैसंग उखेलिने भएको छ छैन .................१

मर्नु अगाडि सो टोकेको ठाउँमा ठूलो पीर पर्ने गरी दुख्ने र मुखबाट फिंज आउने औंला पनि खुम्ची आँखीभई सानु सानु खोल्न पनि नसक्ने भई मुख पहेंलो निलो र रगत पनि नीलो पातलो चाँडै नजम्ने भएको थियो थिएन .........................................................................२

कुरा गर्न नसक्ने लठ्ठ भएर हिंड्न पनि नसक्ने भएको थियो थिएन .......................................३

विष खाए खुवाएमा देहायमा लेखिए बमोजिम भएको छ छैन जाँच गर्नु पर्छ ..........................५

मर्नु अगाडि आखाँ खुम्ची आँखाको नानी सानु र मरी सकेपछि ठूलो हुने, मर्न अगाडि बेहोश र निद्रा लाग्ने, पसिना धेरै आउने, मुख सुक्ने भएको थियो थिएन ...........................................१

मर्नु अगाडि उन्मत्त, घाँटी मुख सुक्ने र चेहरा रातो हुने, निद्रा लाग्ने, आँखा टोलाउने भई आँखाको नानी ठूलो ठूलो देखिने र बराबर बेहोस् भई लरबराई बोल्ने भएको थिय..............................२

मर्नु अगाडि झाडा बान्ता हुने र पेटमा डाहा हुने, ज्यादा प्यास लाग्ने मुख सुनिए जस्तो, नाडी चाँडो चाँडो चल्ने, नाताकती हुने र बेहोस भएको थियो थिएन ..........................................३

मर्ने वेलामा शिताङ्ग हुने, खांदा खेरी मुख घांटी पेट पोल्ने, पिडौला फर्कने भएको थियो थिएन ....४

**(ख) कुटपीटको**

**२ नं.** ॥ ॥ कुटपीट गर्दा देहाय बमोजिम भएमा अङ्गभङ्गको खत ठहर्छ-

आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी अन्धो गरिदिएमा .........................................१

नाकको सुंघ्ने शक्ति हरण गरिदिएमा ........................................................................१

कानको सुन्ने शक्ति हरण गरी बहिरो गरिदिएमा ..............................................................१

जिब्रोको बोल्ने शक्ति हरण गरिदिएमा ........................................................................१

स्वास्नीमानिसको दूध काटी बेकम्मा गरिदिएमा ..............................................................१

नल फलको पुरुषत्व शक्ति हीन गरी नपुंसक गरिदिएमा...................................................१

मेरुदण्ड डँडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएमा..........................................................................................१

**२० नं.** ॥ ॥ कुटपीट गर्दा नील घा चोट गैह्र भएकोमा नील घा चोट निको नहुँदैमा सकेसम्म चाँडो सो कुटपीट भएका इलाकाको नजीकको प्रहरी कार्यालय ।गाउँ विकास समिति वा नगरपालिका वा सम्बन्धित मुद्दा हेर्ने अड्डामा गै जँचाउनु पर्छ । सो बमोजिम घा नील देखाउन र जँचाउन आउनासाथ नजीक अस्पताल वा सरकारी डिस्पेन्सरीमा पठाई जँचाई उसको लेखोट बमोजिम र नजिकमा अस्पताल वा सरकारी डिस्पेन्सरी नभए त्यस ठाउँमा दुवै थरको नातेदार हकवाला भए तिनीहरू र सरजमीनका जानिफकार भलादमी कम्तीमा चारजनालाई समेत राखी हेर्न लगाई जाँची ठहराई सो ठहराए बमोजिम फलानाको यतिसम्म भएकोछ भन्ने घा जाँचको मुचुल्का गराई लिनु पर्छ । गाउँ विकास समिति वा नगरपालिकाले जाँचेकोमा भने उसको अधिकार क्षेत्रको बाहिर भए मुद्दा हेर्ने अड्डामा बुझाई दिनुपर्छ ।

२२ नं. ॥ ॥ कुटपीट मुद्दामा घा जाँच गर्दा सजायमा घटीबढी पर्ने गरी जीउमा परेको घा भन्दा नापमा वा किसिममा घटीबढी पारी वा नभएको घा चोट पटक छ भनी वा भएको घा चोट दबाई छुटाई घा जाँचको कागजमा जानी जानी लेखिदिएको रहेछ भने त्यसबाट सजायमा जति घटी बढी पर्न जाने हुन आउँछ त्यसको अन्जाम गरी दुईसय पचास रुपैयाँसम्म जरिवाना गर्नुपर्छ ।

## ३.२ राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९

**दफा २३. निरीक्षण तथा खानतलासीको अधिकार :** यो ऐन विरुद्ध कसैले कुनै काम गरेको भन्ने विश्वास हुने मनासिब कारण भएमा निजले गरेको त्यस्तो कामको सबूद बुझ्नको निमित्त वा निजको गिरफ्तारीको निमित्त आवश्यक भएमा तोकिएको अधिकारीले तोकिएको अधिकारीबाट वारेण्ट प्राप्त गरी जुनसुकै समय त्यस्ता व्यक्तिको घर, जग्गा, जमीन र सबै प्रकारको सवारीमा प्रवेश गर्न र खानतलासी गर्न सक्नेछ ।

तर कुनै घर जग्गा, जमीन वा सवारीमा प्रवेश गरी खानतलासी गर्न पाउने वा कुनै कसूरदारलाई गिरफ्तार गर्न पाउने वारेण्ट प्राप्त गर्न केही समय लाग्ने भई सो समयभित्र कसूरदार भागी जाने वा कसूरको सबूद गायव गरिने सम्भावना देखिएमा त्यस कुराको लिखित अभिलेख खडा गरी तोकिएको अधिकारीले पनि त्यस्तो घर, जग्गा, जमीन वा सवारीमा प्रवेश गर्न र खानतलासी गर्न सक्छ ।

**स्पष्टीकरण :** यस दफा अन्तर्गत बिना वारेण्ट प्रवेश र खानतलासी गर्दा दफा ३० मा तोकिएको दर्जाभन्दा मुनिको दर्जाको अधिकारीले गर्न पाउने छैन । साथै त्यसरी बिना वारेण्ट प्रवेश वा खानतलासी गर्दा कसूरदारको गिरफ्तारी वा सबूद बरामद नभएको अवस्थामा प्रवेश वा खानतलासी गर्ने अधिकारीले प्रवेश वा खानतलासी सित सम्बन्धित व्यक्तिलाई प्रवेश वा खानतलासी गरेको कुराको प्रमाणपत्र दिनु पर्छ र त्यसरी प्रवेश वा खानतलासी गर्नु पर्ने कारण समेत खोली सो भए गरेको मितिले पन्ध्र दिनभित्र तोकिएको अधिकारीलाई लिखित सूचना समेत दिनु पर्छ ।

*यो ऐनमा चौविस घण्टाभित्र अनुसन्धान तहकिकातको कार्य सम्पन्न हुन नसक्ने अवस्था भएमा अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीको अनुमति लिई हिरासतमा राख्न सकिने म्याद थप सम्बन्धी व्यवस्था छैन । नेपाल सरकार वादी हुने तर सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचीमा समावेश नभएको यो ऐन अन्तर्गतको अपराधमा हालसम्मको प्रचलन अनुसार म्याद थप गर्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५ बमोजिम गरी आएको पाइन्छ । सारभूत एवं कार्यविधिगत कानूनी दृष्टिकोणले सो अभ्यास उचित होइन्, कानूनमा व्यवस्था नहुँदा समस्या दोहोरिदै आएको छ ।*

## ३.३ प्रमाण ऐन, २०३१

**दफा १८. तहकिकात वा जाँचबुझको सिलसिलामा तयार भएका लिखत :** कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ ।

तर,

(क) शव परीक्षाको प्रतिवेदन (पोष्टमार्टम रिपोर्ट) मा सम्वन्धित विशेषज्ञले उल्लेख गरेको कुनै कुराका सम्वन्धमा मुद्दाका पक्षहरूका बीचमा कुनै विवाद नभएमा वा सो कुरा मिसिलमा देखापरेको कुनै प्रमाण वा कुनै वस्तुस्थितिसँग असंगत नदेखिएमा सो विशेषज्ञ अदालतमा उपस्थित नभए पनि सो कुरा प्रमाणमा लिन हुन्छ ।

(ख) मुद्दाको पुर्पक्ष गर्दा अभियुक्तलाई थुनछेक गर्ने प्रयोजनको लागि अधिकार प्राप्त अधिकारीले गराएको लास जाँच मुचुल्का र मौका तहकिकात सरजमीन मुचुल्का सो मुचुल्कामा उल्लेख भएका कुराहरू व्यक्त गर्ने व्यक्तिहरू साक्षीको रुपमा अदालतमा उपस्थित भई बयान नगरे पनि थुनछेकको लागि प्रमाणमा लिन हुन्छ ।

**दफा २३. व्यक्तिगत राय :** (१) अदालतले विदेशी कानून, विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चेका सम्वन्धमा राय यकीन गर्नु परेमा सो सम्वन्धी विशेषज्ञको राय प्रमाणमा लिन हुन्छ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "विशेषज्ञ" भन्नाले विशेष अध्ययन, तालीम वा अनुभवबाट कुनै विषयमा विशेष ज्ञान प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

(२) अदालतले कुनै व्यक्तिको हस्ताक्षरका सम्वन्धमा राय यकीन गर्नु परेमा सो व्यक्तिको हस्ताक्षर बराबर देख्ने मौका पाई सो हस्ताक्षर चिन्न सक्ने स्थितिमा भएको व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।

(३) अदालतले कुनै धार्मिक, जातीय वा सार्वजनिक हक वा रीतिस्थितिका सम्वन्धमा कुनै कुरा यकीन गर्न परेमा त्यस्तो हक वा रीतिस्थितिको विशेष जानकारी हुन सक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाण लिन हुन्छ ।

(४) अदालतले कुनै व्यक्तिको अर्को कुनै व्यक्तिसँग कुनै नाता सम्वन्ध छ वा छैन भन्ने कुरा यकीन गर्न परेमा त्यस्तो नाता वा सम्वन्धको विशेष जानकारी हुन सक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।

(५) अदालतले कुनै खास स्थानमा प्रयोग हुने खास शब्द वा शब्दहरूको अर्थ यकीन गर्नु परेमा त्यसको विशेष ज्ञान हुन सक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।

(६) यस दफा बमोजिम कुनै व्यक्तिको राय प्रमाणमा लिइएमा त्यस्तो रायलाई समर्थन वा खण्डन गर्ने कुराहरू र त्यस्तो रायको आधार पनि प्रमाणमा लिन हुन्छ ।

(७) कुनै व्यक्तिले व्यक्त गरेको कुनै राय सो व्यक्ति साक्षीको रुपमा आफैं अदालतमा उपस्थित भएमा मात्र यस दफा बमोजिम प्रमाणमा लिन हुन्छ ।

तर कुनै विषयको विशेषज्ञद्वारा कुनै पुस्तक वा लेखमा व्यक्त भएको राय वा सो रायको आधारलाई प्रमाणमा लिन सो पुस्तक वा लेखको लेखक आफैं अदालतमा उपस्थित हुन अनिवार्य हुने छैन ।

**दफा ५२. विशेषज्ञलाई साक्षी सरह बकाउने र जिरह गर्ने :** हस्ताक्षर, ल्याप्चे, बिदेशी कानून, विज्ञान, रीति रिवाज, कला वा यस्तै अन्य विषय सम्वन्धी कुरा यकीन गर्नुपर्ने हुन आएमा अदालतले त्यस सम्वन्धमा विशेष दक्षता, अनुभव, वा तालीम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउन हुन्छ । सो बमोजिम अदालतले कुनै विशेषज्ञलाई साक्षी सरह बकाएमा मुद्दाको पक्षलाई यस ऐन बमोजिम जिरह गर्ने मौका दिनु पर्छ ।

## ३.४ वन ऐन, २०४९

**दफा ५७. खानतलासीको अधिकार :** (१) यस ऐन बमोजिम सजाय हुने कसूर भएको छ भन्ने मनासिब माफिकको कारण भएमा कम्तिमा वन सहायक दर्जासम्मको कर्मचारी वा सहायक प्रहरी निरीक्षक दर्जाको कर्मचारीले कुनै स्थानको खानतलासी लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी लिने व्यक्तिले खानतलासी लिनु पर्ने कारण खोली खानतलासी लिने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नु भन्दा अगावै सूचना दिएर मात्र खानतलासी लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम खानतलासी लिँदा कम्तिमा दुई जना साक्षी राखी ती साक्षीहरूको रोहवरमा खानतलासी लिनु पर्नेछ ।

(४) मानिस बसोबास गरेको घरमा खानतलासी लिनु परेमा सो घरमा स्वास्नीमानिस भए हट्न सूचना र मौका दिनु पर्छ ।

(५) यस दफामा लेखिएको कुनै कुराले खानतलासी लिने कर्मचारीलाई सूर्यास्तदेखि सूर्योदय नभएसम्म मानिस बसोबास गरेको घरमा प्रवेश गर्न पाउने अधिकार हुने छैन ।

**स्पष्टीकरण :** यो दफाको प्रयोजनको लागि “स्थान” भन्नाले पाल, डुङ्गा तथा विभिन्न किसिमका सवारीका साधनलाई समेत जनाउँछ ।

## ३.५ सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९

**दफा ९. बयान लिने र सोधपुछ गर्ने** : (१) अनुसूची १ मा उल्लेखित कुनै पनि अपराधको सम्वन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकील समक्ष सम्वन्धित अभियुक्तको बयान लिनेछ ।

(२) अनुसूची १ मा उल्लेखित कुनै अपराधको सम्वन्धमा शंकास्पद देखिएको तथा तत्सम्वन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नु पर्ने कुनै मनासिब कारण भएको

व्यक्तिलाई तहकिकात गर्ने प्रहरी कर्मचारीले सोधपुछ गरी आवश्यक देखेमा निजको कुरा बयानको रूपमा लेखबद्ध गरी राख्नेछ ।

**<u>दफा १०. खानतलासी :</u>** (१) कुनै अपराधको सम्वन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधसँग सम्वन्धित कुनै व्यक्ति वा दशी प्रमाण कुनै व्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएमा निजले त्यस्तो व्यक्ति वा ठाउँको तोकिए बमोजिम खानतलासी लिन सक्नेछ ।

तर कुनै महिलाको जिउको तलासी लिन पर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्नेछ ।

(२) खानतलासी लिनु पर्ने व्यक्ति वा ठाउँ अन्य प्रहरी कार्यालय क्षेत्रमा पर्ने भए तहकिकात गर्ने प्रहरी कर्मचारीले सो प्रहरी कार्यालयलाई त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन लिखित अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भएमा सो प्रहरी कार्यालयको कम्तिमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिई उपदफा (३) बमोजिम तयार भएको मुचुल्का त्यसरी अनुरोध गर्ने प्रहरी कर्मचारी कहाँ पठाउनु पर्नेछ ।

तर सो बमोजिम अन्य प्रहरी कार्यालयमा लेखी पठाउँदा कुनै प्रमाण लोप वा नाश हुने संभावना छ भन्ने लागेमा तहकिकात गर्ने प्रहरी कर्मचारी आफैंले खानतलासी लिनु पर्ने व्यक्ति कहाँ वा ठाउँमा गई यस दफा बमोजिम खानतलासी लिन सक्नेछ र सो को सूचना सम्वन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

(३) खानतलासी लिंदा पाइएको अपराधसँग सम्वन्धित वस्तुको विवरण र त्यस्तो वस्तु पाइएको ठाउँ र अवस्था खुलाई खानतलासी लिने कर्मचारीले दुई प्रति मुचुल्का तयार गरी एक प्रति सम्वन्धित व्यक्तिलाई दिई एक प्रति मिसिल सामेल राख्नु पर्नेछ । खानतलासी लिने कर्मचारीले त्यस्तो कुनै वस्तु आफ्नो साथमा लैजान चाहेमा सम्वन्धित व्यक्तिलाई त्यसको भरपाई दिएर मात्र लैजानु पर्नेछ ।

**<u>दफा ११. लास जाँच :</u>** (१) कुनै प्रहरी कार्यालयको क्षेत्रभित्र कुनै व्यक्ति कर्तव्य वा दुर्घटना भई वा आत्महत्या गरी वा कुनै अपराधको परिणाम स्वरुप शंकास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा सो क्षेत्रको प्रहरी कार्यालयको कम्तिमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र लाश रहेको ठाउँमा गई लाश जाँच गरी यथासम्भव निम्नलिखित कुराहरू समेत खुलाई मुचुल्का तयार गर्नु पर्नेछ र सम्भव भएसम्म लाशको र सम्वन्धित ठाउँको फोटो समेत खिच्नु पर्नेछ :

(क) लाशको सनाखत हुने विवरण,

(ख) लाश रहेको ठाउँ र लाशको अवस्था,

(ग) लाशमा कुनै घाउ, चोट, नील वा डाम देखिएमा त्यस्तो घाउ, चोट, नील वा डाम देखिएको ठाउँ, संख्या, लम्बाई, चौडाई, गहिराई समेतको प्रत्येक घाउ, चोट, नील डामको विवरण

(घ) मृत्यु गराउने संभावित साधन र लाशमा देखा परेका तत्सम्वन्धी लक्षण,

(ङ) मृत्युको कारण थाहा पाउन सहायता हुने लाशमा देखिएको अन्य कुनै लक्षण र

(च) अन्य उल्लेखनीय कुरा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुलुकी ऐन ज्यान सम्वन्धी महलको २ नं. बमोजिम अधिकृत व्यक्तिले लाश जाँच गर्ने कुरालाई बाधा पुऱ्याएको मानिने छैन ।

(३) उपदफा (१) बमोजिम लाश जाँच गर्दा कुनै अपराधको परिणामस्वरूप वा शंकास्पद स्थितिमा मृत्यु भएको देखिन आएमा सम्वन्धित प्रहरी कर्मचारीले सो लाशलाई शव परीक्षणको निमित्त सरकारी खर्चमा सरकारी चिकित्सक समक्ष पठाउनु पर्नेछ ।

(४) लाश सडी गली जाँच गर्न नसकिने अवस्था भएमा वा देखिएमा सम्वन्धित प्रहरी कर्मचारीले सो कुरा खुलाई मुचुल्का खडा गरी राख्नु पर्नेछ र उपदफा (३) बमोजिम कारवाही गर्न आवश्यक पर्ने छैन ।

(५) लाश जाँच भैसकेपछि वा उपदफा (४) बमोजिम मुचुल्का खडा भएपछि सम्वन्धित प्रहरी कर्मचारीले हकवालालाई भरपाई गराई लाश बुझाउनु पर्छ । हकवालाले लाश बुझी नलिएमा वा कुनै हकवाला उपस्थित नभएमा सम्वन्धित प्रहरी कर्मचारीले सरकारी खर्चमा प्रहरी ऐन बमोजिम लाशको सद्गत गराउनु पर्नेछ ।

**दफा १२. रगत, वीर्य इत्यादि जाँच गर्ने :** अपराधको प्रकृतिबाट पक्राउमा परेका व्यक्तिको रगत, वीर्य वा शरीरको कुनै अंग वा अन्य कुनै कुराको जाँच गरिएमा अपराध सम्वन्धी प्रमाण उपलब्ध हुन सक्छ भन्ने विश्वास गर्ने मनासिब आधार भएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी चिकित्सकद्वारा वा प्रयोगशालामा त्यस्तो रगत, वीर्य, अंग वा कुनै कुराको जाँच गराउन सक्नेछ ।

तर कुनै महिलाको शारीरिक अंग जाँच गर्नु परेमा पाएसम्म कुनै महिला चिकित्सकद्वारा वा पुरुष चिकित्सकको निर्देशनमा कुनै महिलाद्वारा गराउनु पर्नेछ ।

**दफा १३. विशेषज्ञको राय लिने :** अपराधको तहकिकात गर्ने प्रहरी कर्मचारीले आवश्यक सम्झेमा अपराधसँग सम्वन्धित कुनै कुराको सम्वन्धमा विशेषज्ञको राय लिन सक्नेछ ।

## ३.६ यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

**दफा ३. यातना दिन नहुने** : (१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुँदैन ।

**स्पष्टीकरण :** यस उपदफाको प्रयोजनको लागि "थुनामा रहेको" भन्ने शब्दले प्रचलित कानून बमोजिम हिरासतमा रहेको अवस्थालाई समेत जनाउँछ ।

(२) कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नु पर्नेछ ।

**स्पष्टीकरण :** यस उपदफाको प्रयोजनको लागि "चिकित्सक" भन्नाले सरकारी सेवामा रहेको डाक्टर, कविराज, हेल्थ असिष्टेण्ट, अ.हे.ब. वा वैद्य समेतलाई सम्झनु पर्छ ।

(३) उपदफा (२) मा उल्लेखित शारीरिक वा मानसिक स्थितिको जाँच सम्बन्धी प्रतिवेदनको एक प्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ ।

**दफा ५. उजूरी दिन सक्ने** : (१) पीडित व्यक्तिले आफूलाई यातना दिएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र क्षतिपूर्तिको माग दावी गरी आफू थुनामा रहेको जिल्लाको जिल्ला अदालतमा उजूरी दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडित व्यक्तिको मृत्यु भएको अवस्थामा वा अन्य कुनै कारणबाट पीडित व्यक्ति आफैले उजुरी दिन नसक्ने अवस्था भएमा त्यसको कारण खोली निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानून व्यवसायीले उपदफा (१) बमोजिम उजुरी दिन सक्नेछ ।

(३) थुनामा रहेको व्यक्तिलाई यातना दिएको छ भन्ने लागेमा निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानून व्यवसायीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ । यस्तो निवेदन परेकोमा अदालतले तीन दिनभित्र थुनमा रहेको व्यक्तिको शारीरिक वा मानसिक जाँच गराउन आदेश दिन सक्नेछ । यसरी जाँच गर्दा उपचार गर्नु पर्ने भएमा नेपाल सरकारको तर्फबाट उपचार गराइनेछ ।

(४) उपदफा (१) वा २ बमोजिम दिइने उजुरीमा यथासंभव देहायका कुराहरू समेत खुलाउनु पर्नेछ :-

(क) थुनामा परेको कारण र थुनामा बिताएको अवधि ।

(ख) थुनामा रहँदा दिइएको यातनाको विवरण ।

(ग) यातना दिएको कारणबाट पुग्न गएको क्षतिको विवरण ।

(घ) दाबी गरेको क्षतिपूर्तिको रकम ।

(ङ) दाबी प्रमाणित गर्न सहायक हुने अरु कुनै व्यहोरा ।

## ३.७ सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५

**<u>नियम ६. लास जाँच तथा शव परीक्षण :</u>** (१) ऐनको दफा ११ बमोजिम लास जाँच गर्दा तहकिकात गर्ने प्रहरी कर्मचारीले आवश्यकता अनुसार अनुसूची-७ वा अनुसूची-८ बमोजिमको मुचुल्का खडा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लास जाँच मुचुल्का भैसकेपछि त्यस्तो लास जाँचबाट कुनै अपराधको परिणाम स्वरुप वा शङ्कास्पद स्थितिमा मृत्यु भएको देखिन नआएमा र तहकिकात गर्ने प्रहरी कर्मचारीले सो लासको शव परीक्षण गराउन आवश्यक नपर्ने ठहऱ्याएमा त्यसको कारण सहित स्थानीय भद्र भलादमीको रोहबरमा पर्चा खडा गरी मिसिल संलग्न राखी शव परीक्षण नगराउन सक्नेछ ।

**<u>नियम ७. परीक्षण प्रतिवेदन पठाउनु पर्ने :</u>** (१) ऐनको दफा ११ को उपदफा (३) बमोजिम शव परीक्षणको लागि पठाइएको कार्य सम्पन्न भै सकेपछि बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र सम्बन्धित सरकारी चिकित्सकले अनुसूची-९ बमोजिमको शव परीक्षणको प्रतिवेदन सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

(२) प्रहरीद्वारा घाउ जाँचको लागि पठाइएको अनुसूची-१० बमोजिमको घाउ जाँच केस फारामसम्बन्धी प्रतिवेदन तथा अनुसन्धानको सिलसिलामा बुझ्नु पर्ने कुनै व्यक्तिको अवस्थाको सम्बन्धमा माग भएको जानकारी बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र उपलब्ध गराउनु सम्बन्धित अस्पताल वा हेल्थ पोष्टको कर्तव्य हुनेछ ।

# भाग–४

## सुझाव तथा सिफारिसहरू

विज्ञान तथा प्रविधिको विकासका साथै संगठित अपराधको वृद्धिले गर्दा फौजदारी न्याय प्रशासनका हरेक क्षेत्रमा चुनौती थपिएका छन् । फौजदारी अपराधमा देखा परेको अपराधीको कार्यशैली, सहभागिताका तौरतरिका तथा विश्वव्यापीकरणको प्रभावले परम्परागत फौजदारी न्याय प्रशासनलाई आधुनिक स्रोत साधन र प्रविधिले सम्पन्न बनाउनु पर्ने आवश्यकता रहेको छ । यस्तो भएमा मात्र नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको रक्षा गरी समाजमा शान्ति सुव्यवस्था कायम राख्ने राज्यको उद्देश्य पूरा गर्न सकिन्छ । कानूनी राज्यको सिद्धान्तलाई मूर्तरुप दिनको लागि लोकतान्त्रिक शासन व्यवस्थामा कानूनको कार्यान्वयन विधिसम्मत र न्यायका मूल्य तथा मान्यता अनुकूल हुनु पर्दछ । व्यक्तिको वैयक्तिक स्वतन्त्रता माथि राज्य शक्तिको प्रयोगबाट अंकुश लगाउनुको उद्देश्य बहुसंख्यकको स्वतन्त्रता रक्षाका लागि भएकोले समाजको हितका अगाडि वैयक्तिक स्वतन्त्रता गौण मानिन्छ । उचित, स्वच्छ र न्यायसंगत (Just, fair and reasonable) कानूनका आधारमा व्यक्तिको स्वतन्त्रता हरण गर्नु परेमा पनि कानूनद्वारा निर्दिष्ट कार्यविधि (Procedure established by law) पूरा गर्नु अनिवार्य हुन्छ ।

अपराधको अनुसन्धान अभियोजन र न्यायिक निर्णय राज्यले सम्पादन गर्नु पर्ने परम्परागत कार्यक्षेत्रमध्येकै प्रमुख क्षेत्र भएकोले अपराधको वैज्ञानिक अनुसन्धान, निष्पक्ष र प्रभावकारी अभियोजन तथा स्वतन्त्र र सक्षम न्याय प्रणालीबाट न्याय सम्पादन भएमा मात्र राज्यको सो उद्देश्य हासिल गर्न सकिन्छ । अनुसन्धान अधिकृतको बहुआयामिक दृष्टिकोण, वैज्ञानिक एवं विशेषज्ञको विश्लेषणात्मक मस्तिष्क, अभियोजनकर्ताको कानूनी र निश्चयात्मक सीप एवं व्यावसायिक कौशलबाट मात्र कानूनका छिद्र खोजी उम्कने अपराधकर्मीलाई कानूनको दायरामा ल्याउन सकिन्छ । फौजदारी न्याय प्रणालीमा विकास भएका नवीनतम् मूल्य मान्यता र अवधारणालाई समेट्न नसक्ने हो भने एक्काइसौं शताव्दीले हाम्रा सामु ल्याएका चुनौतीलाई सामना गर्ने हाम्रो सामर्थ्य स्खलित हुन पुग्छ । तसर्थ माथि परिच्छेद–२ मा पहिचान गरिएका समस्याको यथोचित समाधान र सम्बोधनका लागि परिच्छेद–३ मा उल्लेख गरिएको कानूनी व्यवस्थाको साथै अपराध अनुसन्धानका सिलसिलामा प्रयुक्त भैरहेको ढाँचा एवं विशेषज्ञ, चिकित्सकबाट प्राप्त हुने राय र न्यायिक कारवाहीको सिलसिलामा हुने प्रमाण परीक्षणका सम्बन्धमा देखिएका समस्या समाधानका लागि समितिले आफ्नो कार्यादेश अन्तर्गत रही देहायका सिफारिस तथा सुझावहरू प्रस्तुत गरेको छ ।

### ४.१ कानूनी व्यवस्थामा गर्नु पर्ने सुधार

विगत लामो समयदेखि फौजदारी न्याय प्रशासनसँग सम्बन्धित कानूनी व्यवस्थाको मुख्य पाटो मुलुकी ऐनमा निर्भर रहेको छ । संगठित र सामूहिक रुपमा गरिने अपराधको शैली एवं अपराधमा प्रविधिको प्रयोगले अपराध र आपराधिक क्रियाकलापमा प्रभाव पारेकोले समय अनुकूल कानूनी व्यवस्था हुनु आवश्यक हुन्छ । अनुसन्धान, परीक्षण र अभियोजन सम्बन्धमा देहाय बमोजिम सुधार गर्न सुझाव प्रस्तुत गरिएको छ :

१. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा पदीय आधारमा अनुसन्धान अधिकृत तथा लाश जाँच गर्ने जिम्मेवारी तोकिने व्यवस्था रहेको छ । यो व्यवस्थालाई परिवर्तन गरी त्यस्ता अनुसन्धान अधिकारीको योग्यता, ज्ञान, सीपबारे कानूनमा स्पष्ट उल्लेख गरी जिम्मेवारी प्रदान गर्न उपयुक्त हुने,

२. अपराध अनुसन्धान अधिकारीले सो कार्यका अलाबा शान्ति सुरक्षा लगायतका कार्यमा समेत खटिनु पर्ने व्यवस्थामा सुधार गर्दै आवश्यक तालिम, सीप, क्षमताको विकास गरी अपराध अनुसन्धानमा खटिने प्रहरीलाई विशिष्टीकरणको सिद्धान्त अनुरुप अपराध अनुसन्धान विभाग अन्तर्गत राखी सरुवा बढुवा पश्चात पनि सोही कार्यका लागि पदस्थापन हुने व्यवस्था गरी जिम्मेवारी र उत्तरदायित्व वहन गराउने एवं क्षमता अभिवृद्धि गर्न प्रशिक्षण प्रदान गर्नुपर्ने,

३. अनुसन्धानलाई भौतिक सबूद प्रमाणमुखी बनाउन ध्वनी, चलचित्र, तस्वीर लगायत श्रव्य दृष्य (Audio Visual) रेकर्ड लगायत अन्य प्रविधिलाई प्रमाणको रुपमा अदालतले ग्रहण गर्ने कानूनी व्यवस्था हुनु पर्ने,

४. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ मा चौविस घण्टाभित्र अनुसन्धान तहकिकातको कार्य सम्पन्न हुन नसकेमा पक्राउ परेका अभियुक्तलाई थुनामै राखी अनुसन्धान तहकिकात गर्नु पर्ने अवस्था भएमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई हिरासतमा राख्ने व्यवस्था छैन । यसबाट कानून कार्यान्वयन र अपराध अनुसन्धानमा बाधा परेको अवस्था हुँदा एकै पटक वा पटक पटक गरी बढीमा २५ दिनसम्म मुद्दा हेर्ने अधिकारीको अनुमति लिई अनुसन्धान अधिकृतले हिरासतमा राख्न सक्ने व्यवस्था थप हुनु पर्ने देखिएको छ,

५. मुद्दाको अनुसन्धान तहकिकात पश्चात अभियोजन निर्णयका लागि पेश भएको मिसिल सम्लग्न प्रमाणबाट केही उपर मुद्दा चलाउने र केही उपर नचलाउने गरी मुद्दा दायर गर्ने निर्णय भएकोमा पछि प्राप्त प्रमाणबाट मुद्दा चलाउनु पर्ने भएमा पूरक अभियोग दायर गर्ने र महान्यायाधिवक्ताबाट अभियोजन सम्बन्धी अधिकार प्रत्यायोजन गर्दा थप प्रमाण संकलन भएमा अदालतको स्वीकृति बमोजिम अभियोग संशोधन गर्न सक्ने गरी व्यवस्था हुन उपयुक्त हुने,

६. सरकारी वकीलबाट भएको अभियोजन सम्बन्धी निर्णयका आधारमा सरकारी वकीलको कार्य क्षमताको मूल्यांकन हुने गरी उत्तरदायित्व र जवाफदेहीता बहन हुने कानूनी व्यवस्था गर्नु पर्ने,

७. नेपाल सरकारबाट सरकारवादी भई चलाइएका मुद्दा फिर्ता लिने निर्णय विवादित हुने गरेकोले त्यस्तो निर्णय गर्नु पूर्व महान्यायाधिवक्ताको सल्लाह लिनु पर्ने कानूनी व्यवस्था हुनु पर्ने, साथै गृह मन्त्रालयबाट यस सम्बन्धी कारवाही प्रारम्भ गर्दा सम्बन्धित प्रहरी कार्यालय र स्थानीय प्रशासन समेतसँग बुझी कारवाही अघि बढाउन उपयुक्त हुने, साथै मुद्दा फिर्ता लिने भएमा पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था हुनु पर्ने,

८. अपराध अनुसन्धानको सिलसिलामा फेला परेका व्यक्ति तथा बरामद भएका दशीको सनाखत गर्ने सम्बन्धी स्पष्ट ढाँचा नहुँदा एकरुपता कायम हुन नसकेकोले एकरुपताका लागि ढाँचा तयार गरी सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ मा समावेश गरी लागु गर्नु पर्ने,

९. ठाउँ वा चिजवस्तुको खानतलासी र वरामदी गर्दा तयार गर्नु पर्ने मुचुल्काको ढाँचा तोकिए पनि त्यो अपूर्ण रहेकोले जीउ तलासी गर्दा तयार गर्ने ढाँचा तोकी सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ मा समावेश गरी लागु गर्नु पर्ने,

१०. खानतलासी र वरामदी मुचुल्का गर्दा रोहवरमा अनिवार्य रुपमा निर्वाचित जनप्रतिनिधि वा सरकारी कर्मचारी राख्नु पर्ने प्राबधान व्यावहारिक नभएको हुँदा वैकल्पिक व्यवस्थाको रुपमा त्यसलाई व्यावहारिक बनाउन दुई वा सो भन्दा बढी प्रहरी अधिकृतको उपस्थितिमा मुचुल्का तयार गर्ने व्यवस्था हुनु पर्ने,

११. विद्यमान कानूनमा वैज्ञानिक परीक्षणयोग्य दशी प्रमाण संकलन गर्दा विशेषज्ञको सहयोग लिन सक्ने गरी थप कानूनी व्यवस्था गर्न उपयुक्त हुने,

१२. अनुसन्धान गर्दा सम्बन्धित सबूद प्रमाणको संकलन, नमुना प्याकिङ र प्रस्तुति सम्बन्धी निश्चित विधि कानूनमा व्यवस्था गरी साविती बयानमुखी अनुसन्धानको सट्टा वैज्ञानिक परीक्षण योग्य भौतिक प्रमाण संकलन, परीक्षण, विश्लेषणमा एकरुपता कायम गरी अनुसन्धानलाई बढी वैज्ञानिक र वस्तुनिष्ठ बनाउनु पर्ने,

१३. डि.एन.ए. परीक्षण, रगत, वीर्य, Vaginal Swab, मृतकको शरीरका अङ्गहरूको परीक्षणका लागि भौतिक सबूद संकलन र परीक्षण गर्न लाग्ने लागत व्यहोर्ने सम्बन्धी स्पष्ट कानूनी व्यवस्था हुनु पर्ने,

१४. प्रमाणको परीक्षण पश्चात विशेषज्ञद्वारा दिनु पर्ने राय प्रतिवेदन परीक्षणका लागि बढी समय लाग्ने विशिष्ट प्रकृतिको परीक्षण गर्नु पर्नेमा बाहेक अदालतमा मुद्दा दायर हुनु अगावै निश्चित समयमा अर्थात परीक्षणका लागि प्राप्त भएको सात दिनभित्र यथाशक्य छिटो दिनु पर्ने,

१५. अपराध अनुसन्धानका सिलसिलामा डि.एन.ए. परीक्षण वा कुनै चीज वस्तुको अन्य कुनै विशिष्ट प्रकृतिको परीक्षण गर्नुपर्ने भई समय लाग्ने अवस्था भएमा सम्बन्धित प्रयोगशालाले लाग्ने अनुमानित समय सहितको जानकारी यथाशक्य छिटो अनुसन्धान अधिकारीलाई उपलब्ध गराउनु पर्ने गरी कानूनमा स्पष्ट उल्लेख हुनु पर्ने,

१६. अनुसन्धान तहकिकातको सिलसिलामा बरामद भएका र संकलन गरिएका वैज्ञानिक परीक्षणयोग्य प्रमाण परीक्षणबाट उल्लेखनीय जानकारी प्राप्त हुने भए त्यस्ता भौतिक सबूदहरू अनिवार्य रुपमा परीक्षण गराउनु पर्ने गरी कानूनमा स्पष्ट उल्लेख हुनु पर्ने,

१७. विवादित विषयसँग सम्बन्धित व्यक्तिको रगत, वीर्य, रौं, शरीरको अन्य कुनै अंग, हातहतियार वा चीज वस्तु वा डि.एन.ए. वा सम्बन्धित भौतिक वस्तु अनिवार्य रुपमा परीक्षण गराउने व्यवस्था हुन र व्यक्तिसँग लिनुपर्ने नमुना सम्बन्धित व्यक्तिले उपलब्ध

गराउनु पर्ने र नमुना संकलन गर्दा परीक्षणका लागि आवश्यक पर्ने पर्याप्त मात्रामा संकलन गर्नुपर्ने गरी कानूनमा व्यवस्था हुनु पर्ने,

१८. भौतिक सबूद परीक्षण तथा शव परीक्षण गर्दा एक भन्दा बढी विषेशज्ञको समूहबाट परीक्षण गर्ने र राय प्रतिवेदन दिने गरी कानूनमा व्यवस्था गर्नुपर्ने,

१९. विदेशी कानून, विज्ञान, कला, ल्याप्चे, धार्मिक, जातीय वा सार्वजनिक रीतिस्थितिका सम्बन्धमा सम्बन्धित विशेषज्ञ वा विशेषज्ञको समूहले दिएको राय प्रमाणमा लिने प्रक्रिया र प्रामाणिक मूल्य सम्बन्धी स्पष्ट व्यवस्था गर्नु पर्ने,

२०. शव परीक्षण प्रतिवेदनको ढाँचा अन्तर्राष्ट्रिय मान्यता र मार्गदर्शन अनुसार निर्माण गरी सो बमोजिम सरल, स्पष्ट र बोधगम्य भाषामा मृत्युको कारण सहितको विवरणहरू उल्लेख हुने गरी ढाँचामा सुधार हुनु पर्ने, यस सम्बन्धी थप सुझाव र ढाँचा समेत उपखण्ड ४.३ मा उल्लेख गरिएको छ ।

## ४.२ संस्थागत र संरचनात्मक सुधार

अनुसन्धान तहकिकात, भौतिक चिजवस्तुको परीक्षणसँग तथा अभियोजनमा सम्लग्न सम्बन्धित निकायको संस्थागत तथा संरचनात्मक सुधार गर्नु पर्ने देखिएको छ । फौजदारी न्याय प्रशासनका मुख्य अवयवका रुपमा रहेका यी निकायहरू र कार्यरत जनशक्तिको दक्षता, क्षमता अभिवृद्धि र भौतिक पूर्वाधार समेतका सुधारात्मक उपायहरू अवलम्बन गर्ने सम्बन्धमा गरिनु पर्ने सुधारका लागि सुझावहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ :

१. अपराध अनुसन्धानलाई वैज्ञानिक र भौतिक सबूदमुखी बनाउन वैज्ञानिक परीक्षणका लागि उच्चस्तरको विधि विज्ञान प्रयोगशाला र दक्ष जनशक्तिको व्यवस्था हुनुपर्ने,

२. अपराधको अनुसन्धान कार्य मात्र गर्ने गरी प्रहरी संगठनमा छुट्टै संरचनात्मक व्यवस्थाको द्रुतत्तर विकास गर्दै अपराध अनुसन्धानकर्ताको ज्ञान, सीप र दक्षताको विकास गरी कार्य विशिष्टीकरण गर्दै लैजानु पर्ने,

३. भौतिक सबूद संकलन एवं विश्लेषणको सीप, दक्षताको विकास गरी संकलन विधि स्पष्ट रुपमा व्यवस्था हुनु पर्ने,

४. केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला वा राष्ट्रिय विधि विज्ञान प्रयोगशालालाई कम्तीमा क्षेत्रीयस्तरसम्म विस्तार गर्ने योजनालाई निरन्तरता दिँदै अपराधको अनुसन्धानका सिलसिलामा संकलित वैज्ञानिक परीक्षणयोग्य भौतिक वस्तुको छिटो र भरपर्दो परीक्षण गर्नेसम्मका सुविधा उपलब्ध गराउनु पर्ने,

५. वैज्ञानिक परीक्षण योग्य सबूद प्रमाण संकलन र विश्लेषणलाई प्रभावकारी बनाउने प्रयोजनका लागि जिल्लास्तरसम्म अनुसन्धान गर्ने सम्पूर्ण इकाईहरुमा पुग्ने गरी भौतिक सबूद संरक्षण गर्ने साधन सुविधा र कार्यरत जनशक्तिलाई तालिमको व्यवस्था गर्नु पर्ने,

६. अनुसन्धानका सिलसिलामा विवादित ल्याप्चे परीक्षण सम्बन्धमा नेपाल प्रहरीको केन्द्रीय विधिविज्ञान प्रयोगशालामा Finger Print Record Bank खडा गरी क्षेत्रीय स्तरसम्म सोको परीक्षण सुविधा पुग्ने गरी व्यवस्थापन हुनु पर्ने,

७. विद्यमान केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा विष्फोटक पदार्थ, DNA परीक्षण गर्ने प्रयोगशालाको क्षमता विकास गर्नुपर्ने,

८. DNA Data Bank को सुविधाका लागि प्रयोगशालामा साधन स्रोतको व्यवस्था हुनु पर्ने,

९. Communication Interception System, Digit Analysis System, Voice Spectrum Analysis, Polygraph, Narco Analysis जस्ता वैज्ञानिक उपकरणहरूको समुचित व्यवस्था गरी त्यस्ता प्रकृतिका अपराधको वैज्ञानिक आधारमा अनुसन्धान तहकिकात गर्न साधन सम्पन्न गराउनु पर्ने,

१०. अनुसन्धान, अभियोजन र वैज्ञानिक परीक्षण सम्बन्धी कार्यमा व्यावसायिक र दक्ष जनशक्ति बढाउनका लागि अध्ययन, तालिम, प्रशिक्षण र अवलोकन भ्रमण सम्बन्धी कार्यक्रम संस्थागत एवं संख्यात्मक रुपमा सञ्चालन गर्नु पर्ने ।

### ४.३ ढाँचागत सुधार

अनुसन्धान तहकिकातको सिलसिलामा घटनालाई पुष्टि गर्ने सबूद प्रमाण तथा अन्य चिज वस्तुको संकलन एवं परीक्षण वैज्ञानिक रुपमा गर्न र परीक्षणबाट प्राप्त हुने प्रतिवेदनलाई सरल, स्पष्ट, बोधगम्य रूपमा अभिव्यक्त हुने गरी मौजुदा ढाँचामा परिवर्तनका साथै नयाँ र थप ढाँचाको निर्माण गर्नुपर्ने हुन्छ । यसका लागि हाल प्रयोगमा रहेका ढाँचाहरूमा परिवर्तन र परिमार्जन गरी परीक्षण पश्चात घटनालाई ठोस रुपमा प्रमाणित गर्ने तथ्यगत सम्पूर्ण विवरणहरू उल्लेख हुने स्थान तथा ढाँचाको निर्माण गर्नु पर्ने र अनुसन्धान प्रक्रिया बस्तुनिष्ठ तुल्याउन शारीरिक परीक्षण तथा उमेर जाँच सम्बन्धी परीक्षणका लागि ढाँचाको तर्जुमा गरी कार्यान्वयन गर्न एवं सनाखत मुचुल्का, बरामदी/खानतलासी मुचुल्का, दसी सनाखत मुचुल्का वैज्ञानिक परीक्षण प्रतिवेदन समेतको व्यवस्था गरी एकरुपता र स्पष्टताका लागि निश्चित ढाँचाहरूको तर्जुमा र कार्यान्वयन हुन उपयुक्त देखी देहायका विषयका फारामहरू देहायका अनुसूचीमा समावेश गरिएको छ ।

| **अनुसूची** | **विषय** |
|---|---|
| १०. | शव परीक्षण प्रतिवेदन |
| ११. | घाउ जाँच केश फाराम |
| १२. | यौनजन्य अपराध सम्बन्धी शारीरिक परीक्षण प्रतिवेदन |
| १३. | उमेर जाँच सम्बन्धी प्रतिवेदन |
| १४. | सनाखत मुचुल्का |
| १५. | बरामदी/खानतलासी मुचुल्का |
| १६. | दसी सनाखत मुचुल्का |
| १७. | वैज्ञानिक परीक्षण प्रतिवेदन |
| १८. | डि.एन.ए. परीक्षण प्रतिवेदन |

यी लिखतहरु र लास जाँच मुचुल्काको ढाँचामा एकरुपता कायम हुनु पर्ने देखिन्छ ।

### ४.४ जनशक्ति सम्बन्धी सुधार

संगठन सञ्चालनका लागि विभिन्न स्रोतहरूको समुचित प्रयोग मानव स्रोतबाट हुने गर्दछ । त्यसैले सक्षम, योग्य र पर्याप्त जनशक्तिको व्यवस्था र तिनीहरूको उपयोग संस्थाको गतिशीलताका लागि अत्यावश्यक हुन्छ । अनुसन्धान, अभियोजन र विशेषज्ञको रुपमा सम्लग्न हुने जनशक्ति कार्यबोझका अनुपातमा पर्याप्त हुनु पर्दछ र उनीहरूको विशेषज्ञता अभिवृद्धि गर्न तालिम/प्रशिक्षणको व्यवस्था हुनु पर्दछ । यस सम्बन्धी कार्य विशेष ज्ञान, सीप र दक्षता आवश्यक पर्ने व्यावसायिक र अरु भन्दा फरक प्रकृतिको कार्य भएको हुँदा यसमा सम्लग्न जनशक्तिको निश्चित योग्यता, तालिम वा अनुभवको निर्धारण गरी विशिष्टीकृत गर्नु जरुरी छ । अनुसन्धानमा सम्लग्न प्रहरी कर्मचारी पदीय आधारमा नभई निश्चित योग्यताका आधारमा तोक्न उपयुक्त हुन्छ । अनुसन्धान अधिकृतलाई अनुसन्धानको कार्यमा बाहेक शान्ति सुरक्षा लगायतका अन्य कार्यमा समेत परिचालन गरिने परिपाटीको अन्त्य गरी त्यस्ता प्रहरीलाई सरुवा बढुवा हुँदा समेत अपराध अनुसन्धानमा मात्र सम्लग्न हुने गरी खटाउने व्यवस्था हुनु पर्दछ । अपराध अनुसन्धानकर्ताको ज्ञान, सीप र दक्षता अभिवृद्धि गरी अनुसन्धान पद्धति भौतिक सबूदमुखी र वैज्ञानिक बनाउनु पर्दछ । कामको संवेदनशीलता र कार्यबोझको तुलनामा अनुसन्धानमा खटिने जनशक्ति, सरकारी वकील तथा विशेषज्ञको संख्या न्यून रहेको तथा समूहगत कार्य गर्न संख्यात्मक रुपमा वृद्धि हुनु पर्ने देखिन्छ । साथै उनीहरूलाई योग्यता, अनुभव, रुची आदिका आधारमा कार्य विशिष्टीकरण गर्ने तथा अनुसन्धानकर्ता जनशक्ति, सरकारी वकील र वैज्ञानिक एवं विशेषज्ञ जनशक्तिको विकास गराउने व्यवस्था हुनु आवश्यक छ ।

### ४.५ प्रमाण, राय र त्यसको परीक्षणसँग सम्बन्धित सुधार

#### ४.५.१. शव परीक्षण प्रतिवेदन (Autopsy Report) सम्बन्धी

विद्यमान कानूनी व्यवस्था अनुसार मुलुकी ऐन ज्यान सम्बन्धी महलको २ नं. को देहाय ४ मा र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ११ को उपदफा (३) मा शव परीक्षण गर्नु पर्ने व्यवस्था रहेको छ । उक्त २ नं. को देहाय ४ मा लास जाँच गर्दा डिस्पेन्सरी वा अस्पताल नजिक भएका ठाउँमा अस्पताल भएसम्म अस्पतालका डाक्टर र सो नभई डिस्पेन्सरी भए सो डिस्पेन्सरीमा रहेको मुख्य चिकित्सकबाट समेत जचाँउन लगाई प्रतिवेदन लिनु पर्ने उल्लेख भएको देखिन्छ । वि.सं. २०२० सालमा तर्जुमा भएको यो कानूनी व्यवस्था हालको सन्दर्भमा समय सापेक्ष छैन । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ११(३) ले कुनै अपराधको परिणामस्वरुप वा शंकास्पद स्थितिमा मृत्यु भएको देखिन आएमा सम्बन्धित प्रहरी कर्मचारीले सो लासलाई शव परीक्षणको निमित्त सरकारी खर्चमा सरकारी चिकित्सक समक्ष पठाउनु पर्ने बाध्यात्मक व्यवस्था गरेको छ । यो व्यवस्थाले सरकारी चिकित्सकबाट मात्र शव परीक्षण हुन सक्ने परिकल्पना गरेको देखिन्छ । कुनै शव परीक्षणका लागि पठाउनु पर्ने वा नपर्ने भनी निर्णय गर्ने अधिकार समेत यो ऐन अनुसार प्रहरीमा नै रहेको छ । सम्बन्धित विषयको विशेषज्ञता हासिल गरेका चिकित्सक सरकारी अस्पताल बाहेक अन्यत्र कार्यरत रहेमा उक्त कानूनी व्यवस्थाले शव परीक्षण कार्यमा बन्देज रहने वर्तमान कानूनी व्यवस्था बारे पनि समुचित दृष्टि पुऱ्याउनु पर्ने हुन्छ । निष्पक्ष, गुणात्मक र पक्षपातरहित अनुसन्धान प्रक्रियालाई विधिविज्ञानको क्षेत्रमा अवलम्बन गर्न विभिन्न Standard Protocol जस्तै Minnesota Protocol,

Istanbul Protocol, EU Recommendation of Medico-Legal Autopsy Rules अनुसरण गर्न सकिन्छ । विधि विज्ञानको क्षेत्रमा दक्ष जनशक्ति बढाउन, आवधिक तालिम, प्रशिक्षण प्रदान गर्न, एक चिकित्सकले मात्र पनि शव परीक्षण गर्न सक्ने व्यवस्थाको सट्टा विशेषज्ञ चिकित्सकको दुई वा सो भन्दा बढीको समूहबाट शव परीक्षण गर्न, खुलाउनु पर्ने आवश्यक विवरण खुलाई राय प्रतिवेदनलाई वस्तुपरक बनाउन, शव परीक्षण गरे वापत दिइने पारिश्रमिक समय सापेक्ष बढाउन तथा ढाँचागत सुधारका लागि देहाय बमोजिम गर्न सुझाव प्रस्तुत गरिएको छ ।

१. मृतकको मृत्यु कुनै कसूरको परिणाम स्वरुप वा शंकास्पद स्थितिमा वा दुर्घटनाको परिणामबाट वा आत्महत्या गरी मरेको देखिन आएमा सम्बन्धित अनुसन्धान अधिकारीले शव परीक्षणका निमित्त सरकारी चिकित्सक, नेपाल सरकार वा सरकारी मान्यता प्राप्त संस्थाले तोकेको विशेषज्ञ वा इजाजत प्राप्त चिकित्सक समक्ष सरकारी खर्चमा पठाउनु पर्ने व्यवस्था राख्नु उपयुक्त हुने,

२. परीक्षणका लागि प्राप्त हुन आएको शव परीक्षण गर्दा उपलब्धताका आधारमा एक भन्दा बढी बिशेषज्ञ चिकित्सकको समूहबाट गराउनु पर्ने व्यवस्था अनिवार्य गर्नु पर्ने,

३. अनुसन्धान अधिकारीले स्थानीय भद्रभलाद्मीको रोहवरमा मुचुल्का र पर्चा खडा गरी शव परीक्षण नगराई लास सदगत गर्न दिने व्यवस्थाको सट्टा शव परीक्षण गराउनु पर्ने प्रकृतिका शवको परीक्षणलाई सामान्यतः अनिवार्य गर्नु उपयुक्त हुने,

४. शव परीक्षण हुन नसक्ने अवस्थामा लास वा त्यसको कुनै अंशको अन्य परीक्षणबाट कुनै कुरा खुलाउन सकिने अवस्था भएमा डि.एन.ए. परीक्षण वा अन्य कुनै वैज्ञानिक परीक्षण गराउन उपयुक्त हुने,

५. कसूरको गम्भीरताका आधारमा कुनै सबूद संकलन गर्दा वा घटनास्थलमा महत्वपूर्ण प्रमाण सुरक्षित तवरले संकलन गर्दा विशेषज्ञको सहयोग आवश्यक छ भन्ने अनुसन्धान अधिकारीलाई लागेमा उपलब्धताका आधारमा विशेषज्ञ वा चिकित्सकलाई साथमा लानु पर्ने र सो कार्यमा सहयोग गर्नु विशेषज्ञको कर्तव्य हुने व्यवस्था गर्नु पर्ने,

६. कुनै कसूरको परिणामस्वरुप वा कुनै दुर्घटनाको कारण वा शंकास्पद स्थितिमा वा आत्महत्या गरी मरेको अवस्थामा बाहेक अस्पतालमा उपचार गराउँदा उपचार संभव नभई मृत्यु भएकोमा चिकित्सकले प्रमाणित गरिदिएमा त्यस्तो शव परीक्षण नगराए पनि हुने व्यवस्था गर्नु पर्ने,

७. चिकित्सकको नजिकको नातेदारको शव परीक्षण त्यस्तो चिकित्सकले गर्न नहुने गरी आचार संहिताको व्यवस्था हुनु पर्ने,

८. शव परीक्षण गरेपछि खुलाउनु पर्ने आवश्यक विवरण समेत स्पष्ट उल्लेख हुने गरी ( The autopsy report should give a complete picture of the findings to the reader of the report and should clearly show the bases for the findings and the designated cause of death containing maximum information with minimal verbiage) **अनुसूची -१** बमोजिमको ढाँचामा ७२ घण्टा भित्र शव परीक्षण

प्रतिवेदन सम्बन्धित अनुसन्धान अधिकारी समक्ष पठाउनु पर्ने व्यवस्था गर्नु उपयुक्त हुने ।

९. कुनै अस्पताल वा चिकित्सकबाट भएको शव परीक्षणमा चित्त नबुझेमा अनुसन्धान अधिकारीले पुनः शव परीक्षण गराउन सक्ने व्यवस्था हुनु पर्ने,

१०. शव परीक्षण गरे वापत चिकित्सक र सहयोगी कर्मचारीलाई प्रदान गरिने पारिश्रमिक ज्यादै न्यून भएकोले समय सापेक्ष रुपमा बढाउँदै लैजानु उपयुक्त हुने,

११. विशेषज्ञ चिकित्सकले शव परीक्षण गरी राय सहितको प्रतिवेदन दिँदा आफ्नो योग्यता, ज्ञान, सीप वा अनुभव समेत स्पष्ट खुल्ने गरी प्रतिवेदन दिनु पर्ने व्यवस्था भएमा विशेषज्ञताको पहिचान गर्न सजिलो र स्पष्ट हुने ।

१२. उपचारार्थ अस्पतालमा भर्ना भएको कुनै विरामीको मृत्यु भएकोमा प्रचलित कानून बमोजिम शव परीक्षण सम्बन्धी व्यवस्था हुनु पर्ने ।

१३. शव परीक्षण गर्ने विशेषज्ञ चिकित्सक जनशक्ति उत्पादन गर्न लगानी बढाउनको साथै आवश्यक तालिम, प्रशिक्षणको व्यवस्था गरी प्रत्येक जिल्लामा विशेषज्ञ चिकित्सकको उपस्थिति सुनिश्चित गर्ने व्यवस्था हुन उपयुक्त हुने ।

### ४.५.२ घाउ जाँच केश फाराम सम्बन्धी

मानव शरीर विरुद्धका अपराध जस्तै ज्यान मार्ने उद्योग, कुटपिट, यातना, आपराधिक बल प्रयोग, सवारी दुर्घटनाबाट अंगभंग आदिमा घाउ जाँच गर्नु पर्ने हुन्छ । घाउ जाँच गराउँदा कुनै आपराधिक घटनाको कारणबाट कसैको शरीरमा पुग्न गएको घाउ चोटको अवस्थाको गाम्भीर्यता, नाप र त्यसबाट हुने सक्ने असर आदि बारे जानकारी गराइएको हुन्छ । कतिपय अवस्थामा घाउ जाँच फाराममा उल्लेख हुने घाउको नाप, आकार, घाउ लागेको स्थान, त्यसको असर समेतका आधारमा दण्ड, सजाय, क्षतिपूर्ति र अन्य दायित्व निर्धारण गर्नुपर्ने हुन्छ । त्यसैले घाउ जाँच फारामबाट अधिकारको साथै दायित्वको सृजना हुने भएकोले तत्सम्बन्धी विशेषज्ञद्वारा घाउ जाँच गराउनु पर्ने व्यवस्था गरिएको हो । घाउ जाँच गर्दा सजायमा घटी बढी नपर्ने गरी घाउको नाप र अवस्था समेत खुलाई जाँच गर्नुपर्ने र जानी जानी दबाउने छिपाउने उद्देश्यले लेखिएकोमा जरिवाना समेत हुने व्यवस्था छ ।

विद्यमान कानूनी व्यवस्था अनुसार मुलुकी ऐन कुटपिटका महलको २ नं. मा उल्लेख भए अनुसार कुटपिट गर्दा आँखाको हेर्ने शक्तिहीन गरी वा आँखा फोरी अन्धो गरिदिएमा, नाकको सुंघ्ने शक्ति हरण गरिदिएमा, कानको सुन्ने शक्ति हरण गरी बहिरो गरिदिएमा, जिब्रोको बोल्ने शक्ति हरण गरिदिएमा, स्वास्नीमानिसको दूध काटी बेकम्मा गरिदिएमा, नल फलको पुरुषत्व शक्ति हीन गरी नपुंसक गरिदिएमा, मेरुदण्ड डँडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएमा अंगभंगको खत ठहर्ने व्यवस्था छ । यो व्यवस्था अनुसार कुटपिटबाट करङ भाँचिएमा पनि अंगभंगको खत मानिदैन । यस्तो व्यवस्थाको पुनरावलोकन जरुरी छ । सोही महलको २० नं. ले कुटपीट भएकोमा सकेसम्म चाडो नजिकको प्रहरी कार्यालय, गाउँ विकास समिति वा नगरपालिका वा सम्बन्धित मुद्दा हेर्ने अड्डामा गै जँचाउनु पर्ने व्यवस्था छ । त्यसरी जँचाउन आएमा नजिक अस्पताल वा सरकारी डिस्पेन्सरीमा पठाई उसको लेखोट बमोजिम र

अस्पताल वा सरकारी डिस्पेन्सरी नभएमा दुवै थरका नातेदार हकवाला भए तिनीहरू र कम्तीमा चारजना भलादमी राखी हेर्न लगाई जाँची ठहराई घाउ जाँचको मुचुल्का गराई लिनु पर्ने तथा गाउँ विकास समिति वा नगरपालिकाले जाँचेकोमा अधिकार क्षेत्र बाहिरको भए मुद्दा हेर्ने अड्डामा बुझाउनु पर्ने व्यवस्था छ । मुलुकी ऐनले गरेको घाउ जाँच सम्बन्धी यो व्यवस्था हालको सन्दर्भमा अव्यावहारिक सिद्ध भैसकेको हुँदा यसलाई समय सापेक्ष बनाउन आवश्यक छ । घाउ जाँचलाई स्पष्ट, व्यावहारिक र सरल बनाउनुको साथै पीडितप्रति न्यायको पहुँच बढाउनको लागि देहाय बमोजिम गर्न सुझाव प्रस्तुत गरिएको छ ।

१. ज्यान मार्ने उद्योग, कुटपिट, आपराधिक बल प्रयोग, सवारी दुर्घटना आदिको कारण घाउ चोट नील डाम समेत जाँच गरिपाउँ भनी प्रहरी कार्यालयबाट लेखी आएमा सरकारी चिकित्सक वा सरकारी मान्यता प्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीले घाउ चोटपटक नील डाम समेत जाँच गर्नु पर्ने व्यवस्था गर्नु उपयुक्त हुने ।

२. कुनै अपराधको अनुसन्धानका सिलसिलामा हिरासतमा राखिएको व्यक्तिलाई यातना दिइएको कारण कुनै घाउ, चोट, नील डाम परेको भन्ने मनासिव आधार देखाई पीडित वा निजका नजिकका नातेदारले सम्बन्धित अदालतमा निवेदन दिएमा सरकारी चिकित्सक वा सरकारी मान्यता प्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीबाट शारीरिक जाँच गराउने गरी अदालतले दिएको आदेश बमोजिम घाउ जाँच गर्नु पर्ने व्यवस्था गर्न उपयुक्त हुने ।

३. घाउ चोटको गाम्भीर्यताका आधारमा उपलब्ध भएसम्म एक भन्दा बढी चिकित्सक वा स्वास्थ्यकर्मीबाट घाउ जाँच गराउनु पर्ने व्यवस्था हुन उपयुक्त हुने ।

४. चिकित्सक वा स्वास्थ्यकर्मीले घाउ जाँच गरेपछि घाउ चोटको प्रकृति, प्रयोग भएको हतियार वा चीज वस्तुको किसिम, घाउ चोट निको भई काम दिन सक्ने, नसक्ने समेत उल्लेख गरी बाटाका म्याद बाहेक बहत्तर घण्टाभित्र **अनुसूची-२** बमोजिमको जाँच प्रतिवेदन सम्बन्धित कार्यालय वा अदालतमा पठाउनु पर्ने व्यवस्था गर्ने ।

५. कुनै महिलाको शरीरमा लागेको घाउ चोट, नील, डाम जाँच गर्नु परेमा उपलब्ध भएसम्म महिला चिकित्सकद्वारा गराउनु पर्ने र उपलब्ध नभए पुरुष चिकित्सकको निर्देशन बमोजिम महिलाद्वारा गराउने व्यवस्था हुनु पर्ने ।

६. घाउ जाँच गर्दा जानी जानी वा बद्नियतपूर्वक उल्लेख नगरी, छुटाई वा शरीरमा परेको घाउ चोट भन्दा बढी व्यहोरा लेखी घाउ जाँच गरेको प्रमाणित हुन आएमा त्यस्तो चिकित्सक वा स्वास्थ्यकर्मीलाई जरिवाना हुने व्यवस्था गरी विशेषज्ञ चिकित्सकलाई जिम्मेवार बनाउन उपयुक्त हुने ।

७. घाउ जाँच गराई पाउँ भनी निवेदन परेकोमा सम्बन्धित प्रहरी कार्यालयले चिकित्सक वा स्वास्थ्यकर्मी समक्ष घाउ जाँचको लागि नपठाएमा सम्बन्धित सरोकारवाला व्यक्तिले सोही व्यहोरा उल्लेख गरी सो प्रहरी कार्यालय भन्दा माथिल्लो प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सक्ने र त्यसरी निवेदन परेमा सो कार्यालयले घाउ

जाँचको लागि चिकित्सक वा स्वास्थकर्मी समक्ष पठाउनु पर्ने व्यवस्था गर्नु सान्दर्भिक हुने ।

### ४.५.३ शारीरिक जाँच प्रतिवेदन सम्बन्धी

कुनै पनि गम्भीर प्रकृतिको अपराधको अनुसन्धानका सिलसिलामा पक्राउ परेका व्यक्तिलाई हिरासतमा राख्नु पर्दा र थुनाबाट छोड्दा शारीरिक जाँच गर्नु पर्ने व्यवस्था यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३(२) ले गरेको छ । यो कानूनी व्यवस्था अनुसार कुनै व्यक्ति पक्राउ परी थुनामा राखिनु पूर्व निजको शरीरमा कुनै चोट पटक परेको थियो, थिएन भनी यकिन गर्न र थुनामा परेपछि यातना पाए नपाएको निश्चित गर्न शारीरिक परीक्षण गरिन्छ । पक्राउ परी हिरासतमा रहेपछि मुद्दा हेर्ने अधिकारी वा अदालतबाट म्याद थप गर्दा शारीरिक जाँचको लागि निवेदन दिन सक्ने व्यवस्था सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५(३) मा गरिएको छ ।

शारीरिक जाँच सम्बन्धी माथि उल्लेख गरिएको अवस्था बाहेक कुनै यौन हिंसाको कारणबाट सृजित अपराधका सम्बन्धमा पनि पीडित तथा पीडक दुवैको शारीरिक जाँच गर्नु पर्ने अवस्था आउँछ । अनुसन्धान अधिकारीले शारीरिक जाँचको लागि चिकित्सक वा स्वास्थ्यकर्मी समक्ष पठाइएका पीडित तथा पीडकको शारीरिक जाँचबाट देखिएको विवरण पठाउने ढाँचाको व्यवस्था हालको कानूनमा रहेको पाइदैन । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १२ मा पक्राउमा परेका व्यक्तिको रगत, वीर्य वा शरीरको कुनै अंग वा अन्य कुनै कुराको जाँच गरेमा अपराध सम्बन्धी प्रमाण उपलब्ध हुन सक्छ भन्ने आधार भएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी चिकित्सकद्वारा वा पुरुष चिकित्सकको निर्देशनमा महिलाद्वारा जाँच गराउनु पर्ने व्यवस्था समेत गरिएको छ । यो कानूनी व्यवस्था पीडित व्यक्तिको शारीरिक परीक्षणसँग सम्बन्धित छैन । तथापि शारीरिक परीक्षणका लागि व्यक्तिको गोपनियताको हक र सो परीक्षणका आधारमा दोषी पत्ता लगाउनु पर्ने राज्यको हितका बीच समुचित सन्तुलन कायम गर्न आवश्यक हुन्छ । शारीरिक परीक्षणलाई वस्तुपरक बनाउन, ढाँचागत व्यवस्था गरी एकरुपता कायम गर्न र विशेषज्ञ चिकित्सकलाई जिम्मेवार र जवाफदेही बनाई न्याय सम्पादनमा सहयोग गर्न देहाय बमोजिमको व्यवस्था गर्नु पर्ने समितिको सुझाव रहेको छ :

१. अपराध अनुसन्धानको सिलसिलामा कुनै पनि व्यक्तिलाई थुनामा राख्दा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी सेवामा रहेका चिकित्सक वा स्वास्थ्यकर्मीबाट त्यस्तो व्यक्तिको शारीरिक अवस्था जाँच गराई त्यसको अभिलेख राख्नु पर्ने व्यवस्थालाई अनिवार्य गर्नु पर्ने ।

२. अपराध अनुसन्धानका लागि प्रहरी हिरासतमा राखिएको व्यक्तिलाई कुटपिट वा अन्य यातना दिएको भन्ने प्रमाण निजको शारीरिक जाँचबाट उपलब्ध हुन सक्छ भन्ने मनासिब आधार सहित थुनामा रहेको व्यक्ति वा निजको तर्फबाट अरु कसैले निवेदन दिएमा अदालतले सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीबाट त्यस्तो व्यक्तिको शारीरिक जाँच गराउन आदेश दिन सक्ने व्यवस्था राख्नु उपयुक्त हुने ।

३. जबर्जस्ती करणी जस्ता यौन हिंसा सम्बन्धी अपराध अनुसन्धानको सिलसिलामा कसूरको प्रकृतिबाट सम्बन्धित व्यक्तिको रगत, वीर्य, रौं, शरीरका कुनै अंगको परीक्षण गर्दा कसूरसँग सम्बन्धित प्रमाण उपलब्ध हुन सक्छ भन्ने लागेमा अनुसन्धान अधिकारीले सरकारी चिकित्सक वा मान्यताप्राप्त प्रयोगशालामा त्यस्तो रगत, वीर्य, रौं वा शरीरका कुनै अंगको परीक्षण गराउन सक्ने व्यवस्था राख्नु पर्ने ।

४. यौन अपराधमा पीडितको शारीरिक परीक्षण गर्दा स्थलगत चोट (Injury due to Restraint), प्रतिकारका चोटपटक (Injury due to Resistance), करणीजनित चोटपटक (Parasexual Injury) र करणीजन्य चोट (Sexual Injury) छन्, छैनन् अवलोकन गरी विशेषज्ञको रुपमा रहेका चिकित्सकले देखिएका तथ्य र वैज्ञानिक परीक्षण सहित प्रतिवेदनमा उल्लेख गर्ने तर पीडितमा जबर्जस्ती करणी भएको छ वा छैन भन्न नसकिने भनेर राय प्रतिवेदन तयार गर्नु उपयुक्त नहुने,

५. कुनै महिलाको शारीरिक अंग जाँच गर्नु परेमा उपलब्धताका आधारमा महिला चिकित्सकद्वारा र त्यस्तो चिकित्सक उपलब्ध नभएमा पुरुष चिकित्सकको निर्देशनमा महिलाद्वारा गराउनु पर्ने व्यवस्थालाई अनिवार्य गर्नु पर्ने ।

६. सरकारी चिकित्सक वा मान्यताप्राप्त प्रयोगशालामा परीक्षणका लागि पठाइएका भौतिक सबूद आफूकहाँ प्राप्त भएको पाँच दिनभित्र परीक्षण गरी सो को राय प्रतिवेदन अनुसन्धान अधिकारी समक्ष पठाउनु पर्ने व्यवस्था गर्नु उपयुक्त हुने ।

७. शारीरिक जाँच सम्पन्न भएपछि विशेषज्ञ चिकित्सक वा स्वास्थ्यकर्मीले **अनुसूची -३** बमोजिमको ढाँचामा खुलाउनु पर्ने विवरण समेत उल्लेख गरी बहत्तर घण्टा भित्र सो को प्रतिवेदन अनुसन्धान अधिकारी समक्ष पठाउनु पर्ने व्यवस्था गर्न उपयुक्त हुने ।

८. फौजदारी अपराधमा उमेरका आधारमा अभियुक्तको आपराधिक दायित्व निर्धारण हुने गर्दछ । कतिपय अपराधमा पीडितको उमेरका आधारमा पनि पीडकलाई दायित्व निर्धारण हुने व्यवस्था रहेको छ । उमेरको विवाद भई अभियुक्त वा पीडितको उमेर जाँच गर्नु पर्ने भएमा विशेषज्ञको राय आवश्यक पर्दछ । शारीरिक बनावट, आकृति, विकसित भएका अंगको आधारमा समेत चिकित्सकीय परीक्षण (Clinical Examination) र एक्स रे ( Radiological Examination) लगायतको विशेष परीक्षण समेतका आधारमा **अनुसूची -४** बमोजिमको प्रतिवेदन दिने व्यवस्था गर्नु उपयुक्त हुने ।

९. उपलब्धताका आधारमा दुई वा सो भन्दा बढी संख्यामा विशेषज्ञ चिकित्सक वा स्वास्थ्यकर्मीबाट प्रतिवेदन लिनु पर्ने व्यवस्थालाई शारीरिक जाँच प्रतिवेदनका सम्बन्धमा समेत अनुशरण गर्नु पर्ने ।

### ४.५.४ प्रयोगशालामा भौतिक सबूद परीक्षण र राय प्रतिवेदन सम्बन्धी

अपराध अनुसन्धानका सिलसिलामा फेला परेका भौतिक सबूदहरू परीक्षण गर्नु पर्ने बाध्यात्मक कानूनी व्यवस्था छैन । अभियोजनात्मक पद्धति (Adversarial system) मा प्रमाणको भार अभियोक्तामा रहने, अभियुक्तले आफ्नो बिरुद्ध साक्षी हुन कर नलाग्ने (Privilege against self incrimination) सुविधाको उपयोग गर्नसक्ने हुँदा भौतिक सबूदको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

भौतिक सबूद परीक्षण गर्नका लागि आवश्यक पर्ने नमुना अभियुक्त वा सम्बन्धित पीडित व्यक्तिबाटै लिनुपर्ने हुन्छ । हालसम्मको कानूनी व्यवस्थाले त्यस्तो नमुना उपलब्ध गराउनु पर्ने दायित्वका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको पाइदैन । फौजदारी कानूनको मान्य सिद्धान्त अनुसार कुनै अपराध कबुल गर्न अभियुक्त बाध्य हुँदैन । तर प्रमाणको लागि आवश्यक नमुना लिने वा शरीरको कुनै भागको विवरण लिने कार्य आफ्नो बिरुद्ध साक्षी हुन कर नलाग्ने सुविधाको अपवादको रुपमा रहेको मानिन्छ । भौतिक सबूद परीक्षणलाई बाध्यात्मक नबनाइएको कारण अनुसन्धान तहकिकात साविती बयानमुखी (Confess oriented/statement oriented) हुन पुगेको छ । भौतिक सबूदले झूटो बोल्दैन भन्ने मान्यता अनुरुप पनि त्यस्तो प्रमाणको परीक्षणबाट प्राप्त हुने राय प्रतिवेदनले ठोस निष्कर्षमा पुग्न मद्दत गर्दछ । भौतिक सबूदको परीक्षणलाई प्रभावकारी बनाउन, प्रतिवेदनलाई स्पष्ट, सरल, सुलभ एवं बोधगम्य बनाउन, भौतिक सबूद परीक्षण सम्बन्धी राय प्रतिवेदनमा विशेषज्ञता समेत अभिव्यक्त हुने व्यवस्थाका लागि देहायका सुधार आवश्यक देखिएको छ :

१. फौजदारी अपराधको अनुसन्धानबाट वारदात एवं कसूर स्थापित गराउनको लागि भौतिक सबूदको प्रामाणिक मूल्य अग्रणी रहने भएकोले भौतिक सबूद संकलनमा जोड दिई त्यस्तो सबूद परीक्षणलाई बाध्यात्मक बनाएको खण्डमा अपराध अनुसन्धानबाट प्राथमिक प्रमाण (Primary evidence) बाट स्थापित तथ्य विश्वसनीय हुन्छ । तसर्थ उपलब्ध भौतिक सबूदको वैज्ञानिक परीक्षणलाई अनिवार्य गर्नुको साथै उच्च प्राथमिकता दिनु उपयुक्त हुन्छ ।

२. अभियुक्तले घटनास्थलमा छाडेका वा घटनास्थलमा फेला परेका भौतिक प्रमाण सुरक्षित तवरले संकलन नहुँदा वैज्ञानिक परीक्षणले सकारात्मक नतिजा नदिने भएकोले अनुसन्धान अधिकृतमा आवश्यक ज्ञान, सीपको विकास गरी सुरक्षित र संरक्षित तवरले प्राथामिक प्रमाण संकलन क्षमता विकास गर्नु पर्ने ।

३. परीक्षणका लागि पठाइएका कतिपय नमुना र सबूदहरू अपर्याप्त मात्राको कारण परीक्षण भए पनि ठोस राय प्रतिवेदन प्राप्त हुन सकेको छैन । यसबाट अनुसन्धान र अभियोजन नै प्रभावित हुने गरेको छ । तसर्थ परीक्षणको लागि नमुना संकलन गर्दा परीक्षण योग्य पर्याप्त मात्रामा संकलन गरी पठाउने र भौतिक सबूद परीक्षणलाई अनिवार्य बनाएको खण्डमा यो समस्या समाधान हुने देखिन्छ ।

४. परीक्षणका लागि पठाइएका प्रमाण ढिलो गरी परीक्षण हुँदा प्रतिवेदन प्राप्त गर्नमा ढिलाई हुने गरेकोले वैज्ञानिक राय प्रतिवेदन विना नै अनुमानका आधारमा अभियोजन गर्नु पर्ने बाध्यता रहन्छ । त्यसको अन्त्यका लागि परीक्षणका लागि बढी समय लाग्ने विशिष्ट प्रकृतिको परीक्षण गर्नुपर्नेमा बाहेक नमुना प्राप्त भएको मितिले सात दिनभित्रमा परीक्षण गरी प्रतिवेदन पठाउनु पर्ने र बढी समय लाग्नेमा अनुमानित समय सहितको जानकारी यथाशीघ्र छिटो अनुसन्धान अधिकारीलाई दिने व्यवस्था गर्नु उपयुक्त हुने ।

५. प्रयोगशाला पिच्छे विशेषज्ञ वैज्ञानिकले दिने गरेको परीक्षण प्रतिवेदन वा रायमा फरकपन देखिनुको साथै ढाँचागत एकरुपता आउन सकेको छैन । त्यसैगरी मिसिलको तथ्य एकातिर र परीक्षण प्रतिवेदनमा अभिव्यक्त राय अर्कोतिर भै तथ्यसँग सामञ्जस्यता नहुँदा

पनि अनुसन्धान र अभियोजन प्रभावित हुन पुगेको छ । तसर्थ एकपटक परीक्षण गरिएकोमा चित्त नबुझे त्यस्तो नमुना पुनः परीक्षणका लागि संरक्षण गर्ने र पुनः परीक्षण गराउने व्यवस्था हुनु आवश्यक छ ।

६. गैर काष्ठ वन पैदावार, वन्यजन्तुको आखेटोपहार, वनस्पति आदिको साथै परीक्षणका लागि प्राप्त नमुनाको वैज्ञानिक परीक्षण कुन प्रविधिमा आधारित भई परीक्षण गरिएको हो भन्ने बारे कतिपय प्रतिवेदनमा उल्लेख हुँदैन । परीक्षणमा अपनाइएको प्रविधि समेत उल्लेख गरी राय व्यक्त भएमा रायलाई स्पष्ट, विश्वसनीय र बोधगम्य बनाउन सकिन्छ ।

७. डि.एन.ए. परीक्षण सम्बन्धी कानूनी र संरचनात्मक व्यवस्था हुन सकेको छैन । वैज्ञानिक परीक्षणमा डि.एन.ए.को प्रामाणिक मूल्यका सम्बन्धमा समेत कानूनी व्यवस्था गर्नु आवश्यक छ ।

८. परीक्षण प्रतिवेदन सहितको रायमा विशेषज्ञको योग्यता, ज्ञान, सीप तथा अनुभव समेत खुलाई विशेषज्ञको आधिकारिकता पुष्टि गरी रायलाई विवादरहित बनाउन आवश्यक छ ।

९. औंठा छाप वा डि.एन.ए. जस्ता वस्तुको परीक्षणबाट निश्चयात्मक राय प्राप्त हुने प्रविधि प्रयोग गरी सूचकको मापदण्डका आधारमा प्रतिवेदन दिने संरचनात्मक आधार निर्माण गर्ने र विवादास्पद हस्ताक्षर परीक्षण गर्दा संकलित नमुनाका आधारमा लेखन शैली समेतबाट वैज्ञानिक परीक्षण गरी निश्चयात्मक राय दिने परिपाटीको विकास गर्न उपयुक्त हुने देखिन्छ ।

१०. विशेषज्ञ वैज्ञानिकले दिएको राय प्रतिवेदन कुन कुन आधार र तथ्यमा आधारित छ भन्ने पुष्ट्याई सहित राय प्रतिवेदन प्रस्तुत गर्नुको साथै एक जना विशेषज्ञले मात्र राय अभिव्यक्त गर्नुको सट्टा उपलब्धताका आधारमा दुई वा सो भन्दा बढी विशेषज्ञको समूहबाट राय प्रस्तुत गर्ने व्यवस्था गर्नु आवश्यक हुन्छ ।

११. भौतिक सबूदको परीक्षण, विशेषज्ञ वैज्ञानिकले दिने राय प्रतिवेदन एवं विधि विज्ञानका क्षेत्रमा देखा पर्ने समस्यालाई समाधान गर्न राष्ट्रिय विधि विज्ञान परिषद् (National Forensic Science Council) गठन गरी आवश्यक संयन्त्र निर्माण गरेमा यस सम्बन्धी समस्या समाधानमा सघाउ पुग्ने देखिन्छ ।

१२. भौतिक सबूद परीक्षण गरी विशेषज्ञले दिने राय निश्चितताका लागि भएकोले राय आफैमा वस्तुनिष्ठ र स्पष्ट हुन आवश्यक छ । आग्रह, पूर्वाग्रह, विचार, भाव वा अनुमानका आधारमा भन्दा वैज्ञानिक प्रविधि र विशेषज्ञताका आधारमा राय अभिव्यक्त हुनु पर्दछ । न्यायिक प्रक्रियामा बकपत्रबाट सो रायको न्यायिक परीक्षण हुने भएकोले राय तथ्य सापेक्ष र विवादरहित हुन आवश्यक छ । परीक्षणसँग सम्बन्धित प्रोटोकल राष्ट्रिय विधि विज्ञान परिषद्बाट निर्माण गरी लागू गरेमा यो समस्या समाधानमा सघाउ पुग्दछ ।

१३. विशेषज्ञ वैज्ञानिकले भौतिक सबूदको नमुना परीक्षण गर्दा निश्चयात्मक राय उपलब्ध गराउनका लागि आवश्यकता अनुसार परीक्षणका लागि पठाइएका नमुना खण्डीकरण गर्ने, छुट्टाउने र नष्ट गर्ने (Dismantle) समेतको अधिकार विशेषज्ञलाई प्रदान गर्नु

आवश्यक देखिन्छ । तर त्यसरी नमुना खण्डीकरण गर्नु पूर्व परीक्षण गर्न पठाइएको नमुनाको पुनः परीक्षण गर्न सकिने गरी विवरण समेत खुलाई साबुत अवस्थाको तस्वीर, रेकर्ड समेत सुरक्षित राख्नु पर्ने व्यवस्था गर्नु आवश्यक छ, साथै बहुमूल्य, पुरातात्विक र प्राचीन वस्तुहरुको नमुना परीक्षण गर्दा अपनाउनु पर्ने सुरक्षात्मक उपायहरु अवलम्बन गर्नु पर्ने देखिन्छ ।

१४. विधि विज्ञान प्रयोशालामा परीक्षणार्थ प्राप्त भएका भौतिक सबूद परीक्षण भई बाँकी रहेका नमुनाहरु जस्तैः भिषेरा, लागू औषध, रगत इत्यादि नष्ट गर्ने सम्बन्धमा आवश्यक समय सीमा कानूनद्वारा निर्धारण गर्नु पर्ने देखिन्छ ।

### ४.५.५ विशेषज्ञको बकपत्र र रायको न्यायिक परीक्षण सम्बन्धी

अपराध अनुसन्धानको सिलसिलामा विशेषज्ञ वा वैज्ञानिकले दिएको राय प्रतिवेदनमा असर पर्ने पक्षले न्यायिक प्रक्रियामा जिरह गरी परीक्षण गर्ने व्यवस्था प्रमाण कानूनले निर्धारण गरेको हुन्छ । फौजदारी मुद्दामा प्रमाणको भार वादी पक्षमा नै रहने भएकोले त्यसरी पेश भएका प्रमाण बारे अर्को पक्षले आफ्नो खण्डन वा समर्थन व्यक्त गर्न पाउने विषयलाई अधिकारको रुपमा ग्रहण गरिन्छ । विद्यमान कानूनी व्यवस्था अनुसार प्रमाण ऐन, २०३१ को दफा २३(१) ले विदेशी कानून, विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चेका सम्बन्धमा राय यकिन गर्नु परेमा अदालतले विशेषज्ञको राय प्रमाणमा लिन हुने व्यवस्था गरेको छ । कुनै व्यक्तिको हस्ताक्षर, धार्मिक, जातीय वा सार्वजनिक हक वा रीतिस्थितिका सम्बन्धमा, नाता सम्बन्ध बारे, खास शव्द वा शव्दको अर्थको यकिन गर्नु परेमा समेत व्यक्तिगत राय प्रमाणमा लिन सकिने व्यवस्था छ । उक्त दफा २३ को उपदफा (७) ले राय व्यक्त गर्ने व्यक्ति साक्षीको रुपमा आफैं अदालतमा उपस्थित भएमा मात्र त्यस्तो राय प्रमाणमा लिन हुने व्यवस्था गरेकोले रायको न्यायिक परीक्षण प्रमाणको रोहमा अनिवार्य रहेको छ । प्रमाण परीक्षणको क्रममा विशेषज्ञको राय तर्कसंगत रुपमा खण्डन नभए सो राय मान्नु पर्ने न्यायको सिद्धान्त समेत रहेको छ । विशेषज्ञबाट व्यक्त भएको रायको न्यायिक परीक्षण र विशेषज्ञको बकपत्रलाई प्रभावकारी बनाउन देहायका सुझाव प्रस्तुत गरिएको छ :

१. विशेषज्ञबाट अभिव्यक्त भएको राय अन्यथा प्रमाणित नभएको अवस्थामा पनि बकपत्रलाई अनिवार्य गर्नु उपयुक्त नहुँदा अन्यथा प्रमाणित नभएको अवस्थामा रायलाई उच्च प्रामाणिक महत्व दिनु आवश्यक छ ।

२. प्रमाण एवं न्यायको रोहमा आवश्यक देखिए विशेषज्ञबाट बकपत्र गराई राय प्रतिवेदनको पुनः पुष्टि गराउन सकिने भएकोले वास्तविक विवादका विषयहरूमा उत्पन्न द्विविधाबारे बकपत्र गरी अदालतलाई स्पष्ट पार्ने अवसरको रुपमा लिई बकपत्रका लागि विशेषज्ञ उपस्थित हुने परिपाटी र जिम्मेवारी विकास गर्नु पर्ने देखिन्छ ।

३. विशेषज्ञको बकपत्रका लागि तोकिएको मिति समयमा सम्बन्धित सरकारी वकील र न्यायाधीश समेत उपस्थित भई विशेषज्ञको बकपत्र गराउँदा राय प्रतिवेदनले सुझाव गरेको प्राविधिक र वैज्ञानिक विषयको थप स्पष्टता हुने भएकोले बकपत्रमा ध्यान दिनु आवश्यक छ ।

४. बकपत्रका लागि उपस्थित हुनुपर्ने विशेषज्ञ वा वैज्ञानिक साक्षी टाढा भै उपस्थित हुन नसक्ने अवस्था भएमा बन्दसवाल जारी गरी बुझ्न सकिने हुँदा विशेषज्ञ/वैज्ञानिकको बकपत्र गराउन बन्दसवाल जारी गर्ने प्रक्रियालाई समेत अवलम्बन गर्नु उपयुक्त हुने ।

५. विशेषज्ञ वा वैज्ञानिक साक्षीको मुख्य उद्देश्य दावी वा जिकिर लिएको कुरा सत्य हो भनी विशेषज्ञ साक्षीद्वारा प्रमाणित गराउनु हो । वैज्ञानिक परीक्षणबाट अभिव्यक्त भएको तथ्य पुष्टि हुने तथा सो भनाईलाई अर्को पक्षले जिरह गर्ने मौका समेत पाउने भएकोले बकपत्रमा जिम्मेवार पदाधिकारीको उपस्थिति सुनिश्चित गर्नु पर्ने हुन्छ ।

### ४.६ अन्तरनिकाय समन्वय सम्बन्धी सुधार

नागरिकहरूको हक अधिकार तथा स्वतन्त्रताको गैर-कानूनी ढंगबाट अपहरण हुन नदिन, समाजको शान्ति सुरक्षामा खलल पार्ने आपराधिक गतिविधिहरू नियन्त्रण गर्न, समाजमा शान्ति, सुरक्षा कायम राखी अपराधको नियन्त्रण र दण्डहीनताको अन्त्य गर्न फौजदारी न्याय प्रशासनको जिम्मेवारी वहन गर्ने निकायहरू बीच आपसी समन्वय र सहकार्य हुन आवश्यक छ । नतिजामूलक कार्य शैली नहुँदा काम गर्ने तर परिणामलाई महत्व नदिने तथा जिम्मेवारी र जवाफदेही नलिने हालको परिपाटीलाई अन्त्य गरी आ-आफ्नो कामका लागि सम्बन्धित पदाधिकारीलाई जवाफदेही र उत्तरदायी बनाउँदै परिणामका आधारमा मूल्यांकन र वृत्ति विकास गर्ने पद्धति निर्माण गर्नु जरुरी छ । अपराधको अनुसन्धान र अभियोजन गर्ने पदाधिकारी, भौतिक चीज वस्तुको परीक्षण गर्ने विशेषज्ञहरू तथा न्यायिक निकाय सबैले राज्यकै लागि कार्य गर्ने हुँदा यी निकायहरू बीच आपसी सम्बन्ध, सहकार्य र समन्वयबाट फौजदारी न्याय प्रशासनलाई गतिशील र प्रभावकारी बनाउन सकिन्छ । अपराधको अनुसन्धान तथा अभियोजनका लागि आवश्यक योग्यता, दक्षता, ज्ञान, सीपको विकास गर्नुका अलाबा अपराधको अनुसन्धान तथा अभियोजनलाई भौतिक सबूदमुखी एवं तथ्य, प्रमाण र कानूनका बीच समुचित समन्वय स्थापित गराउन सम्बन्धित पदाधिकारीबाट सम्पादन हुने कार्यमा जवाफदेही र उत्तरदायित्वको विकास गर्दै आपसी सहयोग र समन्वयात्मक रुपमा कार्य गर्ने वातावरण सिर्जना गर्नु आवश्यक छ ।

१. अनुसन्धानकर्ता जहिले पनि अभियोजनकर्ताको निकट रहेर काम गर्नुपर्ने हुन्छ । अभियोजन गर्ने अधिकारी अनुसन्धानकर्ता र न्यायिक निकाय बीचको पुलको रूपमा रहने हुँदा नेपाल सरकारको हक हित र सरोकार निहित रहेका मुद्दामा अनुसन्धान, अभियोजन र न्यायिक निर्णय गर्ने तीनवटै निकायको समन्वयबाट मात्र फौजदारी न्याय प्रशासनलाई प्रभावकारी बनाउन सकिन्छ । अनुसन्धानकर्ताले अभियोजनकर्ता समक्ष मिसिल फाइल बुझाए पछि आफ्नो जिम्मेवारी पूरा भएको ठान्ने, अभियोजनकर्ताले अभियोगपत्र दायर गरेपछि कारवाही र निर्णयप्रति चासो नराख्ने र न्यायिक निकायले निर्णय गरेपछि कार्यान्वयन पक्षमा ध्यान नदिने हो भने फौजदारी न्याय प्रशासनको दोषीलाई सजाय र पीडितलाई न्याय प्रदान गर्ने अभिष्ट पूरा हुन सक्दैन ।

२. लागू औषध सम्बन्धी कतिपय अपराधको अनुसन्धानका सिलसिलामा दुर्व्यसनीहरूले लागू औषध सेवन गरेको, नगरेको भन्ने सम्बन्धमा र परीक्षणको लागि प्राप्त नमुनाको जाँच गरी पठाउनु पर्ने स्पष्ट राय सहित अदालत समक्ष मुद्दा पेश हुनु अगावै यथाशक्य छिटो राय प्रतिवेदन पठाउने व्यवस्था हुनु पर्ने,

३. सरकारवादी मुद्दाका साक्षी गवाह र विशेषज्ञ साक्षीलाई समयमै उपस्थितिको सूचना प्रवाह गर्न सम्बन्धित निकायहरू बीच समन्वय गरी त्यस्ता विशेषज्ञ लगायतका सरकारी साक्षी गवाहको उपस्थितिको प्रत्याभूति गराउनु पर्ने देखिन्छ,

४. विशेषज्ञ साक्षीको बकपत्र गर्ने गराउने कार्यमा सरकारी वकीलले सक्रियता दर्शाई बकपत्रको क्रममा आफै उपस्थित हुने र विशेषज्ञ साक्षीको प्रामाणिक महत्व बुझी न्यायिक निकायबाट समेत समयमै बकपत्र गराउने व्यवस्था गर्ने,

५. विशेषज्ञ साक्षी मुद्दाका अन्य साक्षी भन्दा फरक र सार्वजनिक पदाधिकारी समेत हुन सक्ने भएका कारण उनीहरूलाई बकपत्र गर्दा प्राथमिकता प्रदान गर्ने र निर्णयकर्ता आफै उपस्थित भई बकपत्र गराउने व्यवस्था भएमा सरल एवं सुलभ र प्रेरणादायी हुने देखिन्छ,

६. अनुसन्धान गर्ने निकाय, अभियोजन अधिकारी र न्यायिक निकाय तथा विशेषज्ञलाई प्रचलित कानूनी व्यवस्था, कार्यविधि, विशेषज्ञको महत्व र प्रामाणिक मूल्य लगायत निर्णयमा पर्ने असर, आफ्ना निकायगत उद्देश्य तथा व्यावहारिक कठिनाई आदिका सम्बन्धमा अन्तरक्रिया तथा छलफल गरी समाधानका उपाय सुझाउने परिपाटी विकास गर्न आवश्यक छ,

७. अनुसन्धान, अभियोजन, न्यायिक निकाय तथा विशेषज्ञलाई एकै थलोमा उपस्थित गराई तालिम/प्रशिक्षण प्रदान गर्ने व्यवस्था भएमा एक अर्का निकायको आवश्यकता, सरोकार र समस्याबारे परिचित हुने र समाधानमा तत्परता आउने देखिन्छ ।

### ४.७ निष्कर्ष

व्यक्तिका कार्य वा अकार्य (Action or Omission) को परिणाम स्वरुप समाजमा घट्ने घटनाहरूलाई राज्यको विधायिकी शक्तिद्वारा अपराधको रुपमा घोषणा गरिएको हुन्छ । अपराधको घोषणा कानूनबाट मात्र हुने भएकोले कानूनको निर्माण, कानूनको कार्यान्वयन र कानूनको व्याख्या समेतका कार्यहरू राज्यका विधायिकी, कार्यकारिणी र न्यायिक निकायबाट सम्पन्न हुने गर्दछन् । फौजदारी न्याय अन्तर्गतको अभियोजनात्मक प्रणाली (Adversarial System) मा अपराध अनुसन्धान र अभियोजनको कार्य मूलतः कार्यकारिणीको अधिकारक्षेत्र अन्तर्गतको कार्य मानिन्छ। कार्यपालिका अन्तर्गतका निकायबाट सम्पन्न हुने अपराध अनुसन्धान र अभियोजनको कार्यलाई परम्परागत रुपमा मात्र नहेरी आधुनिक, वैज्ञानिक र प्रभावकारी बनाउनु पर्ने चुनौती हाम्रा सामु छन् । समयको विकाससँगै एक्काइसौं शताव्दीले ल्याएका फौजदारी न्याय क्षेत्रका हाँकलाई सम्बोधन गर्न कानूनमा सुधार गर्नु पर्ने, अनुसन्धान र अभियोजन कार्यमा सम्लग्न जनशक्तिको कार्यशैली परिवर्तन गर्नु पर्ने, स्रोत साधन विनियोजन र परिचालन गर्नु पर्ने, संरचनात्मक र संगठनात्मक सुधार गर्नु पर्ने र अपराध अनुसन्धानलाई अझ बढी विश्वसनीय र दिगो बनाउन वैज्ञानिक एवं प्राविधिक आधारमा अपराध अनुसन्धान गरी कुशल अनुसन्धान नै सफल अभियोजनको आधार बनाउन आवश्यक छ । समाज विकासको गतिसँगै विज्ञान र प्रविधिको पनि विकास भएकोले अपराधका आयाममा आएको परिवर्तनले फौजदारी न्याय प्रशासनलाई जटिल बनाएको छ । चुनौती हाम्रा सामु भए पनि समाधानका उपाय असंभव र हामीबाट टाढा छैनन् ।

शताव्दी अघि फ्रान्सको नेपोलियन कोडबाट प्रभावित भई वि.सं. १९१० सालमा बनेको मुलुकी ऐनलाई परिमार्जन गरी वि.सं. २०२० सालमा जारी भएको मुलुकी ऐनमा समयानुकूल संशोधन र सुधार गरिए पनि अन्तर्राष्ट्रिय कानून र मानव अधिकारप्रति नेपालले जनाएको प्रतिबद्धताबाट सृजित दायित्व (International Obligation) को कारण मुलुकी ऐनमा आधारित कार्यविधि कानून समेत समय सापेक्ष बनाउन आवश्यक ठानी फौजदारी कानूनको क्षेत्रमा अपराध संहिता, फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनसँग सम्बन्धित विधेयक र देवानी कानूनको क्षेत्रमा देवानी संहिता, देवानी कार्यविधि संहिता समेत व्यवस्थापिका-संसदमा पेश भई विचाराधीन रहेका छन् । कानूनको क्षेत्रमा देखिएका केही समस्याहरू यी विधेयक ऐनको रुपमा आएपछि केही हदसम्म सम्बोधन हुनेछन् । तथापि अपराध अनुसन्धान, भौतिक सबूदको वैज्ञानिक परीक्षण र विशेषज्ञको राय प्रतिवेदन सम्बन्धमा देखिएका समस्या समाधानका लागि अझै थप प्रयास गर्नु पर्ने आवश्यकता देखिएको छ ।

अपराध अनुसन्धानलाई बयानमुखी पद्धतिबाट सबूदमुखी पद्धतिमा रुपान्तरण गर्न सकेमा अनुसन्धान तहकिकातको कार्यलाई वस्तुगत र वैज्ञानिक बनाउन सकिन्छ । यसका लागि अनुसन्धान अधिकृतको चनाखो कार्यशैली, विशेषज्ञ तथा वैज्ञानिकको विश्लेषणात्मक तथा यथार्थपरक निष्कर्ष सहितको राय र अभियोजनकर्ताको व्यावसायिक दक्षता र क्षमताबाट अपराध अनुसन्धान र अभियोजन कार्यलाई वस्तुपरक बनाई दोषीलाई सजाय र पीडितलाई न्याय दिलाउने फौजदारी न्याय प्रशासनको उद्देश्य साकार पार्न सकिन्छ । अपराध अनुसन्धानमा प्रयोग भैरहेका कतिपय ढाँचाहरू अपूर्ण रहेको, कतिपय लिखतका ढाँचाको व्यवस्था नै नहुँदा अनुसन्धानमा एकरुपता र प्रभावकारिता आउन नसकेको, हालसम्मको कानूनी व्यवस्थामा भौतिक सबूद परीक्षणलाई बाध्यात्मक नबनाइएकोले भौतिक सबूद संकलन र परीक्षणमा पर्याप्त ध्यान नगएको, वैज्ञानिक परीक्षण प्रतिवेदन अभियोजन निर्णय हुनु पूर्व नै प्रस्तुत हुन नसकेकोले अभियोजन निर्णय नै प्रभावित हुने गरेको, विशेषज्ञको बकपत्रमा आवश्यक मात्रामा ध्यान दिन नसक्दा प्राथमिक तथ्य एवं प्रमाण (Primary fact and evidence) लाई वैज्ञानिक आधारमा स्थापित गराई कसूर कायम गर्ने कार्यमा वाञ्छित सफलता हासिल हुन नसकेको यथार्थता हामीबाट छिपेको छैन । यिनै वस्तु तथ्यलाई दृष्टिगत गरी विशेषज्ञ तथा चिकित्सकबाट प्राप्त हुने राय, बकपत्र सम्बन्धी कानून तथा ढाँचा परिमार्जन सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने कार्यक्षेत्र निर्धारण भई समितिको गठन भएकोले समितिले आफ्नो कार्यादेश अन्तर्गत रही सुझाव सहितको प्रतिवेदन तयार गरेको छ ।

विशेषज्ञ चिकित्सकबाट अभिव्यक्त हुने राय प्रतिवेदनले अपराधको अनुसन्धान र अभियोजन कार्यमा मात्र होइन वैज्ञानिक एवं प्राविधिक विषय समावेश भएका मुद्दामा न्याय सम्पादन गर्न अदालतलाई समेत सहयोग पुग्ने विश्वास लिन सकिन्छ । सरकारवादी मुद्दामध्ये राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतका मुद्दामा अभियुक्तलाई हिरासतमा राख्ने म्याद थप सम्बन्धमा रहेको कानूनी रिक्तता पूर्ति गर्न अत्यावश्यक देखिएको छ । वन्यजन्तुको शव परीक्षण सम्बन्धमा तत्सम्बन्धी विशेषज्ञको सहभागिता नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । अपराध अनुसन्धानको सिलसिलामा तयार गर्नुपर्ने केही लिखतको ढाँचागत रिक्तता र अपर्याप्तता पूर्तिका लागि ढाँचाको नमुना समेत अनुसूचीमा

समावेश गरिएको छ । अपराध अनुसन्धानका लागि विशेषज्ञ वैज्ञानिकको भूमिका अभिवृद्धि गरी अनुसन्धानलाई वैज्ञानिक, विश्वसनीय र सबूदमुखी बनाउन फौजदारी न्यायको क्षेत्रमा यस प्रतिवेदनले सुझाव गरेका विषयमध्ये कानूनी समस्याको हकमा सम्बन्धित कानूनमा संशोधन वा सुधारको प्रक्रियाबाट, नीतिगत विषयमा नीति निर्माणबाट र कतिपय प्रशासनिक प्रकृतिका विषयमा परिपत्रको माध्यमबाट समेत कार्यान्वयन भएमा समस्या समाधान गरी फौजदारी न्यायको उद्देश्य साकार हुनेमा विश्वस्त हुन सकिन्छ । प्रस्तुत प्रतिवेदनले सुझाव गरेका विषयमा सरोकारवाला निकायको राय सुझाव समेत लिई कार्यान्वयनमा ल्याउन उपयुक्त हुने व्यहोरा समेत अनुरोध गरेको छौं ।

## सन्दर्भ सामग्री (References)


१. नेपालको अन्तरिम संविधान, २०६३
२. प्रहरी ऐन, २०१२
३. हातहतियार खरखजाना ऐन, २०१९
४. मुलुकी ऐन, २०२०
५. केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७
६. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९
७. प्रमाण ऐन, २०३१
८. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९
९. वन ऐन, २०४९
१०. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
११. यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
१२. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
१३. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण नियमावली, २०३०
१४. प्रहरी नियमावली, २०४९
१५. वन नियमावली, २०५१
१६. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४
१७. सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५
१८. सरकारी वकील सम्बन्धी नियमावली, २०५५
१९. Aiyar, P.R. (1997) *Concise Law Dictionary,* Nagpur, Wadhwa.
२०. *Encyclopedia of Crime and Justice* (1983) V.1-3 London Collier Macmillan Publisher
२१. Rush, G.E. (1977), *Dictionary of Criminal Justice,* Boston, Holbrook Press.
२२. सिंह, टोपबहादुर (२०४६) *कानूनी शब्दकोष,* रत्न पुस्तक भण्डार, काठमाडौं
२३. Pradhananga, Dr.R.B. (2001), *Homicide Law in Nepal,* Ratna Pustak Bhandar, Kathmandu.
२४. Law Commission of India (1971), *Indian Penal Code,* New Delhi Ministry of Law.
*२५. अपराध संहिता, २०६७, फौजदारी कार्यविधि संहिता, २०६७ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयक, २०६७ काठमाडौं,*
२६. United Nations Office of the High Commissioner for Human Rights, (2004), *Istanbul Protocol,* Geneva.
२७. University of Minnesota, *The Minnesota Model Autopsy Protocol,* Minneapolis, United States.
२८. United Nations, *Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment*, 1984.
२९. United Nations, *Code of Conduct for Law Enforcement Officials, 1979.*

३०. United Nations, *Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power, 1985.*
३१. United Nations, *Convention on the Rights of Persons with Disabilities, 2006.*
३२. United Nations, *Convention on the Rights of the Child, 1989.*
३३. United Nations, *Guidelines on the Role of Prosecutors, 1990.*
३४. Sangraula, Dr. Yubraj (2010), *Jurisprudence The Philosophy of Law,* Kathmandu School of Law.
३५. T.U. Department of Forensic Medicine (2000), *Medico legal Investigation of Violent Deaths in Nepal,* Maharajgung Campus, Kathmandu.
३६. Chapman, Prof. Dr. A. Jay (2001), *Death and Deduction A Reasoned Approach to Forensic Pathology,* T.U. Institute of Medicine, Maharajgung Campus, Kathmandu.
३७. Subrahmanyan, B.V. (ed.) (1999), *Modi's Medical Jurisprudence and Toxicology,* Butterworths India, New Delhi
३८. Nijhawan, Vinod (2010), *Medical Law in View of Criminal Law,* Vinod Publications (P) Ltd. Delhi
३९. Council of Europe (1999), *Recommendation of the Committee of Ministers to Member States on the Harmonization of Medico-Legal Autopsy Rules.*
४०. epat (2010), *Trainer's Manual for the Forensic Olympics,* American Bar Association Training Course
४१. epat (2010), *Supplemental Manual for the Forensic Olympics* American Bar Association, Training Course.

अनुसूची -१

शव परीक्षण प्रतिवेदन

# AUTOPSY REPORT

प्रहरी कार्यालयको नामः- शव परीक्षण प्रतिवेदन नं. …….

Name of the Police Office: Autopsy Report No.

मृतकको नाम थरः- मुद्दा दर्ता भए दर्ता नं. र मितिः-

Name of the deceased : Case Reg.No. and Date :

वतनः- मुद्दा शीर्षकः-

Address : Case Title :

लिङ्गः- उमेरः-

Gender : Age :

लास सनाखत गरिदिने व्यक्तिको नाम, थर, वतनः-

Dead body identified by :

प्रहरी कार्यालयको छापः-

Seal of the Police Office :

प्रहरी कर्मचारीको नामः- दस्तखतः-

Name of the Police Personnel : Signature :

अस्पताल/शव परीक्षण गर्ने कार्यालयले भर्ने To be filled by the Hospital/Office

1. Date and hour of receipt of inquest papers and dead body:-
2. Date and hour of starting Autopsy:-
3. Date and hour of concluding Autopsy:-
4. Name of the Experts performing Autopsy:-
   (1)…………………. (2) ……………... (3) ……………….. (4) ……………….
5. Name of the Hospital:-
   General observation of the dead body (EXTERNAL EXAMINATION)

(1) Height (2) Weight (3) Physique

(4) Special identifying features (If an unknown body):-

(5) Post-Mortem changes present:-

(a) Rigor Mortis (b) Livor Mortis (c) Algor Morits

(6) External appearance: Condition limbs:

| | | |
|---|---|---|
| Eyes: | Mouth: | Vagina/penis |
| Ears: | Anus: | Urethra: |

(7) Injuries (size and site):- Ante mortem Perimortem Postmortem

| Ante mortem | Perimortem | Postmortem |
|---|---|---|
| 1) | 1) | 1) |
| 2) | 2) | 2) |
| 3) | 3) | 3) |
| 4) | 4) | 4) |

INTERNAL EXAMINATION

(A) HEAD AND NECK:

1) Skull, brain and cerebral vessels:-
2) Orbital, nasal and aural cavities:-
3) Mouth, tongue:-
4) Neck, larynx, thyroid and other neck structures:-
5) Other relevant details:-

(B) CHEST (THORAX)

1) Ribs and chest wall:-
2) Diaphragm:-
3) Oesophagus:-
4) Trachea and bronchi:-
5) Pleural cavities:-

6) Condition of lungs:-

7) Heart and pericardial sac:-

(C) ABDOMEN

1) Stomach and content :-

2) Small intestine:-

3) Large intestine:-

4) Liver, gall bladder, bleary Passages:-

5) Spleen:-

6) Kidney, reral pelvis, urethras:-

7) Pelvic walls:-

8) Genital organs:-

9) Urinary bladder and urethra:-

(D) SPINAL COLUMN

1) Spinal column:-

2) Spinal cord:-

3) Any additional remarks:-

(E) SPECIMEN COLLECTED FOR ANALYSIS

1) Stomach with contents:-

2) Small intestine and contents:-

3) Sample of liver:-

4) Kidney:-

5) Spleen:-

6) Sample of blood:-

(F) ITEMS HANDED OVER FOR INVESTIGATION

1) Autopsy Report:-
2) Inquest paper if any:-
3) Dead body:-
4) Viscera and other contents:-
5) Clothes and other articles:-

(G) APPROXIMATE TIME SINCE DEATH

(H) OPINION:- The cause of death to the best of our knowledge and observation;

मृत्युको कारण (नेपालीमा) :

(I) SIGNATURE OF MEDICAL OFFICER/EXPERT

(1 ) Name ………………………...   (2) Name …….…………………….

(3) Name ……………………..…..…   (4) Name ………..……………..

(J) SPECIAL QUALIFICATION, TRAINING AND EXPERIENCE

(K) SEAL OF THE HOSPITAL

(L) DATE

अनुसूची-२

घाउ जाँच केश फाराम

INJURY EXAMINATION REPORT

मुद्दा दर्ता भए दर्ता नं. Case Registration No.  मुद्दाको नामः Case Name

(क) प्रहरी कार्यालयले भर्नेः

(A) To be filled by the Police Office:

घाउ जाँच गर्न पठाउने प्रहरी कार्यालयको नामः-  छापः

Name of the Police Office referred for injury examination :  Seal:

निवेदकको नाम, थर, वतनः-

Name and address of the petitioner :

निवेदन दर्ता नं. र मितिः-

Date and Registration No. of petition :

घाइतेको नाम, थर, उमेर र लिङ्गः-

Name, age and gender of the injured person :

घाइतेको वतनः-

Address :

घाउ जाँच गराउन लिई जाने प्रहरी कर्मचारीको नाम र दर्जाः-

Name of the police personnel referred for injury examination :

(ख) अस्पताल/स्वास्थ्य केन्द्रले भर्नेः-

(B) To be filled by the Hospital/Health Centre :

1) Name of the Hospital/Health centre:-
2) Date, time and place of examination:-
3) Consent of the patient:-

(क) घाइते आफै (ख) परिवार वा अन्य सहयोगी

Injured person Family member or other

4) Nature of injury size and site:-

लम्बाई, चौडाई, गहिराई (Length, breadth, deepness)

A.

B.

C.

D.

E.

5) Type of injury

A. Fracture:-

B. General:-

C. Old injury:-

D. Other:-

6) Type of weapon/object used:-

धार भए, नभएको (Sharp weapon or not)

लाठो (Stick):- ढुङ्गा (Stone):- हतियार (Arms):-

खुकुरी (Khukuri):- छुरी (Knife):-

7) Condition of the patient:-

8) Whether fatal or not:-

9) Other remarks:-

10) निको हुने, नहुने :-

Reviving chance :

11) कति समय लाग्ने :-

Reviving time :

12) कति प्रतिशत निको हुने :-

Reviving percentage :

(क) पूरै (Cent percent) (ख) आंशिक (Partial)

Name of the Examiner:-

Signature:-

Designation:-

Office/Hospital/Health Centre:-

Date:-

Seal of the Hospital/Health Centre:-

# अनुसूची -३

## यौनजन्य अपराध सम्बन्धी शारीरिक परीक्षण प्रतिवेदन

## REPORT OF MEDICAL EXAMINATION IN SEXUAL OFFENCE

मुद्दा दर्ता भए दर्ता नं. Case Registration No. मुद्दाको नाम: Case Name

१. नाम/परिवर्तित नाम:

Name/Changed Name:

२. ठेगाना:

Address:

३. वैवाहिक स्थिति:

Marital status:

४. परीक्षणको लागि पठाउने कार्यालय:

Name of the office referred for examination:

५. परीक्षणको लागि ल्याएको मिति र समय:

Date and Time:

६. परीक्षण गरिने व्यक्तिको उमेर:

Age of the examinee:

७. आमा, बाबु वा पतिको नाम:

Mother/Father/Husband's Name:

८. परीक्षणमा रोहवरमा बस्नेको नाम:

Examined in presence of:

९. लिङ्ग:

(Gender):

**१०. परीक्षणका लागि मञ्जुरी:** शारीरिक जाँचको प्रक्रिया र त्यसबाट आउन सक्ने परिणामका बारेमा पूर्ण जानकारी लिदै कसैको दबाबमा नपरी आफ्नो इच्छा अनुसार सो जाँचका लागि मञ्जुरी प्रदान गर्दछु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

परीक्षण गरिने व्यक्ति/संरक्षक वा अभिभावकको दस्तखत :

औठाको छाप

**Consent for examination:**

I am fully aware about the process and possible consequences of the examination, I hereby give my full consent for medical examination without any compulsion.

| Right | Left |
|---|---|
| | |

Sign of Examinee /Guardian: Finger Print

११. घटनाको छोटकरी विवरणः

Brief of the incident and medical history:

१२. घटनामा लगाएका कपडा फेरिएको छ, छैनः

Clothes changed or not:

१३. घटनापछि कपडा धोएको वा शरीर पखालेको छ, छैनः

Whether clothes and body parts washed or not after the incident:

१४. बाहिरी कपडाको जाँच गर्दा देखिएको विवरणः

Description of the examination of clothes:

१५. **सामान्य परीक्षणः**

General Examination:

१. उचाई Height : २. तौल Weight :

३. शारीरिक विकास Development of body part : ४. यौनाङ्गको अवस्था Condition of genital parts :

५. कुनै अपाङ्गता भए, नभएको Any disabilities or not :

६. शरीरमा लागेका चोटपटकः Injuries on the body :

| | |
|---|---|
| (१) | (४) |
| (२) | (५) |
| (३) | (६) |

१६. यौनाङ्गको परीक्षणबाट देखिएको विवरण Details of examination of genitals:

| | |
|---|---|
| (१) | (४) |
| (२) | (५) |
| (३) | (६) |

१७. परीक्षणका लागि विशेष नमुना संरक्षण Specimen preserved for further analysis:

| | |
|---|---|
| (1) Vaginal smear | (4) Semen specimen |
| (2) Vaginal swab | (5) Blood |
| (3) Pubic hair/ foreign hairs | (6) Stained clothes |

१८. विशेषज्ञको राय Opinion of the Experts:

| | | |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |
| Signature | Signature | Signature |
| नामः ............................ | नामः............................ | नामः................................ |

अस्पताल वा स्वास्थ्य केन्द्रको नामः छाप

Name of the Hospital/Health Centre: Seal:

परीक्षण गरेको मिति र समयः

Examination Date and Time:

अनुसूची -४

## उमेर जाँच सम्बन्धी प्रतिवेदन

## REPORT OF AGE DETERMINATION

मुद्दा दर्ता भए दर्ता नं. Case Registration No.    मुद्दाको नामः Case Name

१. नाम/परिवर्तित नामः
Name/Changed Name:

२. परीक्षण गराउन ल्याएको मितिः
Date and Time of examination:

३. ठेगानाः
Address:

४. आमा, बाबु वा संरक्षकको नामः
Mother/ Father/Guardian's Name:

५. उमेर जाँच गर्न पठाउने कार्यालयः
Name of the referred office for age determination:

६. उमेर परीक्षणमा रोहवरमा बस्नेको नामः
Examined in presence of:

७. उमेर जाँचका लागि सहमतिः
Consent for age determination:

७. लिङ्गः
Gender:

म कसैको दबाबमा नपरी आफ्नो इच्छा अनुसार उमेर जाँचका लागि पूर्ण सहमति प्रदान गर्दछु ।

(I hereby give my full consent for age determination without any compulsion)

सम्बन्धित व्यक्तिको दस्तखतः
Signature of concerned person
अभिभावक वा संरक्षकको दस्तखत
Signature of guardian

८. चिकित्सकीय जाँचबाट देखिएको विवरणः
Details of Clinical examination

९. विशेष परीक्षणबाट देखिएको विवरणः
Details of Radiological examination

१०. विशेषज्ञको रायः
Experts opinion

परीक्षण गर्ने विशेषज्ञ चिकित्सकको दस्तखतः
Signature of the Experts
अस्पताल/स्वास्थ्य केन्द्रको नामः
Name of the Hospital/Health Centre
छापः
Seal
मिति र समयः
Date and Time

अनुसूची -५

## सनाखत मुचुल्का

**.............. प्रहरी कार्यालयबाट खडा गरेको मानिस सनाखत मुचुल्का**

श्री ...................................... को छोरा ................. जिल्ला ............................. गाउँ विकास समिति/नगरपालिका वडा नं. ............. बस्ने वर्ष .......... को .................................. आगे मिति ......................... मा ........................ गाउँ विकास समिति/नगरपालिका वडा नं. ........ मा ............................. मुद्दासँग सम्बन्धित अपराध हुँदाका अवस्था/सो स्थानमा म उपस्थित रहेको/घटनाबाट पीडित भएकोले कसूर गर्ने व्यक्तिलाई कानून बमोजिम सनाखत गर्न ...................... प्रहरी कार्यालय ....................... बाट मलाई उपस्थित गराइएकोले जाहेरी दरखास्त लगायतका संकलित मिसिल कागजात पढी बाँची सुनाउँदा सुने, मेरो चित्त बुझ्यो । कानून बमोजिम सनाखत गराउन उपस्थित गराइएका पाँच जना व्यक्ति मध्ये बायाँबाट क्रमशः ..................... नं. मा रहेका देहायका व्यक्तिलाई सो घटना घट्दाका बखत मैले देखेको र निजको शारीरिक बनावट, रुप रंग र आकृतिबाट चिनेकोले निज सोही व्यक्ति हो भनी सनाखत गरी दिएको छु । निजलाई सो वारदात हुँदाका अवस्था मैले नदेखेको र निजको शारीरिक बनावट, रुप रंग र आकृति समेत फरक परेको हुँदा निज सो व्यक्ति हो भनी सनाखत गर्न नसकेको/व्यहोराको मुचुल्का गरिदिएको छु ।

सनाखत गर्ने व्यक्तिको नाम, थर वतन, उमेर र दस्तखत :

सनाखत गराइएको स्थानः

मेरो सामुन्ने आज मिति ..................... मा निज ........................... ले मलाई .................. प्रहरी कार्यालयमा सनाखत गरेको ठीक साँचो हो भनी दस्तखत गर्ने सनाखत गरिएको व्यक्तिको नाम, थर, वतन, उमेर र दस्तखत :-

रोहवर : जाहेरवाला : प्रतिवादी :

सनाखत गराउने अनुसन्धान अधिकृतको नाम, थर, दर्जा र दस्तखत :-

सनाखत गरेको मितिः-

अनुसूची -६

## बरामदी/खानतलासी मुचुल्का

श्री ………………… प्रहरी कार्यालय ……………… बाट ………………… गा.वि.स./नगरपालिका वडा नं. ………… (स्थान) मा खडा गरिएको …………… अपराधसँग सम्बन्धित चीज वस्तु/ठाउँ/मानिसको शरीरको बरामदी/खानतलासी मुचुल्का ।

१. जाहेरी दरखास्त वा अपराधको सूचनाको छोटकरी विवरण :-

२. खानतलासी गर्ने अधिकारी वा कर्मचारीको अग्रिम तलासी लिनुपर्ने भए सो लिएको विवरण:

३. बरामदी/खानतलासी गरिएको चीज वस्तु/ठाउँ/मानिस रहेको चार किल्ला सहितको विवरण:

४. बरामद भएको अपराधसँग सम्बन्धित सामान वा दसीको विवरण:

५. देखे बमोजिम दस्तखत गर्ने साक्षीहरुको नाम, थर, वतन, उमेर दस्तखत:

(क)

(ख)

(ग)

६. रोहवरमा बस्नेहरुको नाम, थर, वतन उमेर र दस्तखत:

(क) अनुसन्धान अधिकृतले मेरो घर, चीज वस्तु, शरीर खान तलासी लिदा आफ्नो तलासी दिई इज्जतसाथ मेरो तलासी लिएको र घरको वा मेरो कुनै सामान हिनामिना भएको छैन भनी दस्तखत गर्ने ………………… जिल्ला ………………… गा.वि.स./नगरपालिका वडा नं. ………………… स्थान बस्ने ……………………….

(ख) जाहेरवालाको नाम, थर, वतन ……………………… उमेर ……… दस्तखत: …………………

(ग) अभियुक्तको नाम, थर, वतन ………………………… उमेर …… दस्तखत: ………………..

बरामदी, खानतलासी समेतको काम तामेल गर्न खटिएका अनुसन्धान अधिकृत:

अन्य कर्मचारीहरु:

७. मिति :

८. समय:

अनुसूची -७

## दसी सनाखत मुचुल्का

श्री ..................... प्रहरी कार्यालय .................... बाट बाट खडा भएको दसी सनाखत मुचुल्का

श्री .................................... को छोरा .................. जिल्ला .............................. गाउँ विकास समिति/नगरपालिका वडा नं. ............. बस्ने वर्ष ........... को .................................... आगे .......................... को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी ........................ भएको .............................. मुद्दामा घटनास्थल .................... मा फेला परेको/ .......................... स्थानमा/............................ शरीर तलासी लिदा फेला परेको/प्रतिवादीले अपराध गर्दा प्रयोग गरेको अपराधसँग सम्बन्धित देहायको चीज वस्तु वा दसी अनुसन्धान अधिकृतबाट आज मलाई देखाउँदा देखें, पहिचान गरी सनाखत समेत गरें । उक्त चीज वस्तु वा दसी मैले अपराध गर्दाका अवस्थामा प्रयोग गरेको/अनुसन्धान अधिकृतबाट खान तलासी लिदा फेला परी बरामद भै आएको चीज वस्तु वा .......................... दसी हो भनी सनाखत गरिदिएको छु फरक छैन, फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी यो सनाखत मुचुल्का गरिदिएको छु ।

सनाखत गर्ने व्यक्तिको नाम, थर, वतन .............................. उमेर ......... दस्तखतः ..................... सनाखत गरेको चीज वस्तु/स्थान/दसीको विवरणः

सनाखत गराइएको स्थानः

<u>रोहवरमा बस्नेको दस्तखत</u>

(क) मेरो सामुन्ने .................................. ले आज मिति .................... मा .............................. कार्यालय ........................ मा उपर्युक्त चीज वस्तु वा दसी सनाखत गरेको ठीक साँचो हो भनी दस्तखत गर्ने ................ जिल्ला .................. गा.वि.स./नगरपालिका वडा नं. ........................ स्थान बस्ने वर्ष .............. को जाहेरवाला/प्रतिवादी .................................

(ख) ..................................................

(ग) ..................................................

सनाखत गराउने अनुसन्धान अधिकृतको नाम, थर, दर्जा र दस्तखतः

सनाखत गरेको मितिः

अनुसूची -८

# वैज्ञानिक परीक्षण प्रतिवेदन

# FORENSIC EXAMINATION REPORT

मुद्दा नं. मिति :

**Case No :** **Date :**

| | | | |
|---|---|---|---|
| पठाउने<br>**Referee :**<br>मिति :<br>**Date :** | | मार्फत :<br>**Carried by :**<br>मिति :<br>**Date :** | |
| पत्र संख्या :<br>Letter No. | च.नं. :<br>Ref. No. | पत्र संख्या :<br>Letter No. | च.नं. :<br>Ref. No. |
| प्राप्त मिति :<br>**Received Date :**<br>वाहक :<br>**Carried by :** | | टाँचा :<br>**Seal :** | |

**परीक्षण गरिएका सामग्रीहरु :**

**Analyzed samples**

**शंकित नमुना :**

**Questioned sample :**

**आधिकारिक ज्ञात नमुना :**

**Authentic controlled sample :**

विशेषज्ञको राय :

**Expert opinion**

| | | |
|---|---|---|
| **दस्तखत** | **दस्तखत** | **दस्तखत** |
| **Signature** | **Signature** | **Signature** |

उपर्युक्त परीक्षण मैले/हामीले गरेका हुँ/हौं । मैले/हामीले जानेबुझेसम्म यो प्रतिवेदन ठीक तथा सत्य छ ।

**Above analysis is done by me/us. To the best of my/our knowledge the report is true and correct.**

यस सम्बन्धमा पुनः पत्राचार गर्नु परेमा वा अदालतमा बकपत्र गराउनु परेमा माथि उल्लेखित मुद्दा नं. उल्लेख गर्नु होला ।

**Please refer the above case number in case of further correspondence and deposition in the before court room.**

**नमुना विवरण**
**Description of sample**

| | |
|---|---|
| **मुद्दा नं.**<br>**Case No.** | |
| **संकेत नं.**<br>**Symbol No.** | **विवरण**<br>**Details** |
| **शंकित नमुनाहरु**<br>**Questioned sample** | |
| **आधिकारिक ज्ञात नमुना :**<br>**Authentic controlled sample :** | |
| **परीक्षण विवरण**<br>**Examination Details** | |

अनुसूची -९

# डि.एन.ए. परीक्षण प्रतिवेदन

# DNA EXAMINATION REPORT

| | |
|---|---|
| मुद्दा नं. | मिति : |
| **Case No :** | **Date :** |

| | | | |
|---|---|---|---|
| पठाउने<br>**Referee :**<br>मिति :<br>**Date :** | | मार्फत :<br>**Carried by :**<br>मिति :<br>**Date :** | |
| पत्र संख्या :<br>Letter No. | च.नं. :<br>Ref. No. | पत्र संख्या :<br>Letter No. | च.नं. :<br>Ref. No. |
| प्राप्त मिति :<br>**Received Date :**<br>वाहक :<br>**Carried by :** | | टाँचा :<br>**Seal :** | |

**परीक्षण गरिएका सामग्रीहरु :**

**Analyzed samples**

**शंकित नमुना :**

**Questioned sample :**

**आधिकारिक ज्ञात नमुना :**

**Authentic controlled sample :**

विशेषज्ञको राय :

**Expert opinion**

| | | |
|---|---|---|
| **दस्तखत** | **दस्तखत** | **दस्तखत** |
| **Signature** | **Signature** | **Signature** |

उपर्युक्त परीक्षण मैले/हामीले गरेका हुँ/हौं । मैले/हामीले जानेबुझेसम्म यो प्रतिवेदन ठीक तथा सत्य छ ।

**Above analysis is done by me/us. To the best of my/our knowledge the report is true and correct.**

यस सम्बन्धमा पुनः पत्राचार गर्नु परेमा वा अदालतमा बकपत्र गराउनु परेमा माथि उल्लेखित मुद्दा नं. उल्लेख गर्नु होला ।

**Please refer the above case number in case of further correspondence and deposition in the before court room.**

**नमुना विवरण**
**Description of sample**

| | |
|---|---|
| **मुद्दा नं.**<br>**Case No.** | |
| **संकेत नं.**<br>**Symbol No.** | **विवरण**<br>**Details** |
| **शंकित नमुनाहरु**<br>**Questioned sample** | |
| **आधिकारिक ज्ञात नमुना :**<br>**Authentic controlled sample :** | |
| **डि.एन.ए. परीक्षण विवरण**<br>**DNA Examination Details** | |